सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ कात्तिक २०८२, बुधबार (12 Nov 2025, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २०२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

संविधान मिचेर मुख्यमन्त्री नियुक्ति प्रकरण

बाहिर विपक्षी दलहरूको प्रदर्शन, भित्र मुख्यमन्त्रीको पदभार

शपथ गराउन प्रदेश प्रमुखलाई दबाब दिएको मुख्यमन्त्री यादवको स्वीकारोक्ति

कांग्रेसलाई नेतृत्व दिन सबै दल सहमत भए राजीनामा गर्न तयार



नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवलाई स्कर्टिङ गरेर मधेश भवनभित्र लैजाने क्रममा प्रहरी र प्रदर्शनकारीबिच भएको झडप

जनकपुरधाममा **हदिश खुद्दार**

विपक्षी सात दलका सांसद तथा नेता-कार्यकर्ताको विरोधका बाबजुद मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले मंगलबार पदभार ग्रहण गरेका छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव लालबाबु कवारीले मुख्यमन्त्री यादवलाई पदभार ग्रहण गराएका हुन्।

सर्वोच्चको आदेशले कामचलाऊ बन्यो मधेश सरकार

यादवले जनकपुरधामस्थित मधेश भवनभित्र रहेको कभर्डहलमा अपराह्न ४:३० बजे पदभार ग्रहण गरिहँदा बाहिर प्रदर्शन र झडप भइरहेको थियो। गत २३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आगजनी भएकाले कार्यालय कवर्डहलमा सारिएको छ। मुख्यमन्त्री यादवको नियुक्ति असंवैधानिक प्रक्रियाबाट भएको भन्दै विपक्षी दलहरू सोमबार बिहानैदेखि मधेश प्रदेश भवनअगाडि धर्ना तथा प्रदर्शनमा रहेकाले पदभार ग्रहण गर्न सकेका थिएनन्। तर, प्रदर्शन भइरहेकै वेला सुरक्षाकर्मीले स्कर्टिङ गरेर यादवलाई मंगलबार अपराह्न ४:३० बजे मधेश भवनभित्र प्रवेश गराएका थिए।

नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवलाई स्कर्टिङ गरेर मधेश भवनभित्र लैजाने क्रममा प्रहरी र प्रदर्शनकारीबिच झडपसमेत भएको छ। प्रदर्शनकारीलाई तितरबितर पार्न प्रहरीले लाठीचार्ज गर्दा

» पृष्ठ २ मा क्रमशः

सरकारलाई गिज्याइरहेको एउटा पुल

पप्पु-लुम्बिनी बिल्डर्स जेभीले तीन वर्षमा सक्ने सर्तमा ०६८ मा ठेक्का पाएको सिराहास्थित कमला नदीको पुल १० वर्षपछि ०७८ मा बल्लतल्ल तयार भयो, तर सञ्चालनमा नआउँदै भासियो, त्यसयता पनि फेरि थप चार वर्ष सकिइसक्यो, तर पुल बन्ने सुरसार छैन

● पुल नबन्दा प्रादेशिक अस्पताल सिराहाबाट रेफर गरिएका बिरामी ३१ किमिको दूरीमा रहेको जनकपुर पुग्न चोहर्वा, मिर्चैया, ढल्केबर हुँदै करिब ९० किलोमिटर घुमेर जानुपर्ने बाध्यतामा

■ पुल अलपत्र पार्ने ठेकेदार जब्बर, प्रदेशदेखि केन्द्रसम्मका सरकार लाचार



हरिनारायण रौनियार 'पप्पु' **पप्पु कन्स्ट्रक्सन**



विष्णुप्रसाद शर्मा **लुम्बिनी बिल्डर्स**

३० मंसिर ०७१ मा सक्नुपर्ने कमला पुलको आठौँपटक थपेको म्यादसमेत गत असारमा गुज्रिसकेको छ। तर, पुल निर्माणमा चासो नै छैन। सांसदहरू नै धर्नामा बसे, स्थानीय संघर्ष समिति बनाएर आन्दोलनमै छन्, तैपनि प्रदेश र संघ सरकारले केही गर्न सकेको छैन।

लहानमा **मणिलाल विश्वकर्मा**

पप्पु कन्स्ट्रक्सन-लुम्बिनी बिल्डर्स जेभीले तीन वर्षमा सक्ने सर्तमा ०६८ मा ठेक्का पाएको सिराहास्थित कमला नदीको ४६९.२ मिटर लामो पक्की पुलको हालतले देशको विकासलाई सदृश्य चित्रण गरेको छ। तीन वर्षमा सक्नुपर्ने पुल ठेकेदारले १० वर्ष लगाएर ०७८ मा बल्लतल्ल अन्तिम चरणमा पुऱ्याएको थियो, तर सञ्चालनमा नल्याउँदै पुल नै भासियो। यति गम्भीर लापरबाही गरेको पप्पु-लुम्बिनी बिल्डर्सले नै पुनः पुल तयार पार्ने ठेक्कामा निरन्तरता पायो। तर, त्यसयता पनि फेरि चार वर्ष सकिइसक्दा पुलको हालत उस्तै छ।

» पृष्ठ २ मा क्रमशः



■ नदी वारपार गर्न डुंगाको भर

कमला पुल निर्माण नहुँदा हिउँदमा बाँस र मोटो प्लाई हालेर अस्थायी पुल बनाइन्छ भने बर्खामा डुंगाको भरमा नदी वारपार गर्नुपर्ने बाध्यता छ। यसपटक मध्यकात्तिकको बाढीले अस्थायी पुल बगाएपछि स्थानीय बासिन्दा डुंगाको भरमा छन्। पछिल्लो असोज र कात्तिक पहिलो साता आएको बाढीले कमला नदीको दुवैतर्फ कटान गरेको छ।



कमलासँगै जोडिएको सिराहा नगरपालिका- ६, बसबिट्टा गाउँका ७० वर्षीय गंगा साह भन्छन्, 'बाढीले पुल भासिएपछि पाँच गाउँका बासिन्दालाई दैनिक आवतजावत गर्न ठुलो कष्ट छ। पुलमा धेरैपल्ट नेताहरू फोटो खिचेर फर्किए, तर पुल कहिल्यै बनेन।'

श्रीमतीसहित धनुषाको जनकनन्दनी गाउँपालिकाअन्तर्गत पतनुका गाउँमा पर्ने ससुराली हिँडेका सिराहाको मिर्चैया नगरपालिका- ९, घुर्मीका राजेशकुमार साहले हरेकपल्ट सास्ती भोग्दै ओहोरदोहोर गरिरहेको गुनासो गरे। भासिएको कमला पुलको करिब सय मिटर दक्षिण नदीकिनारमा डुंगा पर्खिदै गरेका साहले भने, 'श्रीमती र छोराछोरी लिएर वारपार गर्न ठुलो जोखिम छ, स्थानीय जनप्रतिनिधि तथा प्रशासकहरूको बेवास्ताका कारण हामीले दुःख भोगिरहेका छौं। पुरानो काठको डुंगामा पैदल यात्रु, साइकल, मोटरसाइकल, घाँसपात गरेर फर्किनेहरू हुन्छन्। डुंगाको सन्तुलन बिग्रिएर बिचमै पल्टिने हो कि भन्ने त्रासमा हुन्छौं।'

कमलामा पुल नहुँदा धनुषार्फका जनकनन्दनी गाउँपालिका र कमला नगरपालिकाअन्तर्गत पर्ने सघारा, टडिया, लक्कड, बडेर्वा, लगमा, पतनुका, बनरभुला, फूलबरिया तथा सिराहा नगरपालिकाअन्तर्गत बसबिट्टा, बडेर्वा, मानपुर, खरसलवाका बासिन्दालाई वस्तुभाउ चराउन, घाँसपात गर्न, दैनिक किनमेल, हाटबजार, आर्थिक कारोबारका लागि ठुलो कष्ट भइरहेको धनुषाको कमला नगरपालिका-५, टडियाका करिब २५ वर्षीय सञ्जीव यादवले बताए।

■ मापसेभन्दा सडकमा लापसे चालकको जोखिम

१० चालकलाई जाँच गर्दा ६ जनाले लागुऔषध सेवन गरेको प्रमाणित

नयाँ पत्रिका

सडकमा मादक पदार्थ सेवन गरेर सवारी चलाउनेभन्दा लागुऔषध सेवन गरी सवारी चलाउने चालकका कारण जोखिम बढेको छ। ट्राफिक प्रहरीले गरेको जाँचमा सार्वजनिक सवारीसाधन चलाउने चालकहरूले नै लागुऔषध सेवन गर्दै आएको देखाएको छ।

मंगलबार काठमाडौंको सुकेधारा क्षेत्रमा शंकास्पद १० चालकमा परीक्षण गर्दा ६ जनाले लागुऔषध सेवन गरेको पुष्टि भएको छ। जसमा चार पठाओ मोटरसाइकलचालक, एक बसचालक र एक बोलेरोचालक छन्।

'१० जनामा जाँच गर्दा ६ जनाले लागुऔषध सेवन गरेको पुष्टि हुनु डरलाग्दो हो,' काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी नवराज

» पृष्ठ २ मा क्रमशः



काठमाडौं सुकेधारा क्षेत्रमा प्रहरीले नियन्त्रणमा लिएका लागुपदार्थ सेवन गरेर सवारी चलाउने चालक

स्कुलबसका चालकसमेत लागुऔषध सेवनकर्ता भएको देखिएको छ

एसएसपी नवराज अधिकारी, प्रमुख, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय



१० चालकमा जाँच गर्दा ६ जनाले लागुऔषध सेवन गरेको पुष्टि हुनु डरलाग्दो हो। सार्वजनिक सवारीसाधन मात्र होइन, स्कुलबसका चालकसमेत लागुऔषध सेवनकर्ता भएको देखिएको छ। यसविरुद्धको कारबाहीलाई तीव्रता दिएका छौं। अब चालक मात्र होइन, यस्ता सवारीका मालिकलाई पनि कारबाहीको दायरामा ल्याउँछौं।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

त्रिविको जग्गा फिर्ता ल्याउने सरकारको गृहकार्य

छानबिन समितिको प्रतिवेदन पुनर्पुष्टि र कार्यान्वयनका लागि कार्यदल बनाइँदै



प्रधानमन्त्री सुशीला कार्कीले सिंहदरबारमा मंगलबार बोलाएको बैठकमा गृहमन्त्री, अर्थमन्त्री, शिक्षामन्त्री, सञ्चारमन्त्री, त्रिवि पदाधिकारी, मुख्यसचिव, जग्गा खोजबिन समितिका पदाधिकारीलगायत। बैठकपछि त्रिवि उपकुलपति प्रा.डा. दीपक अर्यालले भने, 'तत्काल थप एउटा कार्यदल बनाउने र त्रिविको जग्गा थप खोज्ने भनेर निर्णय भएको छ। उक्त कार्यदलको समयावधि सीमित राखिनेछ। त्यसपछि आवश्यकताअनुसार अन्य निकायको सहयोग लिएर जग्गा खाली गराइनेछ।'

शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन पुनर्पुष्टि र कार्यान्वयनको रूपरेखा कोर्न सरकारले कार्यदल गठन गर्ने भएको छ। समितिले तयार पारेको अध्ययन प्रतिवेदनको पुष्टि गर्न र छुटेका जग्गा थप खोजी गर्न एक साताभित्र कार्यदल गठन गर्ने निर्णय भएको हो। कार्यदलले खोजबिन समितिको प्रतिवेदन कार्यान्वयन अवस्थाबारे सुझाव दिनेछ। र, त्यसपछि सिआइबीको सहयोगमा

» पृष्ठ २ मा क्रमशः

एक महिनादेखि कांग्रेस कार्यसमिति बैठक निरन्तर

नियमित कि विशेष महाधिवेशन भन्ने विषय पेचिलो बन्दै



● **बद्री पाण्डे,** सहमहामन्त्री

राष्ट्रिय राजनीति र कांग्रेसको आन्तरिक परिस्थितिले पनि तत्काल महाधिवेशनको मिति तोकेर जानुपर्ने माग गरेको छ। महाधिवेशन गर्न ढिला गर्नुहुँदैन। मिति तोकेर जाऔं।



● **डा. प्रकाशशरण महत,** प्रवक्ता

राष्ट्रिय निर्वाचनको सँघारमा आन्तरिक निर्वाचन गर्नुकत्तिको उपयुक्त छ, त्यसका लागि तयारी पुगेको छ कि छैन भन्ने विषयमा छलफल केन्द्रित छ। बैठकको अन्त्यसम्ममा महाधिवेशनबारे निर्णयमा पुग्छौं।

(विस्तृत पृष्ठ ३)

गुगल, टिकटक, अमेजनलगायतका आइटी कम्पनीले बुझाए अढाई करोड कर



विदेशी कम्पनीले नेपालमा डिजिटल प्रविधिको सेवा सञ्चालन गरेबापत २ प्रतिशत विद्युतीय सेवा कर बुझाउनुपर्छ

कसले कति बुझाए कर ?

(विस्तृत पृष्ठ ६)

मतदाता बन्न समय घर्किँदै, दर्ता गर्ने बढ्दै

नामावली दर्ताको समयसीमा सकिनै लाग्दा दर्ता गर्नेको भिड बढेसँगै प्रदेश र जिल्ला निर्वाचन कार्यालयहरूमा सर्भरमा समस्या र जनशक्तिको अभाव

९ असोजदेखि १२ कात्तिकसम्म ३३ दिनमा ८५ हजार १०७ मात्रैले मतदाता नामावलीमा नाम दर्ता गराएका थिए

तर, पछिल्ला १२-१३ दिनमा थप एक लाखभन्दा धेरै मतदाताले नामावलीमा नाम दर्ता गराए

कमलराज भट्ट/नयाँ पत्रिका

आसन्न २१ फागुनको निर्वाचनका लागि मतदाता नामावली दर्ताको समयसीमा सकिने लाग्दा दर्ता गर्नेको संख्या ह्वात्तै बढेको छ। ९ असोजदेखि सुरु मतदाता नामावली दर्ताको समयसीमा सकिन पाँच दिन मात्रै (३० कात्तिक) बाँकी छ।

निर्वाचन आयोगका अनुसार एक साताया मतदाता नामावली दर्ता गर्नेको संख्या तेब्बरले बढेको छ। एक साताअधिसम्म दैनिक औसत पाँच हजारले नाम दर्ता गर्ने गरेकोमा पछिल्ला दिनमा दैनिक २० हजारका दरले नामावली दर्ता भइरहेको आयोगले जनाएको छ। दर्ता गर्नेको संख्या बढेसँगै जिल्ला निर्वाचन कार्यालयहरूमा सर्भर समस्या र जनशक्तिको अभाव देखिएको छ।

» पृष्ठ २ मा क्रमशः

समय पुनरावलोकन गर्न प्रधानमन्त्री कार्कीको आग्रह

समय थप्न नसकिने आयोगको भनाइ

प्रधानमन्त्री सुशीला कार्कीले मतदाता नामावली दर्ता प्रक्रियामा देखिएका समस्याबारे चासो राख्दै कात्तिक मसान्तसम्मको समय पुनरावलोकन गर्न निर्वाचन आयोगलाई आग्रह पनि गरेकी छिन्। मतदाता नामावलीमा नाम दर्ता गराउने संख्या न्यून भएपछि प्रधानमन्त्री कार्कीले गत शुक्रबार आगामी निर्वाचनमा भाग लिन नयाँ मतदातालाई भिडियो सन्देश जारी गरेकी थिइन्। भिडियो सन्देशपछि मतदाता बन्न योग्य नागरिकले सहजै नाम दर्ता गराउन नपाएको, अनलाइन सर्भर नचलेको, भिडभाड भएको गुनासो आएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार राम रावलले बताए। समस्या हल गर्ने गरी प्रधानमन्त्री कार्यालयले निर्वाचन आयोग र गृह मन्त्रालयमा पत्राचार गरेको छ। मतदाता नामावली संकलन तोकिएको म्यादभित्र सम्पन्न गर्न नसकिने अवस्था देखिए म्याद (३० कात्तिक) लाई पुनरावलोकन गर्ने भनिएको छ।



तर, आयोगले समय थप्दा निर्वाचन कार्यतालिकामा असर पर्ने भन्दै निर्धारित ३० कात्तिकभित्रै नाम दर्ता गराउन जोड दिएको छ। 'समयवाधि थप्ने कुरा सोचेको छैन। भएकै समयभित्र म्याक्सिमम नाम दर्ता गराउन सबै खाले सहजीकरण हुन्छ। तर, समय सार्न गाह्रो हुन्छ। यसको असर कार्यतालिकामा पर्छ। थप्ने हिसाबले अहिलेसम्म केही भएको छैन,' प्रवक्ता नारायण भट्टराईले भने।

■ दल दर्ताको पनि लहर

कुलमानको उज्यालो नेपाल

संयोजक : अनुपकुमार उपाध्याय, चुनाव चिह्न : बलेको चिम



जेन-जीको जनादेश पार्टी

संयोजक : रमन कर्ण, चुनाव चिह्न : हातमा बोकेको माइक



उज्यालो नेपाल र जनादेश पार्टीले मंगलबार निर्वाचन आयोगमा दल दर्ता गराएका छन्। उज्यालो नेपाल पार्टीको सोच मध्यमार्गी र गन्तव्य उन्नत समाजवाद छ। जनादेश पार्टीले समावेशी नेतृत्व बनाउने र जेन-जी महिलालाई प्राथमिकता दिने बताएको छ।

नयाँ पत्रिका

ऊर्जामन्त्री कुलमान घिसिङको अग्रसरतामा उज्यालो नेपाल पार्टी पुनर्गठन गर्दै निर्वाचन आयोगमा पुनः कागजात पेस गरिएको छ। २७ साउनमै काभ्रेका ज्ञानबहादुर तामाङले

कुलमानको पार्टीमा आएनन् सुमना र सुदन गुरुङको टिम

दिएको निवेदनमै पार्टी पुनर्गठनको कागजात बुझाइएको हो।

अन्तरिम सरकारमा तीनवटा मन्त्रालय सम्हालिरहेका घिसिङ पार्टीमा प्रत्यक्ष जोडिएका छैनन्। तर, विभिन्न पक्षसँग

» पृष्ठ २ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



सरकारलाई...

पृष्ठ १ बाट क्रमशः

पप्पु कन्स्ट्रक्सन उपेन्द्र यादव नेतृत्वको जसपाबाट प्रतिनिधिसभाका सांसदसमेत बनेका हरिनारायण रौनियारको हो। हाल कन्स्ट्रक्सनका सञ्चालक उनका छोरा सुमित रौनियार छन्। त्यस्तै, लुम्बिनी बिल्डर्सको सञ्चालक विष्णुप्रसाद शर्मा हुन्। हुलाकी राजमार्गमा पर्ने उक्त पुल बनाउन पप्पु-लुम्बिनी बिल्डर्स जेभीले ३१ जेठ ०६८ मा ठेक्का पाएको थियो। ३० मंसिर ०७१ अर्थात् तीन वर्षमा सक्नुपर्ने ठेक्का अवधि १४ वर्ष नाघिसकेको छ। आठौँपटक थपेको म्यादसमेत गत असारमा गुज्रिसकेको छ।

०७५ मा बाढीले आफ्ना मेसिनरी सामान र सिमेन्टलगायत सामग्री बगाएपछि पप्पुले नोक्सानी भएको भन्दै लुम्बिनी बिल्डर्सलाई काम सुम्पिएर बाहिरिएको थियो। त्यति वेलासम्म पप्पुले पुलका १२ स्ल्याबमध्ये दुईवटा ढलान गरेको थियो। त्यसपछि लुम्बिनी बिल्डर्सले बाँकी १० वटा स्ल्याब ढलान र रेलिङ निर्माण सकेको थियो। नदीमा तटबन्धसहित नियन्त्रण र पहुँच मार्गबाहेक पुल निर्माणको काम अन्तिम चरणमा पुगेका बेला १७ असार ०७८ मा पुलको सिराहातर्फ दोस्रो र त्यही वर्षको ३ कात्तिकमा धनुषातर्फ तेस्रो पाया भासिएपछि निर्माण अनिश्चित बन्यो। पाया भासिएपछि सिराहातर्फ गत पुसको तेस्रो सातादेखि मर्मत थाले पनि वैशाखको पहिलो सातादेखि फेरि काम ठप्प पारेको हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय, जनकपुरका सूचना अधिकारी इन्जिनियर रञ्जितकुमार रायले बताए।

बिल्डर्सले बर्खा लाग्नुअघि नै काम सक्ने प्रतिबद्धता जनाएपछि पछिल्लोपटक असार मसान्तसम्मको म्याद दिइएको थियो। तर, वैशाखदेखि काम रोकेपछि आयोजनाले १५ दिन म्याद राखेर ३१ असोजमा जवाफ माग्दै पत्र पठाएको थियो। तर, जवाफ नपठाएपछि र यहीबिचमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले रुग्ण आयोजना सूची मागेपछि आयोजनाले कमला पुलको ठेक्का रद्दको सूचना निकाल्ने तयारी थालेको थियो। सरकारको 'एक्सन'पछि बिल्डर्सले शनिबारदेखि नदीको पश्चिमतर्फ धनुषामा काम गर्ने भन्दै क्याम्प खडा गरेको छ। आयोजनाले पनि सूचना निकाल्ने तयारी तत्काललाई रोकेको छ।

'ठेकेदार कम्पनीले शनिबारदेखि कमलाको पश्चिमतर्फ धनुषामा क्याम्प खडा गरी काम थालेपछि सूचना निकाल्ने तयारी तत्काललाई रोकिएको छ,' हुलाकी राजमार्ग निर्देशनालयका साइट इन्जिनियर सूर्यनारायण मण्डलले भने।

लुम्बिनी बिल्डर्सका सञ्चालक विष्णुप्रसाद शर्मा भने ०७८ यताको हकमा बिमाको भुक्तानीका विषयमा मुद्दा-मामिला रहेकाले पुल निर्माणमा ढिलाइ भएको दाबी गर्छन्। 'बनिसकेको पुल बाढीका कारण भासियो। पुलमा भएको क्षतिको मूल्यांकनका आधारमा १३ करोड बिमा दाबी गरिएको थियो। आपसी सहमतिमा साढे १० करोड क्षति मूल्यांकन भए पनि नेको बिमा कम्पनीले पैसा आनाकानी गरेपछि उच्च अदालत पाटनमा मुद्दा चल्दै छ। त्यही भएर ढिलाइ भएको हो,' उनले भने।

भ्याटसहित २४ करोड ९० लाख ठेक्का सम्झौताबाट पुलसहित १३ सय मिटर नदी नियन्त्रण र दुई सय मिटर पहुँच मार्ग पनि बनाउनुपर्ने उल्लेख छ। ठेकेदार कम्पनीले २३ करोड १९ लाख भुक्तानी लगिसकेको छ। भौतिक प्रगति ९३ प्रतिशत रहेको आयोजनाले जनाएको छ।

पुल अलपत्र हुँदा ९० किलोमिटर फन्को

कमला नदीको पुल अलपत्र हुँदा उपचारका लागि जनकपुर रेफर गरिएका बिरामीलाई झन् समस्या पर्ने गरेको छ। प्रादेशिक अस्पताल सिराहाबाट रेफर गरिएका बिरामी ३१ किमिको दूरीमा रहेको जनकपुर पुग्न चोहर्वा, मिर्चैया, ढल्केबर हुँदै करिब ९० किलोमिटर घुमेर जानुपर्ने बाध्यता छ। कमला नदीमा पुल सञ्चालन भए सिराहा सदरमुकामबाट जनकपुरसम्म करिब आधा घण्टामै यात्रा गर्न सकिन्छ।

'राज्यले स्थानीय नागरिकमाथि अत्याचार गरिरहेको छ,' सिराहा नगरपालिका- ६ का वडाध्यक्ष इन्द्रजित यादवले भने, 'हरेक बर्खा सकिएपछि पुलको चर्चा सेलाउने, अनि अर्को बर्खामा पुनः दुःख झेल्नुपर्ने बाध्यता कहिलेसम्म ?'

कमला नदीमा डुंगा चढेर सिराहाबाट प्रादेशिक राजधानी जनकपुर जाँदै गरेका अञ्जय ठाकुरले पुल नबन्दा ठुलो सास्ती झेल्नुपरेको बताए। 'पूर्व-पश्चिम सडक हुँदै ९० किमि दूरी छिचोल्नुपर्छ, कमला हुँदै गए ३० किमि मात्रै पर्छ,' उनले भने, 'तर पुल नहुँदा डुंगाको सहारामा नदी तर्नुपरेको छ।'

प्रादेशिक अस्पताल सिराहाका मेडिकल सुपरिटेन्डेन्ट डा. सुनीलप्रसाद कुशवाहाले पूर्वी धनुषाका बिरामीका लागि दूरीको हिसाबले प्रादेशिक अस्पताल नजिक भए पनि कमलामा पुन नहुँदा जनकपुर जानुपर्ने बाध्यता रहेको बताए।

स्थानीयहरू माग्दै छन्
नयाँ पुल, तर प्रदेश सरकार लाचार

सरोकारवालाहरू भने भासिएको पुल पुनर्निर्माण गर्नुको सट्टा नयाँ बनाउनुपर्ने आवाज उठाउँदै छन्। कमला पुल निर्माण संघर्ष समिति संयोजक रामरिझन यादवले हुलाकी सडकको कमला पुल अलपत्र छोडेर सरकारले जनतामाथि अपराध गरेको बताउँदै अब नयाँ पुल निर्माणका लागि अभियान चलाउनुपर्ने बताए। 'कमला पुलमा हिँड्ने सपना देख्ने जनताले अबचाहिँ सरकारको मुख ताकेर हुँदैन। त्यसका लागि जनस्तरबाट अर्को पुल निर्माण गर्न अभियान सञ्चालन गर्नुपर्ने देखिन्छ,' उनले भने, 'सिराहा र धनुषाका जनतासँग चन्दा संकलन गरेर नयाँ पुल निर्माणको काम थालेपछि मात्रै कानमा तेल र आँखामा कालो चस्मा लगाएका संघ र प्रदेश सरकारको ध्यान बल्ल तानिनेछ।' सिराहाको बसबिट्टादेखि धनुषाको सघारासम्म चिनियाँ मोडलको पुल निर्माण गर्न अनुमानित दुई अर्ब बजेटका लागि सिराहा र धनुषाका सर्वसाधारण र पालिकाहरूबाट रकम संकलन गर्न सकिने उनले बताए।

इन्जिनियरसमेत रहेका राजनीतिकर्मी दिनेश यादवले पनि भासिएको पुलको पुनर्निर्माण समाधान नरहेकाले नयाँ पुल नै बनाउनुपर्ने बताए। 'पुलको दुवैतर्फको एप्रोच सडक नै बाढीले बगाइसक्यो, डेढ दशकअघिको डिजाइनले अहिले काम गर्दैन। प्राविधिक रूपले पुलको पुनर्निर्माण हुनै सक्दैन,' उनले भने।

स्थानीय युवाले प्राविधिक रूपले पनि पुल पुनर्निर्माण नहुने ठहरसहित कमलामा नयाँ पुल निर्माणको माग गर्दै कमला पुल निर्माण संघर्ष समितिको आह्वानमा मुख्यमन्त्री कार्यालयअगाडि ४ भदौ २०८१ देखि आमरण अनशनमा बसेको चौथो दिन ७ भदौमा तत्कालीन मुख्यमन्त्री सतिशकुमार सिंहसँग चारबुँदे सम्झौता भएको थियो। नयाँ पुल निर्माणका ०८२/८३ को वार्षिक बजेटमा व्यवस्था गर्न संघ सरकारसँग पहल गर्ने, त्यो सम्भव नभए सम्पूर्ण बजेट प्रदेश सरकारकै श्रोतबाट ब्यहोर्ने, १ मंसिर ०८१ भित्र नयाँ पुल निर्माणका लागि डिपिआर तयारी गर्न बोलपत्र आह्वान गर्ने सम्झौता गरेको प्रदेश सरकारले बजेटमा कमला पुलका लागि एक करोड छुट्याएको छ। प्रदेश सरकारले आफू पनि नगर्ने, संघीय सरकारलाई पनि दबाब दिन नसक्ने लाचार चरित्र प्रदर्शन गरेको अनशनमा बस्नेमध्येका सिराहा औरही- ४ का सुरेन्द्र यादवको गुनासो छ।

स्थानीयले कमला पुल निर्माण संघर्ष समितिको आह्वानमा नयाँ पुल निर्माणका लागि बजेट छुट्याउन माग गर्दै गत जेठमा मधेश प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई ध्यानाकर्षण-पत्रसमेत बुझाएका थिए। मधेश प्रदेश सभामा प्रतिनिधित्व कांग्रेस, एमाले, माओवादी, जसपा नेपाल, जनमत, लोसपा, एकीकृत समाजवादीलगायत १० राजनीतिक दलका संसदीय दलका नेतालाई कमला पुल निर्माणका लागि बजेट विनियोजन गर्न ध्यानाकर्षण-पत्र बुझाएका थिए।

कालो झन्डादेखि अनशनसम्म

२६ चैतमा एमाले सिराहाको ११औँ जिल्ला अधिवेशन उद्घाटन गर्न आएका तत्कालीन प्रधानमन्त्री केपी ओलीको ध्यानाकर्षण गराउन स्थानीय जनप्रतिनिधि र युवाले कमला पुलको पुनर्निर्माण छिटो सक्न माग गर्दै कालो झण्डा देखाएका थिए। त्यसअघि १९ माघ ०७५ मा सिराहामा आयोजित सहिद हेमनारायण यादवको स्मृतिलाई सम्बोधन गर्दै ओलीले २ वैशाख ०७७ भित्र नै पुलको काम सम्पन्न हुने दाबी पूरा नभएपछि स्थानीयले कालो झन्डा देखाएका थिए।

हुलाकी सडक संघर्ष समितिको आह्वानमा १७ पुस ०७५ देखि महावीर चोकमा गरिएको रिले अनशन ३३औँ दिन तत्कालीन संघीय संसद्की विकास तथा प्रविधि संसदीय समितिकी सभापति कल्याणी खड्काको रोहबरमा तोडिएको थियो। समितिले त्यही वर्षको भदौ-असोजमा कमला पुल निर्माणको माग गर्दै सप्तरीको राजविराजदेखि जनकपुरसम्मको ९० किलोमिटर पैदलयात्रापछि मुख्यमन्त्रीलाई ज्ञापनपत्रसमेत बुझाएको थियो। रिले अनशन तोडिएपछि स्थानीय चन्द्र (प्राविधिक) माविमा आयोजित सभामा ओलीले भनेका थिए, '२ वैशाख ०७७ भित्र नै पुलको काम सम्पन्न हुन्छ, पुलका लागि अनशन बस्नुपर्दैन।'

बाहिर विपक्ष...

पृष्ठ १ बाट क्रमशः

लोसपाका नेता रामविनोद चौधरी, अजय पण्डित, नवीनकुमार झा, अजयकुमार राउत, धर्मेन्द्रकुमार यादवलगायत घाइते भएका छन्। पत्रकार सुरेन्द्र यादव पनि घाइते भएका छन्। टाउकोमा चोट लागेका पत्रकार यादवसहित घाइतेको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको छ। निवर्तमान मुख्यमन्त्री जितेन्द्र सोनार (सोनल) अस्पताल पुगेर स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छन्।

उपचारका नाममा जनकपुरधामबाट काठमाडौं हिँडेकी तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संवैधानिक व्यवस्था र सर्वोच्च अदालतको नजिर बेवास्ता गर्दै एमाले नेता यादवलाई सोमबार बिहान झिसमिसेमै होटेलमा शपथ खुवाएकी थिइन्। कुनै औपचारिक आह्वानविनै प्रदेश प्रमुखले 'फिक्सिङ'मा मुख्यमन्त्री नियुक्त गरेको भन्दै कांग्रेस, माओवादी, जसपा, जनमत, लोसपा, एकीकृत समाजवादी र नागरिक उन्मुक्ति विरोधमा छन्।

नवनियुक्त मुख्यमन्त्री यादवले शपथग्रहण गराउन प्रदेश प्रमुखलाई आफूले नै दबाब दिएको स्वीकार गरेका छन्। मुख्यमन्त्रीको शपथ खाएको भोलिपल्ट मंगलबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै यादवले प्रदेश प्रमुखले आफूलाई संविधानको धारा १६८(३) बमोजिम मुख्यमन्त्रीमा नियुक्त गरिसकेपछि शपथग्रहणका लागि दबाब दिएको बताए।

'मलाई मुख्यमन्त्री बनाउनुस् भनेर प्रदेश प्रमुखलाई भनेको होइन। उहाँ आफैँले संविधानविद्, कानुनविद् र मधेश सरकारका मुख्य न्यायाधिवक्तासँग सल्लाह गरेर मलाई संविधानको धारा १६८(३) बमोजिम आइतबार राति करिब ११ बजे बोलाएर मुख्यमन्त्री नियुक्त गर्नुभभो। नियुक्तिपत्र लिएर घर डेरा फर्कें,' उनले भने, 'सुत्न लाग्दा प्रदेश प्रमुख कार्यालयबाट फोन आयो। प्रदेश प्रमुखको स्वास्थ्य अवस्था ठिक नभएकाले उपचारका लागि काठमाडौं जाँदै हुनुहुन्छ भन्ने खबर गरियो। त्यसपछि मैले प्रदेश प्रमुखलाई मलाई नियुक्ति दिएर विना शपथ गराई तपाईं जान सक्नुहुन्न, मलाई शपथ नगराउँदा मेरो पद एक्भिट हुँदैन। फेरि केयरटेकर अर्को मुख्यमन्त्री छँदै छन्। त्यसकारण यस्तो अवस्थामा मलाई शपथग्रहण गराएर मात्रै जानुस् भनेर दबाब दिएँ।'

मधेश भवनमा आइतबार राति विपक्षी दलले प्रदेश प्रमुख निवास र मधेश भवनपरिसरमा विरोध गरेका थिए। 'त्यस्तो अवस्थामा शपथग्रहण उपयुक्त हुँदैन भनेर मैले अर्को ठाउँमा पनि शपथको व्यवस्था मिलाउनुस् भनेर प्रदेश प्रमुखलाई भनेपछि उहाँले काठमाडौं जाँदै छु, बाटोमै कहीँ गरौँला भनेपछि हामी बर्दीबासस्थित एक होटेलमा शपथ लिएका छौँ,' उनले भने। मुख्यमन्त्री यादवले आफ्नो नियुक्ति असंवैधानिक नरहेको दाबी पनि गरे

आफू संविधानको बाध्यात्मक अवस्थामा मुख्यमन्त्री बनेको दाबी गर्दै यादवले दलहरू कांग्रेसलाई नेतृत्व दिन सहमत भए आफू राजीनामा दिन तयार रहेको बताए। 'मलाई मुख्यमन्त्रीको रहर थिएन, मैले जनमतका नेतालाई मुख्यमन्त्री बनाएँ, कांग्रेस दलका नेतालाई बनाउन लिखित रूपमै सहमति नै गरेको थिएँ,' उनले भने, 'अझै केही बिग्रिएको छैन। दलहरू कांग्रेसलाई सरकारको नेतृत्व दिन सहमत भए म राजीनामा गर्न तयार छु।'

सर्वोच्चको आदेशले
कामचलाऊ बन्यो मधेश सरकार

सर्वोच्च अदालतले मधेश सरकारलाई दूरगामी निर्णय नगर्न अन्तरिम आदेश दिएको छ। रकीप्रसाद साहले दायर गरेको रिटमा सर्वोच्चका न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले मंगलबार अन्तरिम आदेश दिएको हो।

सर्वोच्चका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार निवेदकको मागअनुसार दूरगामी निर्णय गर्न नपाउने गरी आदेश हुनुका साथै ११ मंसिरदेखि अग्राधिकार दिएर सुनुवाइको आदेश भएको छ। स्थगित गर्न नपाउने गरी ११ मंसिरदेखि सो मुद्दामा सुनुवाइ हुने भएको छ। आदेशमा भनिएको छ, '...सुविधा सन्तुलनको दृष्टिबाट यो रिट निवेदनको टुंगो नलागेसम्म मिति ०८२/७/२३ मा मुख्यमन्त्री नियुक्त मा. सरोजकुमार यादव र निजको सिफारिसमा सोही मितिमा गठन भएको मन्त्रिपरिषद्बाट मधेश प्रदेशलाई दीर्घकालीन प्रभाव पार्ने कुनै पनि नीतिगत निर्णय नगर्नू, नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम यो अन्तरिम आदेश जारी गरिएको छ।' यससम्बन्धी सबै रिटमा ११ मंसिरदेखि निरन्तर सुनुवाइ हुने भएको छ।

१० चालकलाई...

पृष्ठ १ बाट क्रमशः

अधिकारी भन्छन्, 'सार्वजनिक सवारीसाधन मात्र होइन, स्कुल बसका चालकले समेत लागुऔषध सेवनकर्ता भएको देखिएको छ, यसविरुद्धको कारबाहीलाई तीव्रता दिएका छौँ।'

मंगलबार पक्राउ पर्ने पठाओ मोटरसाइकलचालकहरूमा झापाको अर्जुनधारा नगरपालिका- ६ का ३९ वर्षीय शेखरनाथ घिमिरे, बाराको पचरौता नगरपालिका- ६ का ३३ वर्षीय साजिद अन्सारी, नुवाकोटको बेलकोटगढी नगरपालिकाका २२ वर्षीय सुमन परियार र काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका- ३ का ४७ वर्षीय सुरजकुमार बजगाईं छन्। त्यस्तै, सार्वजनिक बसका चालक मकवानपुरको थाहा नगरपालिका- ४ का ३२ वर्षीय कपिल थापा र बोलेरो जिपचालक सल्यानका २२ वर्षीय भीमबहादुर खड्का छन्। उनीहरूलाई पक्राउ गरी अनुसन्धानका लागि स्थानीय प्रहरी कार्यालयमा पठाइएको ट्राफिक प्रहरीले जनाएको छ। लागुऔषध सेवन गरेर सार्वजनिक यातायात चलाउने चालकविरुद्ध प्रहरीले सार्वजनिक अपराधको कसुरमा मुद्दा चलाउँदै आएको छ।

१९ कात्तिकमा उपत्यकाबाट नौ चालकलाई मादक पदार्थ तथा लागुऔषध सेवन गरेको अभियोगमा ९ चालकलाई पक्राउ गरेको थियो। जसमा दुईजना स्कुल बसका चालक थिए।

हरेक हप्ता ट्राफिक प्रहरीले शंकास्पद लागेका चालकको लागुऔषध परीक्षण गर्दै आएको छ। यस क्रममा ठुलो संख्यामा चालकहरू लागुऔषध सेवन गर्ने भेटिएको र यसले दुर्घटनाको उच्च जोखिम देखाएको एसएसपी अधिकारीले बताए। यस्ता सवारीसाधनका मालिकलाई पनि अब कारबाहीको दायरामा ल्याउने उनको भनाइ छ।

जेन-जी आन्दोलनपछि उपत्यकामा मापसे जाँच केही कम भएको थियो। पछिल्लो समय आन्दोलनअघिकै अवस्थामा जस्तै कारबाही थालिएको एसएसपी अधिकारीले बताए। 'जेन-जी आन्दोलनपछि सडकमा नियम मिच्ने प्रवृत्ति देखिएको छ,' उनले भने, 'सडक अनुशासन बढाउन कारबाहीलाई तीव्रता दिएका छौँ।'

Pokhara Metropolitan City
Office of Municipal Executive
Newroad, Pokhara

Invitation for Bids

IFB No: 7/PMC/082-083

(First Date of publication: 2082/07/26 (12th Nov 2025))

1. **Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad,** Pokhara invites **online bids for NCB Contracts** of Works under e-procurement system (Emergency Procurement) from eligible bidders for the construction of Projects mentioned below;

SN No.	IFB No.	Description and location of work	Estimate Amount with VAT and PS (NRs)	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	Bid Security Validity Period
1.	7.1/PMC/ 082-83	Office Management Works of Pokhara Metropolitan City at Rastriya Banijya Bank's Building, Pokhara-9 (Emergency Procurement Works), PMC	99,04,621.17	3,000	2,20,000.00	120 days

Pre- Bid Meeting, Submission and Opening

Contract No.	Pre-Bid Meeting		Submission of Bid		Opening of Bid	
	Date	Time	Date	Time	Date	Time
For S.N 1	NA	NA	19th Nov 2025	12:00	19th Nov 2025	13:00
Bank Name	**Name of Office**		**Revenue Account No.**		**Deposit Account No.**	
Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski	Pokhara Metropolitan City ,Office of Municipal Executive, Newroad		3020100301010002		3020100303000002	

2. Tender Procedures shall follow Public Procurement Act (3st Amendment, 2073) and Public Procurement Regulation (14th Amendment, 2079).
3. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website **http://bolpatra.gov.np/egp**, as specified in the Bidding data sheet for provision of E-Bidding..
4. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
5. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.

Chief Administrative Officer

छानबिन समितिको...

पृष्ठ १ बाट क्रमशः

कार्यान्वयन गर्ने सरकारको तयारी छ। मंगलबार प्रधानमन्त्री सुशीला कार्कीले सिंहदरबारमा बोलाएको बैठकमा शिक्षामन्त्री महावीर पुनले खोजबिन समितिले तयार पारेको प्रतिवेदनबारे जानकारी गराउँदै कार्यान्वयनपूर्व एक कार्यदल गठनको प्रस्ताव गरेका थिए। प्रधानमन्त्री कार्कीले शिक्षामन्त्री पुनको प्रस्तावमा सहमति दिँदै कार्यदल गठन गरी हिनामिना भएको त्रिविको जग्गा फिर्ता ल्याउने प्रक्रिया थाल्न निर्देशन दिएकी हुन्।

प्रधानमन्त्री कार्कीले सयौँ रोपनी जग्गा मिचिएको र खोसिएबारेको प्रतिवेदन विवरणसहित शिक्षामन्त्री, त्रिवि पदाधिकारी, जग्गा खोजबिन समितिका पदाधिकारीलगायतको संयुक्त बैठक बोलाएकी थिइन्। सोही बैठकमा मन्त्री पुनले त्रिविको जग्गा फिर्ता ल्याउन प्रधानमन्त्रीकै साथ-सहयोग चाहिने र कार्यदल बनाउनुपर्ने प्रस्ताव गरेका थिए।

'त्रिविको जग्गा फिर्ता हिनामिना भएको प्रतिवेदनमै छ। फिर्ता ल्याउन प्रधानमन्त्री र अन्य निकायको सहयोग-साथ चाहिन्छ। थप एउटा कार्यदल बनाऔँ र कार्यदलले काम गरेपछि थप कार्यान्वयनमा जान सकिन्छ,' बैठकमा शिक्षामन्त्री पुनको भनाइ थियो, 'त्रिविको जग्गा जसरी पनि फिर्ता ल्याउनुपर्छ। कार्यदलले प्रतिवेदन दिएपछि कार्यान्वयन गर्न सजिलो हुन्छ। सिआइबीको सहयोग लिएर कार्यान्वयन गर्न सकिन्छ।'

त्यसपछि प्रधानमन्त्री कार्कीले हिनामिना भएको त्रिविको जग्गा फिर्ता ल्याउनैपर्ने भन्दै आवश्यक कदम चाल्नसमेत त्रिवि पदाधिकारी र शिक्षामन्त्री पुनलाई आग्रह गरिन्। 'त्रिविको जग्गामा क-कसले प्रयोग गरेका छन् भन्नेबारे विगतको प्रतिवेदनमा पनि छ। यसमाथि थप कार्यदल बनाएर कार्यान्वयनतिर लैजानुपर्छ,' बैठकमा प्रधानमन्त्री कार्कीले भनिन्, 'बल प्रयोग गरेर कसैले जबर्जस्ती त्रिविको जग्गा खोस्न पाइँदैन। तपाईंहरू काम गर्नुस्, कुलपतिको नाताले के-के गर्नुपर्छ म तयार छु।'

त्रिवि उपकुलपति प्रा.डा. दीपक अर्यालले आफूहरूले त्रिविको जग्गाको वास्तविकता प्रधानमन्त्रीलाई बताएको बताए। उनका अनुसार प्रधानमन्त्रीले त्रिविको जग्गा अपचलन सम्बन्धमा चासो दिएको र बैठकमा दुईवटा निर्णय भएको बताए। 'तत्काल थप एउटा कार्यदल बनाउने र त्रिविको जग्गा थप खोज्ने भनेर निर्णय भएको छ। उक्त कार्यदलको समयावधि सीमित राखिनेछ,' उनले भने, 'त्यसपछि आवश्यकताअनुसार अन्य निकायको सहयोग लिएर जग्गा खाली गराइनेछ।'

मन्त्री पुनका स्वकीय सचिव डा. सागर ढकालले प्रतिवेदन कार्यान्वयनका लागि अर्को कार्यदल बनाउने र त्यसपछि सिआइबी अध्ययन र कार्यान्वयन गर्ने बताए। 'तत्काल कार्यदल बनाउने र उसको काम सकिएपछि सिआइबीलाई थप अध्ययन तथा कार्यान्वयन गर्न दिने भन्ने भएको छ,' उनले भने, 'पुरानो प्रतिवेदनमा गृहकार्य र अध्ययन नयाँ कार्यदलले गरेपछि कार्यान्वयन गर्न सजिलो हुन्छ भन्ने छ। एक साताभित्र गठन हुने कार्यदलले यसअघिको प्रतिवेदनका विवरण थप प्रमाणित गर्छ, त्यसपछि थप अध्ययन र कारबाहीका लागि सिआइबीलाई जिम्मा दिइनेछ।'

हाल शिक्षामन्त्री पुनले त्रिवि जग्गासम्बन्धी प्रतिवेदन खोतलिरहेका छन्। उनले मन्त्रालयका कर्मचारी, त्रिवि पदाधिकारी र शिक्षाविद्हरूसँग समेत बैठक बसेर त्रिविको जग्गा कसरी फिर्ता ल्याउने भन्नेबारे छलफल गरिरहेका छन्। शिक्षा मन्त्रालयले एक साताअघि नै त्रिवि जग्गा हिनामिनासम्बन्धीको प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाएको थियो।

केपी ओली नेतृत्वको सरकारले लुकाएका प्रतिवेदन शिक्षामन्त्री महावीर पुनले २६ असोजमा सार्वजनिक गरेका थिए। त्रिविको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिले साढे पाँच महिना लगाएर तयार पारेको १७९ पेज लामो प्रतिवेदन २ पुस ०८१ मै निवर्तमान प्रधानमन्त्री ओलीलाई बुझाएको थियो। विज्ञहरूले अध्ययन प्रतिवेदन बुझाएको १५ दिनमै कार्यान्वयनमा लैजाने मापदण्ड बनाए पनि ओलीले गुपचुप राखेका थिए।

मतदाता बन्न...

पृष्ठ १ बाट क्रमशः

आयोग प्रवक्ता नारायण भट्टराईका अनुसार सोमबार मात्रै एकैदिन २२ हजार २१९ मतदाता थपिएका छन्। सोमबारसम्म कुल मतदाताको संख्या एक लाख ८५ हजार नौ सय पुगेको छ। ९ असोजदेखि १२ कात्तिकसम्म (३३औँ दिन) सम्म ८५ हजार १०७ मात्रैले मतदाता नामावलीमा नाम दर्ता गराएका थिए। तर, पछिल्ला १२-१३ दिनमा एक लाख बढीले मतदाता नामावलीमा नाम दर्ता गराएका छन्।

२७ भदौमा प्रतिनिधिसभा विघटन भई २१ फागुनमा निर्वाचन घोषणा भएपछि सरकारले अध्यादेशमार्फत ऐन संशोधन गरी मतदाता नामावली दर्ता खुला गरेको थियो। तर, सुरुवाती दिनमा मतदाता नामावलीतर्फ धेरैले रुचि देखाएका थिएनन्।

आयोगले मंगलबार विज्ञप्ति जारी गरेर २० फागुन ०८२ सम्म १८ वर्ष पुग्ने सबैलाई मतदाता नामावलीमा नाम दर्ता गर्न अपिल गरेको छ। विज्ञप्तिमा उनले जनशक्ति र कार्यसमय थपिएको जानकारी गराइएको छ। 'नाम दर्ता स्थलहरूमा देखिएको सेवाग्राहीको अधिक चापलाई व्यवस्थापन गर्न र सहज रूपमा सेवा प्रवाह गर्नका लागि दैनिक ८०० भन्दा बढी नाम दर्ता भइरहेका जिल्लाहरूमा ६/६ घण्टाका दरले दुई सिफ्टमा (दैनिक १२ घण्टा) सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको छ,' आयोगको विज्ञप्तिमा छ, 'यसका लागि काठमाडौं उपत्यकाभित्रका तीन जिल्लाको हकमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट थप १४ जना दर्ता कर्मचारी खटाई सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको छ।'

अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले सेवाग्राहीको चापका आधारमा थप जनशक्ति खटाउने गरी गृह मन्त्रालयमा पत्राचार गरिएको विज्ञप्तिमा उल्लेख छ। आयोगका प्रवक्ता भट्टराईले प्राविधिक रूपमा आएका समस्याहरूको तत्कालै हल गरेर सहज रूपमा मतदाता नामावली संकलनको काम भइरहेको बताए।

प्रवक्ता भट्टराईले राष्ट्रिय परिचयपत्रमा उल्लेखित तथ्यांक र बायोमेट्रिकलाई पनि मतदाता नामावली दर्तामा उपयोग गर्ने गरी प्राविधिक टिमले काम गरिरहेको बताए। मतदाता नामावली दर्ताका क्रममा ठाउँ-ठाउँमा देखिएको सर्भरको समस्या तत्कालै समाधान गरी सहजीकरण गर्दै आएको उनले बताए।

यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीले मतदाता नामावलीमा नाम दर्ता गराउने समयावधि थप गर्न सरकार र निर्वाचन आयोगलाई अनुरोध गरेको छ। मंगलबार महामन्त्री कवीन्द्र बुर्लाकोटी तथा केन्द्रीय सदस्य एवं निवर्तमान सांसदहरू गणेश पराजुली, अशोक चौधरी र शिव नेपालीले निर्वाचन आयोग गई सोही व्यहोराको अनुरोधपत्र दर्ता गराएका हुन्।

दल दर्ताको...

पृष्ठ १ बाट क्रमशः

छलफल गरी उनले पूर्वऊर्जासचिव अनुपकुमार उपाध्यायको संयोजकत्वमा उज्यालो पार्टी दर्ता प्रक्रिया अगाडि बढाएका हुन्। ५१ सदस्यीय केन्द्रीय समिति रहेको पार्टीको चुनाव चिह्न बलेको चिम रहेको छ। ज्ञानबहादुर तामाङ भने केन्द्रीय सदस्य रहेका छन्।

निर्वाचन आयोगमा पेस गरेको केन्द्रीय समितिको अद्यावधिक विवरणमा डा. ताराप्रसाद जोशी (डडेल्धुरा), प्राडा महेन्द्रसुन्दर लावती (पाँचथर), डा. घनश्याम पाण्डे (रुपन्देही), डा. सागर ढकाल (स्याङ्जा), डा. अभिषेकराज सिंह (सर्लाही), ई. डा. शंकर ढकाल (काभ्रे), ई. तेजनारायण यादव (सिराहा), रिमा विश्वकर्मा (बर्दिया), टासी ल्हान्जोम (हुम्ला), डा. राजु थापा (काठमाडौं) सदस्य छन्।

यसैगरी डा. विशाल भण्डारी (दोलखा), श्री गुरुङ (संखुवासभा), ई. निलिमा बस्नेत (झापा), ई. दीपेन्द्र जमरकट्टेल (धादिङ), सीतादेवी पाण्डेय (रुपन्देही), ज्ञानेन्द्रकुमार तामाङ (काभ्रे), डकेन्द्रसिंह थेगिम (इलाम), डा. आशुतोषविजय पन्त (काठमाडौं), डम्बर लावती (सुनसरी), हिराप्रसाद सोती (किरण विक) (रुपन्देही), सोमप्रसाद चौधरी (बर्दिया), विजय कँडेल (नवलपरासी), ई. अरविन्द साह (बारा), धनबहादुर मिक्चन (सर्लाही), कुशल गुरुङ (कास्की), निर्देश सिलवाल (लमजुङ), लाक्पा फुटी शेर्पा (सोलुखुम्बु), सुभाष प्रधान (चितवन), जितराम लामा (काभ्रे) केन्द्रीय सदस्य छन्।

यसैगरी, सरस्वता सुब्बा (सरु) (ताप्लेजुङ), विद्या श्रेष्ठ महर्जन (काठमाडौं), रामेश्वर श्रेष्ठ (काठमाडौं), तुलसा वाइबा (सिन्धुली), रजिया बानु (काठमाडौं), महेन्द्रकुमार थापा (इलाम), ज्योत्सना सैँजू (काभ्रे), अग्निमाया मेचे (झापा), कुसुम घिमिरे (अर्घाखाँची), मनोज लुहार (कैलाली), सुमी मोक्तान (काठमाडौं), सञ्जीव भट्टराई (चितवन), सुजन श्रेष्ठ (काठमाडौं), देवकी पौडेल (नुवाकोट), रोशनी लामा तामाङ (रामेछाप), बालिका चौधरी (बर्दिया), भीमबहादुर कुमाल (कञ्चनपुर), खड्कबहादुर बस्नेत (बागलुङ), राजाराम तण्डुकार (ललितपुर), ई. राजेन्द्र शाही (कालिकोट), शिवानी प्रधान (ललितपुर) रहेका छन्।

दल दर्ताका लागि अद्यावधिक विवरणहरू बुझाउन निर्वाचन आयोग पुगेका इन्जिनियर डा. शंकर ढकालले उज्यालो नेपाल पार्टी मध्यमार्गी सोचको दल भएको र गन्तव्य उन्नत समाजवाद भएको बताए। 'त्यसैले यो उन्नत मध्यमार्गी समाजवादको सिद्धान्तबाट निर्देशित छ। हाम्रो मुख्य उद्देश्य गुणस्तरीय पूर्वाधार र समग्रतामा आर्थिक समृद्धि र क्रान्ति नै हो। व्यवस्थामा परिवर्तन आयो, अवस्थामा आएन। किनभने डेलिभरी दिन सक्ने योग्य मान्छे राजनीतिमा आएनन्,' उनले भने, 'अब विज्ञहरू र युवामा पनि आर्थिक रूपमा स्वतन्त्र र केही व्यवसाय गरेका युवाको वर्चस्व हुने गरी पार्टी बनाएका छौँ,' यो सुरुवात मात्र हो। निर्वाचनपछि यो देशको सत्ता सम्हाल्नेछ।' उनका अनुसार समानुपातिक सहभागिता, मेरिटोक्रेसी, सही व्यक्ति-सही ठाउँलाई पार्टीले मूल मन्त्र बनाएको छ।

सुमना र सुदन गुरुङ अटाएनन्

उज्यालो नेपाल पार्टी गठनका क्रममा सुरुवातमा पूर्वमन्त्री सुमना श्रेष्ठ, हामी नेपालका संयोजक सुदन गुरुङको समूह पनि छलफलमा थियो। ऊर्जामन्त्री घिसिङले चरणबद्ध छलफल गरेका थिए। तर, अन्तिममा पार्टीको नाम, संयोजकमा असहमति जनाउँदै श्रेष्ठ जोडिइनन्। श्रेष्ठ नजोडिएपछि दर्ता गर्ने दिन मंगलबार सुदन गुरुङ पनि पछि जोडिने भन्दै बाहिरिए।

सोमबारसम्म सुदन गुरुङको जेन-जी नेटवर्कमा आबद्ध ६ वटा प्रदेशका संयोजक उज्यालो नेपाल पार्टीको केन्द्रीय सदस्य बन्न सहमत हुँदै सूचीमा नाम राखिएको थियो। तर, मंगलबार सुदन गुरुङले अहिले साथ दिन नसक्ने भनेपछि उनीहरूको नाम हटाएर केन्द्रीय सदस्यको सूची आयोगमा बुझाएको एक सदस्यले बताए।

'सुमनाजीले अनेक प्रश्न गर्नुभयो। सहिद परिवारको मान्छे संयोजक हुनुपर्‍यो भन्नुभयो,' उनले भने, 'जेन-जीको कोही संयोजक बनाउनुपर्छ भन्नुभयो। तर, हामीले अनुहार देखाउनेभन्दा डेलिभरी खोजेको हो, सुशासन, विकास, रोजगारीको अपेक्षा हो भन्यौँ। जेन-जीको आन्दोलनलाई ग्ल्यामराइज गर्ने हो कि खोजेको मुख्य अपेक्षा पूरा गर्ने हो भनेर राख्यौँ।'

त्यसपछि सुमनाले 'कुलमान घिसिङको पार्टी भन्ने, कुलमान घिसिङ प्रत्यक्ष लिडरसिपमा नआउने, यस्तो पनि हुन्छ ?' भनेर प्रश्न गरेकी थिइन्। त्यसमा पार्टीले कुलमानलाई सफल बनाउने सहयोद्धा भएको र कुलमान आइसकेपछि छोड्ने जवाफ दिइएको थियो। साथै, एक व्यक्ति, एक पदको अवधारणाअनुसार पनि कुलमान मन्त्री भएकाले अहिले आउन नसकेको जवाफ दिएका थिए।

त्यसपछि सुमनाले अनुपराज उपाध्यायलाई अहिले अध्यक्ष बनाएपछि कुलमान आउने वेला छोड्छन् त भनेर प्रश्न गरेकी थिइन्। पार्टीले कुलमानले नै सबै पक्षसँग सक्रिय छलफल गरेर पार्टी बनाएकाले उनी नै नेतृत्वमा रहने जवाफ दिँदा सुमना आफू कसरी जोडिने भन्ने मोडमा पुगेको र अहिले शक्तिहीन अवस्थामा कुन पद पाउने भन्ने अन्योलले जोडिन नसकेको तर निरन्तर संवाद भइरहेको नेताहरूले बताएका छन्। उनीहरूले १५ दिन वा महिना दिनपछि कुलमानले पार्टीको नेतृत्व सम्हाल्ने बताएका छन्।

सुमनाले नेपाल विकास पार्टी राख्न प्रस्ताव गरेको र आफूहरूले नेपाल उज्यालो विकास पार्टी प्रस्ताव गरेर बालेनसहितलाई जोड्न खोजे पनि कुरा नमिलेको नेताहरू बताउँछन्। नेताहरूका अनुसार सुमना र सुदन गुरुङ नजोडिए पनि काठमाडौंका मेयर बालेन्द्र शाहनिकट व्यक्तिहरू केन्द्रीय सदस्य बनेका छन्। उनीहरूले यसलाई बालेनकै समर्थनका रूपमा दाबी गरेका छन्।

जेन-जीले खोले जनादेश पार्टी

अधिवक्ता रमन कर्णको संयोजकत्वमा जेन-जी युवाहरूले जनादेश पार्टी नेपाल गठन गरेका छन्। युवाहरूले हातमा माइक बोकेको चुनाव चिह्न राखेर दल गठन गरी दर्ताका लागि मंगलबार निर्वाचन आयोगमा निवेदन दिएका हुन्। पार्टीको मस्यौदाकार जस्मिन ओझाले पार्टीमा १८ वर्षदेखि ८० वर्ष उमेरसम्म पाँचवटा जेनरेसन (पुस्ता)को प्रतिनिधित्व रहेको बताइन्। पार्टीको केन्द्रीय समिति ४९ सदस्यीय रहेको छ।

केन्द्रीय सदस्यमा माधवसुन्दर खड्का, योगेन्द्र तामाङ घिसिङ, एलिजा गौतम, कमल सुवेदी, कुशल खत्री, लक्ष्मण लामा, सीता रेग्मी योञ्जन, जस्मिन ओझा, गणेशप्रसाद चौलागाईं, दीपक चौधरी, विप्लवी न्यौपाने, इन्द्रजित साफी, विनु यादव, रञ्जना पौडेल, प्रदीप भट्टराई, प्रेमकुमार घिसिङ, मणिसुन्दर लिम्बू, विकासकुमार ठाकुर, नीरज सिंह, मनीष गोडवा, केदारमान लामा, शुक तामाङ, सर्जु सिग्देल, मदन कार्की, लक्ष्मी घलान र सम्झना कुँवर छन्।

यस्तै, शंकुप्रसाद जैसी, सुशील बुढाथोकी, छेन्ताङहाङमा लिम्बु, राम नेपाली, अनिता यादव, केशव भट्टराई, नमराज शाही, व्रजित कर्ण, पहलसिंह केसी, रिता भट्टराई, देव श्रेष्ठ, लोमसाङ ब्लोन, नितेशकुमार केशरी, प्रशान्त प्याकुरेल, मन्दीपकुमार लाभ, युवराज थापा, माधवकुमार श्रेष्ठ, विक्रम राना र विमलेगु कुमार रहेका छन्। पत्रकार ऋषि धमला संरक्षक छन्। केन्द्रीय सदस्यसमेत रहेकी ओझाले समावेशी नेतृत्व हुने र जेन-जी महिलालाई प्राथमिकता दिइने बताइन्।

कठिन समयमा नेतृत्व सम्हालेर बिदा हुँदै आइजिपी खापुङ

जेन-जी आन्दोलन दबाउन लागेको दाग प्रहरी संगठनको मनोबल बढाएर मेटाउने प्रयास



■ छोटो समयमै प्रहरीले लय समातेको छ

● **चन्द्रकुवेर खापुङ**, महानिरीक्षक

क्राइसिसका वेला योजना बनाएर काम गर्ने समय पनि भएन । प्रहरीको मनोबल बढाएर क्राइसिसबाट प्रहरीलाई सामान्य अवस्थामा फर्काउन सकिन्छ भनेर केन्द्रित भएर काम गरिएको छ । यसले प्रहरीमा उत्साह फर्किएको छ । छोटो समयमै संगठनले फेरि आफ्नो लय समात्न सफल भएको छ ।

नवराज मैनाली / नयाँ पत्रिका

गत २३ भदौमा भ्रष्टाचारविरुद्ध युवाहरूले आन्दोलन थाल्दा नेपाल प्रहरीका महानिरीक्षक चन्द्रकुवेर खापुङ बधाई थाप्ने व्यस्त थिए । महानिरीक्षकमा नियुक्त भएको पाँच दिन मात्र भएको थियो ।

राम्रोसँग सबै विभागबाट ब्रिफिङसमेत लिन नपाई उनले प्रहरी इतिहासकै सकसपूर्ण समयको सामना गर्नुपऱ्यो । २३ भदौको आन्दोलनमा युवा तथा विद्यार्थीमाथि भएको प्रहरीको दमन र भोलिपल्ट त्यसको विरोधमा भएको विध्वंसले नेपाल प्रहरी इतिहासमै कमजोर अवस्थामा पुगेको थियो । २४ भदौमा आन्दोलनकारीबाट तीन प्रहरी मात्र मारिएनन्, उपत्यकाका ९० प्रतिशत प्रहरी कार्यालय आन्दोलनकारीले कब्जा लिएर आगजनी गर्नुका साथै हातहतियार लुटे । आफ्नो मुख्यालयसमेत प्रहरीले बल्लतल्ल जोगाएको थियो । प्रहरीको इतिहासमा एकैदिन यति ठुलो क्षति कहिल्यै नभोगेको र प्रहरी यसरी निरीह अवस्थामा द्वन्द्वकालमा पनि नभएको प्रहरी अधिकारी बताउँछन् ।

■ दर्ज्यानी चिह्न लगाउने परम्परा सुधार्ने अवसर

नेपाल प्रहरीमा गृह मन्त्रालयका सचिवले नवनियुक्त प्रहरी महानिरीक्षकलाई दर्ज्यानी चिह्न लगाउने परम्परा सुधार्न आवाज उठेको छ । अवकाशमा जाने प्रहरी महानिरीक्षकबाटै नवनियुक्त महानिरीक्षकलाई दर्ज्यानी चिह्न लगाउँदा संगठनमा नेतृत्व हस्तान्तरण र चेन अफ कमान्ड बलियो हुने प्रहरी अधिकारीहरू बताउँछन् । ०४८ सम्म अवकाशमा जाने आइजिपीले नै नयाँ आइजिपीलाई दर्ज्यानी चिह्न लगाउने प्रचलन थियो । त्यसपछि शेरबहादुर देउवा र वामदेव गौतम गृहमन्त्री हुँदा गृहमन्त्रीबाटै लगाइएको थियो । पछि अच्युतकृष्ण खरेल आइजिपी हुँदा फेरि अवकाशमा जाने आइजिपीबाटै लगाउने परम्परा पुनर्स्थापित गरिएको थियो । ०६२/६३ पछि गृहसचिवबाट दर्ज्यानी चिह्न लगाउने परम्परा छ । जुन गलत भएको भन्दै अहिले सुधार गर्न पूर्वप्रहरी अधिकारीले माग गरेका छन् । बिहीबार नवनियुक्त आइजिपी दानबहादुर कार्कीले दर्ज्यानी चिह्न लगाएर प्रहरी नेतृत्व सम्हाल्नेछन् । पूर्वएआइजी रवीन्द्र केसी भन्छन्, 'करिब ९० हजार प्रहरी कर्मचारीको सर्वोच्च कमान्डरले समान श्रेणीका गैरबर्दीधारी कर्मचारीको हातबाट दर्ज्यानी चिह्न लगाउनुपर्ने बाध्यताको अन्त्य गर्नुपर्छ । सकल दर्जाको भावनाको सम्मान गर्नुपर्छ ।'

चुनौतीपूर्ण समयमा प्रहरीको नेतृत्व गरेका खापुङको बर्दीमा एउटा असफलताको दाग लागेको छ । पर्याप्त सुरक्षा योजना बनाएर त्यसको आकलन गर्न नसक्दा यो अवस्था आएको विश्लेषकहरूको भनाइ छ । यो दृष्टिकोणबाट खापुङको कार्यालय प्रहरी इतिहासकै एउटा खराब कालखण्डका रूपमा लेखिनेछ । यद्यपि, त्यसपछिको अवस्थालाई प्रहरीलाई सामान्य अवस्थामा फर्काउन उनले छोटो समयमा गरेको नेतृत्वको पनि इतिहासले मूल्यांकन गर्नेछ । खापुङ बुधबार नवनियुक्त आइजिपी दानबहादुर कार्कीलाई नेतृत्व सुम्पिएर संगठनबाट बिदा हुँदै छन् ।

पूर्वडिआइजी हेमन्त मल्ल यो संकटको समयमा खापुङको नेतृत्वप्रति सन्तुष्ट छैनन् । 'प्रहरी इतिहासमा प्रहरीमाथि यो खालको आक्रमण भएको थिएन, त्यसको झड्का झेल्दाझेल्दै उहाँको कार्यकाल सकियो,' उनले भने, 'छोटो अवधिका लागि नियुक्त हुने महानिरीक्षकले बलियो कमान्ड गर्न सक्दैन, यो घटनापछि लिडरसिपमा ग्याप देखियो, प्रहरीबाट मनोबल बढाउन पर्याप्त प्रयास भएन ।'

७० दिनको छोटो कार्यकाल बिताएर अवकाशमा जान लागेका खापुङ आफ्नो कार्यकाल मिश्रित रहेको र छोटो समयमै प्रहरीले संकटको अवस्थाबाट लय समातेकोमा खुसी लागेको बताउँछन् । 'मेरो कार्यकाल मिश्रित रह्यो । क्राइसिसको समय थियो । योजना बनाएर काम गर्ने समय पनि भएन,' उनले भने, 'प्रहरीको मनोबल बढाएर क्राइसिसबाट प्रहरीलाई सामान्य अवस्थामा फर्काउन सकिन्छ भन्नेमा केन्द्रित भइयो । प्रहरीमा मनोबल फर्किएको छ । छोटो समयमै संगठनले फेरि आफ्नो लय समात्न सफल भएको छ । त्यसमा म खुसी छु ।'

खापुङले कठिन समयमा प्रहरीको नेतृत्व गरेर सामान्यीकरणतर्फ लैजान सक्नु सफलता भएको कतिपय प्रहरी अधिकारीको बुझाइ छ । 'पूर्वप्रधानमन्त्री केपी ओलीलगायतलाई पक्राउ गर्दा राजनीतिक मुठभेड हुन सक्ने भएकाले उहाँले यसमा सही अडान लिनुभयो जस्तो लाग्छ,' एक एआइजीले भने, 'कतिपय स्थानमा उनको कमान्ड सशक्त हुन सकेन होला, तर समग्रमा अहिले प्रहरीको मनोबल फर्काउन सफल हुनभएको छ ।' कठिन समयमा पनि शान्त भएर नआत्तीकन उनले प्रहरी नेतृत्व सम्हालेको प्रहरी अधिकारी बताउँछन् ।

जेन-जी आन्दोलनपछि बनेको सरकारले हस्तक्षेप नगरेकाले पनि उनी शक्तिशाली बनेका थिए । जसकारण प्रहरीका एआइजी र डिआइजीको बढुवामा ठुलो विवाद भएन । प्रहरीमा लामो समयपछि आइजिपीले आफ्नो विवेक प्रयोग गरेर सरुवा निकाल्न पाएका थिए । आइजिपीका रूपमा पदभार ग्रहण गरेको पहिलो निर्णयका रूपमा उनले प्रहरी कर्मचारीका लागि किरियापुत्री भवन बनाउने निर्णयका साथै प्रहरीलाई सयवटा सवारीसाधन खरिदको प्रक्रिया अघि बढाएका छन् ।

■ कांग्रेस बैठक एक महिनादेखि निरन्तर

महाधिवेशन चुनावअघि कि पछि भन्ने विषय अझै अनिर्णीत

प्रेम गौतम / नयाँ पत्रिका

कांग्रेसको वर्तमान कार्यसमितिको चारवर्षे कार्यकाल आगामी मंसिर मसान्तमा सकिँदै छ । कांग्रेस विधानमा विशेष परिस्थितिमा एकवर्षे कार्यकाल थप्न सकिने व्यवस्था छ । तर, गत भदौ तेह्रौ साता भएको जेन-जी आन्दोलनलाई कांग्रेसका संस्थापन र इतर पक्षले आफूअनुकूल व्याख्या गरिरहेको छ । जसकारण एक महिनादेखि जारी कांग्रेस केन्द्रीय कार्यसमिति बैठक अझै सकिएको छैन । केन्द्रीय सदस्यले बोल्ने क्रम सकिएकाले अब पदाधिकारीले आफ्नो धारणा राखेपछि बैठकले औपचारिक निर्णय गर्नेछ । नेताहरूबिच महाधिवेशनको मितिकै विषयमा विवाद छ ।

पार्टी कार्यालय सानेपामा गत २८ असोजमा सुरु भएको बैठकमा नेताहरू महाधिवेशन मितिमै अल्झिएका छन् । संस्थापन पक्षका नेताहरू २१ फागुनको निर्वाचनपछि महाधिवेशन गर्नुपर्ने अडानमा छन् । तर, इतर पक्षका नेताहरू चुनावअघि नै महाधिवेशन गर्नुपर्ने बताइरहेका छन् । केन्द्रीय कार्यसमिति बैठक सुरु गर्दै सभापति शेरबहादुर देउवाले समयमै महाधिवेशन हुने र नेतृत्व हस्तान्तरण गर्ने बताएका थिए । लगत्तै उनले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी तोके । देउवा हाल उपचारका लागि सिंगापुरमा छन् । जेन-जी आन्दोलनका क्रममा देउवादम्पती आक्रमणमा परेका थिए ।

कांग्रेसको १४औँ महाविधेशन २४-२८ मंसिर ०७८ मा भएको थियो । विधानअनुसार कार्यसमितिको नियमित कार्यकाल चार वर्षको हुन्छ । तर, एक वर्ष म्याद थप्न पाउने वैधानिक व्यवस्था छ । त्यही व्यवस्थामा टेकेर संस्थापन पक्ष चुनावपछि महाधिवेशन गर्नुपर्ने पक्षमा छ । तर, इतर पक्ष जेन-जी आन्दोलनको मर्मअनुसार पुस्तान्तरण र रूपान्तरण नगरी चुनावमा जान नसकिने पक्षमा छ ।

महामन्त्री गगन थापाले १८ कात्तिकमा महाधिवेशनसहित १० एजेन्डा प्रस्तुत गरेका थिए । उनले १६-१९ पुसमा १५औँ महाधिवेशनको प्रस्ताव गरेका थिए । थापालाई टक्कर दिँदै संस्थापन पक्षका सहमहामन्त्री महेन्द्र यादवले निर्वाचनपछि २७-३० वैशाख ०८३ मा महाधिवेशन गर्नुपर्ने प्रस्ताव गरेका थिए । यसपछि केन्द्रीय सदस्य र पदाधिकारीहरू ध्रुवीकृत भएका छन् ।



● **बद्री पाण्डे**, सहमहामन्त्री, कांग्रेस



राष्ट्रिय राजनीति र कांग्रेसको आन्तरिक परिस्थितिले पनि तत्काल महाधिवेशनको मिति तोकेर जानुपर्ने माग गरेको छ । महाधिवेशन गर्न ढिला गर्नुहुँदैन ।

● **डा. प्रकाशशरण महत** प्रवक्ता, कांग्रेस



राष्ट्रिय निर्वाचनको सँघारमा आन्तरिक निर्वाचन गर्नुकतिको उपयुक्त छ, त्यसका लागि तयारी पुगेको छ कि छैन भन्ने विषयमा छलफल केन्द्रित छ ।

मंगलबारको बैठकमा सहमहामन्त्रीद्वय बद्री पाण्डे र जीवन परियार तथा केन्द्रीय सदस्यहरू ज्ञानेन्द्रबहादुर कार्की, डा. मीनेन्द्र रिजाल, दीपक गिरी, अम्बिका बस्नेत, मीनबहादुर विश्वकर्मा, सीता गुरुङ, रामजनम चौधरी, राजीवविक्रम शाह, प्रकाश रसाइली स्नेही, भीम पराजुली र गोमाकुमारी भट्टराईले आ-आफ्नो धारणा राखेका छन् । बैठकको बुधबारमा थप पदाधिकारीले धारणा राख्नेछन् ।

महमहामन्त्री पाण्डे र परियारले महाधिवेशनको मिति तोकेर जानुपर्ने धारणा राखे । 'राष्ट्रिय राजनीति र कांग्रेसको आन्तरिक परिस्थितिले पनि तत्काल महाधिवेशनको मिति तोकेर जानुपर्ने माग गरेको छ । महाधिवेशन गर्न ढिला गर्नुहुँदैन । मिति तोकेर जाऔँ,' पाण्डे र परियारको भनाइ उद्धृत गर्दै एक केन्द्रीय सदस्यले भने ।

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले पनि महाविधेशनको मिति निर्वाचनअघि नै तोकेर जानुपर्ने धारणा राखेका छन् । महाधिवेशनलाई पार्टी जीवनमा नयाँ उत्साह र रूपान्तरण ल्याउने अवसरका रूपमा लिनुपर्ने बताउँदै उनले महाधिवेशनको माध्यमबाट निर्वाचनको तयारीमा लाग्नुपर्ने बताएका छन् । 'महाधिवेशनको माध्यमबाट निर्वाचनको तयारी गरौँ, अलमल गरेर समय बर्बाद नगरौँ,' विश्वकर्माले भने । लिखित धारणा राखेका विश्वकर्माले सबै तहका अधिवेशनका तालिका तत्काल सार्वजनिक गर्न र त्यससँगै क्रियाशील सदस्यता नवीकरण तथा नयाँ वितरणलाई तीव्र बनाउन आग्रह गरेका छन् ।

केन्द्रीय सदस्य मीनेन्द्र रिजालले पनि महाधिवेशन गरेर चुनावमा जानुपर्ने धारणा राखे । उनले संसद् पुनर्स्थापनाको पक्षमा पार्टीका सांसदहरूले हस्ताक्षर गरेकोमा असन्तुष्टिसमेत जनाए । उनले नयाँ म्यान्डेटका लागि निर्वाचनमा जान कांग्रेस तयार हुनुपर्ने उनको भनाइ थियो ।

अर्का केन्द्रीय सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले सबैलाई समेटेर चुनावअघि नीति महाधिवेशन गर्न प्रस्ताव गरे । विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षर संकलन गरेका प्रतिनिधिलाई समेत समेटेर नीति महाधिवेशन गर्दै अघि बढ्नुपर्नेमा उनले जोड दिए । विकास, स्थायित्व, संविधानको रक्षा र समृद्धिका लागि पार्टी एक भएर अगाडि बढ्नुपर्नेमा उनको भनाइ थियो ।

नेपाली कम्युनिस्ट पार्टीमा समाहित हुँदै रावलको अभियान

काठमाडौं / नेपाली कम्युनिस्ट पार्टी (नेकपा) वाम-समाजवादी ध्रुवीकरणमा अघि बढेको छ । १० वाम मिलेर गत बुधबार नेपाली कम्युनिस्ट पार्टी घोषणा गरिएको थियो । विचार मिल्ने दल, समूह र व्यक्तिलाई पार्टीमा समाहित गर्दै जाने रणनीति नेकपाको छ ।

वर्ग, दृष्टिकोण र राजनीतिक चिन्तनका आधारमा ध्रुवीकरण अघि बढेको नेताहरूले दाबी गरेका छन् । पश्चगामी र यथास्थितिवादीविरुद्ध अग्रगामी शक्तिहरूलाई संगठित गर्दै नेकपालाई मूल राजनीतिक शक्तिका रूपमा स्थापित गर्ने नेताहरू दाबी गर्छन् । त्यही रणनीतिअन्तर्गत बुधबार भीम रावल नेतृत्वको 'मातृभूमि जागरण अभियान नेपाल' नेकपामा समाहित हुँदै छ ।

'वाम-समाजवादी ध्रुवीकरण सुरु भइसक्यो । सुरुमा १० वाम मिलेर नेपाली कम्युनिस्ट पार्टी बनायौं । भीम रावल नेतृत्वको मातृभूमि जागरण अभियान भोलि समायोजन हुँदै छ । उहाँसँग जोडिएका साथीहरू आउनुहुन्छ । अन्य दल र समूह पनि समायोजन हुन तयार हुनुहुन्छ । उहाँहरू अर्को कार्यक्रममा आउनुहुन्छ,' नेकपा नेता प्रकाश ज्वालाले भने ।



जेन-जी आन्दोलनका सकारात्मक पक्षलाई आत्मसात् गर्दै वाम-समाजवादी शक्तिलाई एकताबद्ध गर्दै समाजवादी लक्ष्य प्राप्तिको दिशामा अघि बढ्ने उनले बताए । 'कम्युनिस्ट आन्दोलनलाई नयाँ शिराबाट अगाडि बढाउन ध्रुवीकरणको विकल्प छैन । सशक्त कम्युनिस्ट शक्ति निर्माणका लागि ध्रुवीकरण प्रक्रिया अघि बढाएका हौं,' उनले भने ।

नेता अग्नि सापकोटाले ध्रुवीकरण अभियान अघि बढिसकेको बताउँदै विचार मिल्ने सबैलाई समेटेर अघि बढ्ने जानकारी दिए । 'ध्रुवीकरण त अघि बढिसक्यो । विचार मिल्ने सँगैलाई समेट्छौं । विभिन्न दल र समूहसँग चरणबद्ध छलफल भइरहेको छ,' उनले भने ।

राष्ट्रिय सभागृह प्रदर्शनीमार्गमा बुधबार दिउँसो २ बजे बृहत् पार्टी समायोजन कार्यक्रम राखिएको छ । कार्यक्रमलाई नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड, सहसंयोजक माधवकुमार नेपाल, मातृभूमि जागरण अभियानका संयोजक भीम राविललगायतले सम्बोधन गर्नेछन् । समायोजनसम्बन्धी सहमतिपत्रमा बुधबार नै हस्ताक्षर हुँदै छ ।

गाँजा वैधानिक गर्ने बाटोमा गण्डकी सरकार

गाँजाखेतीलाई नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा

कास्कीमा **रोहितराज पराजुली**

गण्डकी प्रदेश सरकार गाँजाखेतीलाई वैधानिक गर्ने गृहकार्यमा लागेको छ । त्यसका लागि आवश्यक विधेयक प्रदेश सभा बैठकमा लैजाने भएको छ । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रदेश सभामा प्रवेश गराएको जानकारी दिए ।



प्रदेशको भौगोलिक विशेषता, जमिनको उर्वरता र बालीगत उपयुक्तता तथा व्यावसायिक सम्भाव्यताका आधारमा प्रदेशमा उपलब्ध जमिनमा औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि व्यवस्थित रूपमा गाँजाखेती गर्न अनुमति प्रदान गरी रोजगारी र आयआर्जनमा अभिवृद्धि गर्न कानुन ल्याउन लागेको उनको भनाइ छ ।

विधेयकमा लागुऔषधका रूपमा प्रयोग हुन सक्ने गाँजाको चोप, खोटजस्ता पदार्थबाहेकका गाँजाको बोटबाट औद्योगिक कच्चा पदार्थ तथा औषधिजन्य कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिने डाँठ, बोक्रा, पात, फूल, फल, निस्सार वा जराजस्ता पदार्थलाई 'गाँजाजन्य पदार्थ', औषधि व्यवस्था विभागमा दर्ता भएको औषधि उद्योग वा कम्पनीले औषधि निर्माण गर्ने प्रयोजनका लागि उत्पादित एवं सम्बन्धित चिकित्सा परिषद्मा दर्तावाल चिकित्सकले सिफारिस गरेका आधारमा औषधि वा चिकित्सकीय उपयोगका लागि प्रयोग गरिने गाँजा वा सोको भागसमेतलाई 'औषधिजन्य प्रयोजन' भनिएको छ । औद्योगिक कच्चा पदार्थका रूपमा प्रयोग हुने गाँजाको बोटबाट प्राप्त हुने फाइबर, बियाँ, पात, तेल, फूल वा डाँठसमेतलाई 'औद्योगिक प्रयोजन' भनिएको छ ।

गाँजाखेतीका लागि कम्तीमा पनि दुई रोपनी जग्गा हुनुपर्ने व्यवस्था विधेयकमा गरिएको छ । खेतीको अनुगमन तथा निर्देशनसम्बन्धी कामसमेतका लागि मुख्यमन्त्रीको अध्यक्षतामा नौ सदस्यीय निर्देशक समिति रहनेछ । समितिको सदस्यहरूमा कृषि, स्वास्थ्य, उद्योग र वनसम्बन्धी विषय हेर्ने मन्त्री, प्रदेशका प्रमुख सचिव, प्रदेश प्रहरी प्रमुख, आन्तरिक मामिला हेर्ने मन्त्रालयको सचिव रहनेछन् भने निर्देशक सदस्यसचिव रहनेछन् ।

संक्षेप

१५ बुँदे सहमतिपत्रमा हस्ताक्षरपछि मेलम्चीको पानी खोल्ने सहमति

काठमाडौं / मेलम्ची खानेपानी आयोजनाको मुहानमा पाँच दिनदेखि जारी अवरोध हट्ने भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङको उपस्थितिमा मंगलबार राति भएको छलफलमा मेलम्ची खानेपानी आयोजनाको पानी पथान्तरणमा हुँदै आएको अवरोध हटाउन आन्दोलनरत संघर्ष समितिका प्रतिनिधि सहमत भएका हुन् । १५ बुँदे सहमतिपत्रमा हस्ताक्षर गरेलगत्तै स्थानीयवासीले आन्दोलनका सबै कार्यक्रम फिर्ता लिएका छन् । मंगलबार राति १० बजेसम्म भएको छलफलमा भौतिक पूर्वाधारसचिव, खानेपानी मन्त्रालयका सचिव, मेलम्ची खानेपानी विकास समितिका पदाधिकारी र सरोकारवालाको उपस्थितिमा समझदारीपत्रमा हस्ताक्षर भएपछि विवाद समाधान भएको हो । मेलम्चीवासीसँग सरकारले गरेको पूर्वसम्झौता कार्यान्वयन नगरेको भन्दै २० कात्तिकदेखि काठमाडौं ल्याइएको पानी स्थानीयवासीले अवरुद्ध पार्दै आएका थिए । जसका कारण काठमाडौंको खानेपानी वितरणमा समस्या भइरहेको थियो ।

पत्रकार महासंघले सञ्चारमन्त्रीलाई बुझायो नौबुँदे ध्यानाकर्षणपत्र

काठमाडौं / नेपाल पत्रकार महासंघले सञ्चारमन्त्री जगदीश खरेललाई नौबुँदे ध्यानकर्षणपत्र बुझाएको छ । पत्रकारको पेसागत सुरक्षादेखि कानुन कार्यान्वयनसम्मका विषय समेटेर महासंघले मंगलबार मन्त्री खरेलको ध्यानाकर्षण गराएको हो । सञ्चार क्षेत्रसँग सम्बन्धित नीति तथा कानुन निर्माणमा महासंघलगायत सरोकारवालासँग छलफल गर्ने लोकतान्त्रिक चरित्र अघिल्ला सरकारले नदेखाएको महसुस भएको भन्दै महासंघले जननिर्वाचित प्रतिनिधिसभा विघटन भएको अहिलेको अवस्थामा अन्तरिम सरकारले सञ्चार क्षेत्रलाई प्रभावित पार्ने दूरगामी नीति ल्याउन खोजेको आशंका गरेको छ । सञ्चार क्षेत्रसँग सम्बन्धित अत्यावश्यक नीति निर्माण गर्नुपर्ने अवस्थामा महासंघसहित सरोकारवाला पक्षसँग समझदारी बनाएर मात्र अगाडि बढ्न तथा दीर्घकालीन असर पार्ने नीति निर्माणमा हतार नगर्न महासंघले आग्रह गरेको छ । हालै सरकारले जारी गरेको छापाखाना तथा प्रकाशनसम्बन्धी (दोस्रो संशोधन) नियमावलीमा रहेका प्रेस स्वतन्त्रताविरोधी प्रावधान तत्काल सच्याउन महासंघले माग गरेको छ । स्वरोजगारबाहेकका सबै सञ्चारगृहलाई अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन आवश्यक कदम चाल्न पनि महासंघले माग गरेको छ । नेपाल सरकारको बजेटमा सम्बोधन भएका पत्रकारको निःशुल्क उपचारको व्यवस्था, महासंघको कार्यालय भवनको मर्मतसम्भार, अशक्त पत्रकारको जीविकोपार्जनको व्यवस्थालगायतको सुनिश्चित गर्नसमेत आग्रह गरिएको छ ।

आयल निगमको धनगढी डिपो बस्तीबाट सार्न स्थानीयको माग

धनगढी / घना बस्तीले घेरिएको नेपाल आयल निगमको धनगढीस्थित डिपो अन्यत्र सार्न स्थानीयले माग गरेका छन् । धनगढी उपमहानगरपालिका- ३ चटकपुरमा रहेको डिपोवरिपरिका स्थानीयले स्थानान्तरणको प्रक्रिया तत्काल सुरु नगरे दबाबमूलक आन्दोलन सुरु गर्ने चेतावनीसमेत दिएका छन् । डिपोले बस्ती जोखिममा परेको हुँदा अन्यत्र सार्नुपर्ने माग गर्दै स्थानीयले निगमको प्रादेशिक कार्यालय धनगढीमा ज्ञापनपत्र बुझाएका छन् । डिपोका कारण आफूहरू त्रासमा बस्नुपरिरहेको उनीहरूको गुनासो छ । निगमको पर्खालसँगै दर्जनौं घर जोडिएका छन् । डिपोनजिक बस्तीसँगै विद्यालय, आँखा अस्पताललगायत व्यापारिक भवन छन् । इन्धन भण्डारण गरिएका ठुलाठुला ट्यांक नजिकै भएकाले घरमा आगो बाल्न पनि डराउनुपर्ने अवस्था रहेको स्थानीयको गुनासो छ । डिपोअगाडिको ६ लेन सडकमा दैनिक सयौं सवारीसाधन गुड्छन् । सडकमा ठुलो दुर्घटना भए निगमसमेत जोखिममा पर्ने देखिन्छ । निगमको डिपोमा १५ लाख ९० हजार लिटर डिजेल, आठ लाख ३० हजार लिटर पेट्रोल र ७० हजार लिटर मट्टीतेल भण्डारण गर्ने क्षमता छ । डिपोको इन्धन राख्ने ट्यांकीबाट करिब १५-२० मिटरको दूरीसम्ममा घरहरू छन् ।

रोकिएको जग्गा कित्ताकाट खुल्यो

भूउपयोग नियमावलीमा संशोधन, भूमि वर्गीकरणका लागि असारसम्मको म्याद

● भूमि व्यवस्थापन तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता **गणेशप्रसाद भट्ट** भन्छन्-



मन्त्रिपरिषद्बाट स्वीकृत नियमावलीमा भूउपयोग वर्गीकरणको म्याद आगामी असारसम्म कायम गर्ने व्यवस्था गरिएको छ । यसले रोकिएको कित्ताकाट तत्कालका लागि खुलेको छ ।

सुवास भट्ट / नयाँ पत्रिका

रोकिएको जग्गा कित्ताकाट तत्कालका लागि खुलेको छ । सरकारले भूउपयोग नियमावलीमा संशोधन गरेर कित्ताकाट खोल्नेलगायत व्यवस्था गरेको हो । भूमि बैंक खोल्ने व्यवस्था पनि संशोधनमार्फत नियमावलीमा गरिएको छ । संशोधनले भूमि व्यवस्थापनका पेचिला जटिलता फुकाएको छ ।

भूमि व्यवस्थापन तथा गरिबी निवारण मन्त्रालयको प्रस्तावमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले 'भूउपयोग (तेस्रो संशोधन) नियमावली, २०८२' स्वीकृत गरेको छ । मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टका अनुसार यो संशोधनले भूउपयोग वर्गीकरणको म्याद थप्ने व्यवस्था गरेको छ । 'मन्त्रिपरिषद्बाट स्वीकृत नियमावलीमा भूउपयोग वर्गीकरणको म्याद आगामी असारसम्म कायम गर्ने व्यवस्था गरिएको छ,' उनले भने, 'यसले रोकिएको कित्ताकाट तत्कालका लागि खुलेको छ ।'



सरकारले पछिल्लोपटक गत असारसम्मका लागि भूउपयोग वर्गीकरणको म्याद कायम गरेको थियो । तर, उक्त अवधिसम्म अधिकांश स्थानीय तहले भूमि वर्गीकरण गरेनन् ।

प्रवक्ता भट्टका अनुसार गत असारसम्म २५३ वटा स्थानीय तहले मात्र जग्गा वर्गीकरण गरेका थिए । पाँच सय स्थानीय तहले वर्गीकरण गरेनन् । यसमा महानगरपालिकादेखि गाउँपालिकासम्म थिए । भूमि वर्गीकरण नगरेका स्थानीय तहको कित्ताकाट रोकिएको थियो । कित्ताकाट रोकिँदा जग्गा कारोबार सुस्ताएर त्यसबाट आर्जन हुने राजस्वसम्मै असर परेको थियो ।

सरकारले ०७९ जेठमा भूउपयोग नियमावली जारी गरेर भूमिको वर्गीकरणको व्यवस्था गरेको थियो । नियमावलीले ६ महिनाभित्र भूमि वर्गीकरण गर्ने व्यवस्था गरेको थियो । तर, वर्गीकरणमा स्थानीय तहहरूले चासो नदिएपछि पटक-पटक वर्गीकरणको म्याद थप्दै लगिएको थियो । पछिल्लोपटक गत असारसम्मका लागि वर्गीकरणको म्याद कायम गरिएको थियो । वर्गीकरण सकेर साउनदेखि कित्ताकाट गर्ने भनिएको थियो । तर, वर्गीकरण नै नभएपछि कित्ताकाट हुन सकेको थिएन ।

कृषियोग्य क्षेत्रको संरक्षणका लागि ०७६ मा जारी भएको भूउपयोग ऐनले भूबनोट, भूमिको क्षमता, उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकतासमेतका आधारमा भूउपयोग क्षेत्रको वर्गीकरण गर्ने व्यवस्था गरेको थियो । ऐनले कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदी खोला ताल सीमसार क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र र नेपाल सरकारबाट आवश्यकताअनुसार तोकिएका अन्य क्षेत्र गरी १० वटामा वर्गीकरण गर्नुपर्ने व्यवस्था गरेको थियो । तर, नियमावलीमा व्यवस्था भएर आउनै झन्डै तीन वर्ष लाग्यो । नियमावली जारी भएको अर्को साढे तीन वर्ष बितिसक्दा पनि वर्गीकरणसम्बन्धी व्यवस्था कार्यान्वयनमा जटिलता छ ।

सोमबार मन्त्रिपरिषद्बाट स्वीकृत भएको संशोधित भूउपयोग नियमावलीले भूमि बैंकसम्बन्धी व्यवस्था पनि गरेको मन्त्रालयका प्रवक्ता भट्टले बताए । भूमि बैंकसम्बन्धी व्यवस्थाले सम्बन्धित स्थानीय तहले मध्यस्थतामा बाँझो जग्गा उपयोगमा लगाउन सक्ने बाटो खोलिदिएको उनको भनाइ छ । 'भूमि बैंकसम्बन्धी व्यवस्थाले बाँझो जग्गा उपयोगमा लगाउन सहज गरिदिनेछ,' उनले भने । भूमि बैंकसम्बन्धी व्यवस्था ऐनमा भए पनि नियमावलीमा थिएन । नियमावलीमा यससम्बन्धी व्यवस्था पहिलोपटक भएको मन्त्रालयले जनाएको छ ।

डिजिटल क्रान्तिभित्र एमालेको भविष्य

फैलँदो डिजिटल क्रान्तिले एमालेको विचारधारा र नीति-निर्माण प्रक्रियालाई आधुनिक बनाउन दबाब दिएको छ



● सुरेश गौतम

अग्रलेख

डिजिटल क्रान्ति एक ऐतिहासिक र मौलिक परिवर्तन हो, जसले हाम्रो समाज, अर्थव्यवस्था, र जीवनशैलीलाई विगत केही दशकमा आमूल रूपमा रुपान्तरण गरिदिएको छ। डिजिटल क्रान्ति, जसलाई तेस्रो औद्योगिक क्रान्ति पनि भनिन्छ। यसको सुरुवात बीसौँ शताब्दीको उत्तरार्द्धितर खासगरी सन् १९८० को दशकदेखि कम्प्युटर र माइक्रोप्रोसेसरहरूको विकाससँगै भयो र अहिले यो तीव्र गतिमा अगाडि बढिरहेको छ। माइक्रोप्रोसेसरहरूको विकास भनेको कम्प्युटरलाई ठुला कोठाबाट ल्यापटप, ट्याब्लेट र अन्ततः मोबाइल फोनको आकारमा ल्याउने र हरेक पुस्तामा त्यसको प्रशोधन क्षमतालाई कैयौँ गुणाले बढाउने ऐतिहासिक र निरन्तर प्रक्रिया हो। डिजिटल क्रान्तिका मुख्य आधारस्तम्भमध्ये पहिलो, 'डिजिटाइजेसन' अर्थात् सूचनालाई भौतिक कागजी स्वरूपबाट 'बाइनरी कोड' अर्थात् डिजिटल स्वरूपमा रुपान्तरण गर्ने प्रक्रिया हो। यसबाट जानकारीलाई सजिलै प्रतिलिपि गर्न, संग्रह गर्न र सम्पादन गर्न सकिन्छ। दोस्रो हो, कम्प्युटर र मोबाइल उपकरण। व्यक्तिगत र सस्ता कम्प्युटरको आगमनले प्रविधिको पहुँचलाई केन्द्रीकृत प्रयोगशाला वा कार्यालयबाट हरेक व्यक्तिको हातमा पुऱ्यायो। तेस्रो हो, इन्टरनेट र वर्ल्ड वाइड वेब। यसले विश्वव्यापी सञ्जाल स्थापना गरी सूचनाको स्थानान्तरणको गति र दायरालाई कल्पनाबाहिर पुऱ्याइदियो। चौथो हो, कनेक्टिभिटी। यसले द्रुत गतिको इन्टरनेट, अप्टिकल फाइबर र मोबाइल नेटवर्कले मानिसलाई जुनसुकै वेला, जुनसुकै स्थानबाट जोड्न सम्भव बनायो। डिजिटल क्रान्तिले औद्योगिक उत्पादन प्रक्रियालाई स्वचालित बनायो र कार्यक्षमतालाई अत्यधिक बढायो। यसले कम लागतमा धेरै उत्पादन गर्न सम्भव भयो। नयाँ व्यापार मोडेलको उदय इ-कमर्स, गिग इकोनोमी र प्लेटफर्म अर्थतन्त्रको जन्म भयो, जसले परम्परागत मध्यस्थकर्ता र खुद्रा व्यापारलाई विस्थापित गऱ्यो। इन्टरनेटले गर्दा साना र मझौला व्यवसायले पनि विश्वव्यापी बजारमा सजिलै प्रवेश पाए, जसले गर्दा विश्वव्यापीकरणको गति तीव्र भयो।

डिजिटल क्रान्ति अहिले पनि जारी छ, हामी यसको अर्को चरणमा प्रवेश गरिरहेका छौँ, जसलाई चौथो औद्योगिक क्रान्ति भनिन्छ। यस चरणमा डिजिटल, भौतिक र जैविक क्षेत्रबिचका सीमा धमिलिँदै गएका छन्। कृत्रिम बुद्धिमत्ता एआईलाई स्वास्थ्य सेवा, उत्पादन र यातायात प्रणालीमा एकीकृत गरिँदै छ। डिजिटल क्रान्तिले मानिसलाई थप शक्तिशाली बनायो, तर यसले जिम्मेवारीको नयाँ 'सेट' पनि लिएर आएको छ। यसलाई कसरी प्रयोग गर्ने भन्ने कुराले नै हाम्रो भविष्य कस्तो हुन्छ भन्ने निर्धारण गर्छ। डिजिटल क्रान्ति एक विशाल परिवर्तनकारी शक्ति हो, जसले समाजका हरेक पक्षमा सकारात्मक र नकारात्मक दुवै प्रकारका गहिरो प्रभाव पारेको छ। यसलाई सन्तुलित दृष्टिकोणबाट बुझ्न आवश्यक छ। डिजिटल क्रान्तिले मानिसको जीवन सहज, ज्ञानमा पहुँचयोग्य र आर्थिक रूपमा बढी गतिशील बनाएको छ। इन्टरनेटका माध्यमबाट संसारभरिका ज्ञान, शैक्षिक सामग्री र अनुसन्धानमा तत्काल पहुँच सम्भव भएको छ। यसले शिक्षाको लोकतान्त्रीकरण गरेको छ। सामाजिक सञ्जालले परम्परागत मिडियाको नियन्त्रण तोडेको छ। सीमान्तकृत समुदाय र आमनागरिकले पनि आफ्नो आवाज उठाउन, अन्यायविरुद्ध बोल्न र राज्यलाई जवाफदेही बनाउन सक्ने शक्तिशाली माध्यम पाएका छन्। नवीन व्यापार मोडेलअन्तर्गत इ-कमर्स, गिग इकोनोमीजस्तै फुड डेलिभरी, ट्याक्सी सेवा र डिजिटल भुक्तानी प्रणालीले नयाँ आर्थिक अवसर सिर्जना गरेका छन्। भौगोलिक सीमा हटाइदिएर जहाँबाट पनि काम गर्ने संस्कृतिको विकास भएको छ, जसले महिला, अपांगता भएका व्यक्ति र दुर्गम क्षेत्रका मानिसलाई समेत रोजगारीका अवसर दिएको छ। दूरदराजका क्षेत्रबाट पनि विशेषज्ञ चिकित्सकसँग अनलाइन परामर्श लिन सम्भव भएको छ, जसले स्वास्थ्य सेवाको पहुँचमा सुधार गरेको छ। सरकारी सेवाहरूको डिजिटाइजेसनले प्रक्रियालाई पारदर्शी, छिटो र भ्रष्टाचारमुक्त बनाउँदै गएको छ। इमेल, भिडियो कल र च्याट एप्सले संसारका जुनसुकै कुनामा रहेका मानिससँग तत्काल र निःशुल्क सञ्चार गर्न सम्भव बनाएका छन्। यसले परिवार, साथीभाइ र व्यापारिक सम्बन्धलाई बलियो बनाएको छ। डिजिटल क्रान्तिले समाजलाई धेरै शक्तिशाली उपकरण दिएको छ। यी उपकरणलाई हामीले सिर्जनात्मक र विध्वंसात्मक दुवै तरिकाले प्रयोग गर्न सक्छौँ। यसैले गर्दा यो दुई धारको तरबारजस्तै हो, जसलाई चलाउँदा ठुलो सावधानी र नैतिक जिम्मेवारीको आवश्यकता पर्छ। डिजिटल क्रान्तिलाई केवल नयाँ उपकरणजस्तै स्मार्टफोन, ल्यापटप प्रयोगका रूपमा मात्र बुझ्नु यसको गहिराइलाई नजरअन्दाज गर्नु हो। डिजिटल क्रान्ति वास्तवमा एक गहन र बहुआयामिक रूपान्तरण हो, जसले हाम्रो सांस्कृतिक, आर्थिक र सामाजिक संरचनालाई मौलिक रूपमा परिवर्तन गरेको छ। डिजिटल क्रान्तिलाई प्राविधिक विकास मात्र नभई मानव सभ्यतामा आएको एउटा नयाँ युगका रूपमा बुझ्नुपर्छ।



एमालेजस्तो विशाल संगठन भएको पार्टीका लागि डिजिटल क्रान्तिले आन्तरिक व्यवस्थापनमा ठुलो अवसर सिर्जना गर्छ। एमालेले आफ्ना लाखौँ सदस्यको व्यक्तिगत विवरण, लेबी र क्रियाकलापलाई डिजिटल डाटाबेसमा व्यवस्थित गरेर संगठनलाई थप पारदर्शी र दक्ष बनाउन सक्छ। यसले कार्यकर्ता परिचालन र लक्षित समूहसम्म पुग्न सहयोग गर्छ। केन्द्रदेखि वडासम्मका कार्यकर्ताबिच तत्काल र प्रभावकारी सञ्चारका लागि विशेष डिजिटल प्लेटफर्मजस्तै एमालेको आफ्नै एप वा च्याट समूहको प्रयोग गर्न सकिन्छ। यसले गुटगत विभाजन र सूचनाको अभावलाई कम गर्न मद्दत गर्छ। पार्टीका नेता तथा कार्यकर्तालाई डिजिटल साक्षरता, साइबर सुरक्षा र डाटा विश्लेषणबारे तालिम दिएर पार्टीको नीति-निर्माण क्षमतालाई आधुनिक बनाउन सकिन्छ। पार्टीभित्रको पुरानो शैलीको शक्ति संरचना र परम्परागत काम गर्ने बानीजस्तै भौतिक भेला र बैठकको अनिवार्यताले यस प्रकारको डिजिटल रुपान्तरणमा ढिलाइ गर्न सक्छ। डिजिटल युगमा हरेक गतिविधि, अभिव्यक्ति र निर्णयको तत्काल अडिट हुन्छ। पार्टीले आफ्नो आर्थिक पारदर्शिता, नेताहरूको जीवनशैली र जनसरोकारका विषयमा देखिएका अडानलाई प्रविधिमार्फत खुला गर्नुपर्छ, अन्यथा जेन-जी विद्रोहजस्ता आन्दोलनको सामना गर्नुपर्ने हुन्छ। एमालेजस्तो पार्टीलाई लक्ष्य गरी फैलाउन सकिने दुष्प्रचार र ट्रोलिङको सामना गर्न एक बलियो र सक्रिय 'डिजिटल वार रुम' आवश्यक छ। युवाबिच मौलाएको विरोध र विद्रोहको संस्कृतिले गर्दा परम्परागत राजनीतिक दलका सकारात्मक सन्देशलाई विश्वास दिलाउन कठिन छ। केवल प्रशंसाको 'इको चेम्बर'मा मात्र सीमित नभई वास्तविक समस्याको सम्बोधन डिजिटल माध्यमबाट गर्नुपर्छ।

> एमालेको भविष्यका लागि डिजिटल क्रान्ति अनिवार्य आवश्यकता हो। यो केवल चुनावी प्रचारको साधन होइन, बरु संगठनको मेरुदण्ड र सुशासनको आधार बन्नुपर्छ।

डिजिटल क्रान्तिले एमालेको विचारधारा र नीतिनिर्माण प्रक्रियालाई आधुनिक बनाउन दबाब दिएको छ। पार्टीले अब परम्परागत आकलनको सट्टा 'बिग डाटा एनालिटिक्स', सर्वेक्षण र सामाजिक सञ्जालको भावना प्रयोग गरी वास्तविक जनमत र आवश्यकताका आधारमा नीति निर्माण गर्नुपर्छ। पार्टीले आफ्नो समृद्ध नेपाल, सुखी नेपालीको नारालाई कार्यान्वयन गर्न डिजिटल नेपाल फ्रेमवर्कलाई उच्च प्राथमिकता दिनुपर्छ। यसमा कृत्रिम बुद्धिमत्ता, फिनटेक र स्थानीय डिजिटल उद्यमशीलतालाई प्रोत्साहन गर्ने स्पष्ट नीति हुनुपर्छ। एमालेको भावी समाजवादको खाकाले कसरी डिजिटल प्रविधिको प्रयोग गरी असमानता कम गर्ने, सेवाहरूमा पहुँच बढाउने र उत्पादन बढाउने भन्ने विषयलाई स्पष्ट रूपमा समावेश गर्नुपर्छ। डिजिटल क्रान्ति एमालेको भविष्यलाई सिध्याउने होइन, बरु आफ्नो स्वरूप परिवर्तन गर्न बाध्य पार्ने एउटा निर्णायक मोड हो। एमालेले प्रविधिलाई केवल प्रचारको माध्यमको रूपमा मात्र नभई, संगठनात्मक शुद्धीकरण, पारदर्शी सुशासन र डाटा-आधारित नीति-निर्माणका आधारका रूपमा आत्मसात् गर्नुपर्छ। पार्टीले परम्परागत ढाँचा र पुरानो शैलीको राजनीतिलाई नै निरन्तरता दियो भने यो डिजिटल क्रान्तिले जन्माएको नयाँ राजनीतिक शक्ति र युवा मतदाताबाट विच्छेद भएर पछाडि पर्न सक्छ। एमालेको भविष्य डिजिटल युगमा उसले आफूलाई कति छिटो र प्रभावकारी रूपमा आन्तरिक एवं बाह्य रुपान्तरण गर्न सक्छ भन्नेमा निर्भर गर्छ। डिजिटल क्रान्तिलाई एमालेले आफ्नो संगठनलाई सुदृढ पार्न, जनतासँगको सम्बन्ध गहिरो बनाउन र प्रभावकारी शासनका लागि सदुपयोग गर्न सक्छ। यसका लागि पार्टीले स्पष्ट रणनीतिक योजना निर्माण गर्नुपर्छ।

जनसम्पर्क र चुनावी रणनीतिअन्तर्गत डाटा एनालिटिक्स प्रयोग गरी लक्षित वर्गसम्म प्रभावकारी रूपमा पुग्ने र जनमतको सही बुझाइ विकास गर्न सामाजिक सञ्जालको विश्लेषणका लागि जनमत निगरानी कक्ष स्थापना गरेर सामाजिक सञ्जाल, अनलाइन मिडिया र ब्लगहरूमा पार्टीप्रतिको भावना विश्लेषण गर्न सकिन्छ। जनमतको वास्तविक रुझान बुझ्न, तुरुन्तै गलत सूचनाको खण्डन गर्न र नकारात्मक टिप्पणीलाई सकारात्मक सन्देशमा बदल्न केन्द्रीय तहमा डाटा एनालिस्ट, सफ्टवेयर इन्जिनियर र डिजिटल मार्केटिङ विशेषज्ञ सम्मिलित एक स्थायी आइटी/टेक्नोलोजी विभाग स्थापना गर्न सकिन्छ। एमालेको भविष्यका लागि डिजिटल क्रान्ति अनिवार्य आवश्यकता हो। यो केवल चुनावी प्रचारको साधन होइन, बरु संगठनको मेरुदण्ड र सुशासनको आधार बन्नुपर्छ। उपर्युक्त रणनीतिलाई सही कार्यान्वयन गर्न सकेमा, एमालेले आफूलाई आधुनिक, पारदर्शी र युवापुस्ताको आकांक्षा बुझ्ने पार्टीका रूपमा स्थापित गर्न सक्छ। डिजिटल क्रान्ति र राजनीतिक आन्दोलन एक-अर्कासँग गहिरो रूपमा जोडिएका छन्। डिजिटल क्रान्तिले राजनीतिक आन्दोलनको प्रकृति, गति र पहुँचलाई मौलिक रूपमा परिवर्तन गरिदिएको छ। यसलाई डिजिटल विद्रोह पनि भनिन्छ, जहाँ प्रविधिले नागरिकलाई संगठित हुन, आफ्ना विचार व्यक्त गर्न र सत्तालाई चुनौती दिन अभूतपूर्व शक्ति प्रदान गरेको छ। डिजिटल क्रान्तिले आन्दोलनका परम्परागत स्वरूपलाई चुनौती दिएको छ। परम्परागत आन्दोलनजस्तै नेपालको ०४६ वा ०६२/६३ को आन्दोलनलाई नेतृत्व दिन निश्चित राजनीतिक दल वा स्पष्ट नेताको आवश्यकता पर्थ्यो। आज सामाजिक सञ्जाल र च्याट प्लेटफर्महरूले आन्दोलनलाई विकेन्द्रीकृत र नेताविहीन बनाइदिएको छ। हालै नेपालमा जेन-जी पुस्ताले डिजिटल क्रान्तिलाई राजनीतिक आन्दोलनको मुख्य हतियार बनाएको सर्वविदितै छ। डिजिटल क्रान्तिले केवल प्रविधि मात्र नभई राजनीतिक दलहरूको संगठन, सञ्चालन र जनतासँगको अन्तर्क्रियालाई पनि रुपान्तरण गर्दै छ। राजनीतिक आन्दोलनलाई अत्यधिक शक्तिशाली, छिटो र व्यापक बनाएको छ। डिजिटल क्रान्तिले एमालेलाई पुरानो पार्टीको छविबाट माथि उठेर नेपालको भविष्यको आवश्यकता बुझ्ने दूरदर्शी र उत्तरदायी शक्तिका रूपमा स्थापित गर्ने अपरिहार्य मार्ग देखाएको छ। एमालेका लागि डिजिटल क्रान्ति केवल प्रचार गर्ने माध्यम मात्र नभई राजनीति गर्ने तरिकामै परिवर्तन ल्याउने मौका हो। यसलाई कार्यान्वयन गरेमा मात्र एमाले २१औँ शताब्दीको नेतृत्व गर्न सक्ने एक आधुनिक र उत्तरदायी शक्तिका रूपमा स्थापित हुनेछ।

---

३ प्रश्न

सरुवा रोग विशेषज्ञ
डा. शेरबहादुर पुनलाई



■ चिसो बढेसँगै कस्ता रोगको जोखिम बढी देखिने गर्छ ?

सामान्यतया चिसो बढेसँगै श्वासप्रश्वाससँग सम्बन्धित रोगको संक्रमण बढी देखिन्छ। अधिकांशलाई रुघाखोकीले सताउँछ। यो समयमा ज्वरोको समस्या पनि बढी देखिने गर्छ। घाँटी दुख्ने, चिलाउने, जिउ दुख्नेजस्ता समस्या पनि बढ्छन्। निमोनियाका बिरामी पनि यही समयमा बढी देखिन्छन्। कोल्ड डायरियाका बिरामी पनि यही सिजनमा बढी भेटिन्छन्। बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म झाडापखाला र बान्ताको समस्या बढ्छ। ज्वरो आउने, कमन कोल्ड देखिने, कडा खोकी लाग्ने, ज्यान दुख्नेजस्ता समस्या भएमा त्यो फ्लु पनि हुन सक्छ। भारतमा केही समयअघि नै फ्लु फैलिसकेको छ। अब छिटै त्यो नेपालमा पनि आइपुग्छ। विशेषगरी, बालबालिका र ज्येष्ठ नागरिकमा जोखिम बढी देखिने भए पनि हामी सबै सतर्क हुनु जरुरी छ।

■ यस्ता रोगबाट बच्न के-कस्ता सावधानी अपनाउनुपर्ला ?

हाम्रा सहरबजारको हावामा धुलोधुवाँको मात्रा बढी हुने भएकाले बाहिर निस्किँदा सकभर मास्क लगाउने गर्नुपर्छ। बाहिरबाट घर फर्केपछि र खानेकुरा खानुअघि साबुनपानीले राम्ररी हात धुनुपर्छ। अहिले त फ्लुको खोपको पनि व्यवस्था छ। यसलाई किनेर लगाउन सकिन्छ। खासगरी मधुमेह, उच्च रक्तचापजस्ता रोगको औषधि सेवन गरिरहेका, ज्येष्ठ नागरिक, गर्भवतीहरूमा फ्लुको जोखिम बढी देखिने हुनाले चिकित्सकको सल्लाहमा खोप लगाउनु उपयुक्त हुन्छ।

■ यो समयमा कस्तो खानपान जरुरी हुन्छ ?

सामान्यतः घरमै बनेका नियमित खानेकुरा खानु राम्रो हुन्छ। झोलिलो पदार्थ भने प्रशस्त खानु जरुरी छ। रेफ्रिजरेटरमा राखिएका चिसा खानेकुराभन्दा मनतातो खानेकुरा खानु राम्रो हुन्छ। तर, खानासँगै सम्भव भएसम्म आरामको पनि आवश्यकता छ।

प्रेरक प्रसंग

बालकको स्वावलम्बी सोच

प्राचीन ग्रिसमा किलेन्थिस नामक एक बालक एथेन्सका तत्कालीन विख्यात तत्त्ववेत्ता जिनोको पाठशालामा पढ्थे। बालक अत्यन्त गरिब थिए। उनको शरीरमा सद्दे कपडा कहिल्यै देखिन्नथे। ती कपडा लाज ढाक्नसमेत पर्याप्त थिएनन्। तर, शरीरमा कपडा नभए पनि उनी विद्यालयले तोकेको शुल्क भने नियमित बुझाउने गर्थे। बालक पढाइमा अत्यन्त तेज थिए। जसले गर्दा अन्य सबैजसो विद्यार्थी उनको ईर्ष्या गर्थे।



शरीरमा ढंगको कुनै कपडा नहुने किलेन्थिसले स्कुलको शुल्क भने नियमित तिरिरहेकोमा केही विद्यार्थीलाई सन्देह थियो। उनीहरू किलेन्थिसले चोरी गरेर शुल्क तिरिरहेकामा विश्वस्त थिए। आखिर उनीहरूले चोर भन्दै किलेन्थिसलाई पक्राउ गराइछाडे। मुद्दा अदालतसम्म पुग्यो। किलेन्थिसले निर्भयतापूर्वक न्यायाधीशसमक्ष भने- महोदय, म यस विषयमा पूर्णतः निर्दोष छु। मैले कसैको कुनै चोरी गरेको छैन। ममाथि लागेको आरोप सर्वथा झुटो हो। यस विषयमा सफाइ दिनका लागि म दुईजना साक्षी प्रस्तुत गर्ने अनुमति चाहन्छु। साक्षीलाई बोलाइयो। पहिलो साक्षी थिए, एक माली। उनले भने- यी बालक हरेक दिन मेरो बगैंचामा आउँछन्, इनारबाट निकालेर बिरुवामा पानी हाल्न मलाई सघाउँछन्। यस मजदुरीबापत म उनलाई केही पैसा दिने गर्छु। दोस्रो साक्षी एक वृद्धा थिइन्। उनले भनिन्- मेरो घरमा गहुँ पिस्नेवाला कोही छैन। म पनि निकै बुढी भइसकेँ, जाँतो घुमाउन सक्दिनँ। यी बालक हरेक दिन मेरो घरमा आउँछन् र मेरा लागि गहुँ पिसिदिन्छन्। बदलामा म उनलाई मजदुरीबापत केही पैसा दिने गर्छु।

बालक किलेन्थिसले यसरी परिश्रमबाट आफ्नो पढाइ खर्च जुटाइरहेको थाहा पाएपछि अदालतले उनको पढाइ खर्च राज्यका तर्फबाट उपलब्ध गराउने प्रस्ताव राख्यो। तर, बालक किलेन्थिसले यो प्रस्ताव सिधै अस्वीकार गर्दै भने- महोदय, म स्वयं परिश्रम गरेर पढ्न चाहन्छु। कसैसामु हात फैलाएर दान लिनभन्दा स्वावलम्बी बनेर अघि बढ्न मलाई मेरा आमाबाले सिकाउनुभएको छ। त्यसैले, मलाई काम गरेर पढ्न दिनुहोस्, महोदय! बालकको आत्मविश्वास र स्वावलम्बी सोच देखेर अदालतमा उपस्थित सबै उनीसामु नतमस्तक भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रहरीमाथि विभेद किन ?

सुरक्षा निकायलाई उत्साहित गराउन नसक्दा समाजमा कस्तो असर पर्छ, पछिल्ला दिनमा सायद नेपाली समाजले त्यसको परिणाम भोग्दै छ। जेन-जी आन्दोलनपछि नेपाल प्रहरीको मनोबल यति खस्केको छ कि उनीहरूलाई ड्युटीमा फर्किनसमेत कठिन हुने अवस्था छ। यस्तोमा भन्न उनीहरूले पाउने तलब, भत्ता र सुविधामा राज्यले नै विभेद गऱ्यो भने उनीहरूले मन बुझाउने कसरी र भरपर्दो सेवा दिने कसरी ?

● **गोविन्द कठायत**, लगनखेल, ललितपुर

कसरी बढोस् त रासन तलबभत्ता ? यत्रा नेतालाई सोखसयल र मोजमस्ती गर्नु छ। नेताका परिवारका सदस्य, आफन्त अनि अगुवापछुवालाई त अझ सुविधा पुगेकै छैन। तपाईंहरू त उनीहरूलाई सलाम ठोक्ने, सुरक्षा दिने मात्र हो। पहिलै नेता र तिनका आसेपासे सबैलाई पुग्न दिनोस्। देशै अरूको जिम्मा किन दिन नपरोस्। त्यसपछि सोचौंला, अहिलेलाई पटुका कसेर चुपचाप सेवा गर्नुहोला, होइन त नेताज्यूहरू ?

● **ब्रह्मास्त कौशिक**

मैनामा पचास हजारका रासन गर्नुपर्छ। ब्यारेकमा बस्नुपर्ने, चौबीसै घण्टा ड्युउटीमा हुने, न चाडपर्व न बिदा, सधैँ जोखिममा बस्नुपर्ने नेपाल प्रहरी !

● **उमेश कोइराला**

रासनको भन्दा नि जनपद प्रहरी र सशस्त्रको तलब ग्रेड दरसमेत समान छैन। योचाहिँ कहिले समान गर्ने ? सशस्त्रका सहायक हवल्दार, वरिष्ठ हवल्दार सइ र वरिष्ठ सइको ग्रेड दर जनपद प्रहरीको भन्दा कति कम छ, त्यता पनि हेर्ने कि ?

● **प्रवीन**

नेतालाई सम्मान गरी देशका गहना मान्ने देशमा कर्मचारीको हालत यस्तै हुन्छ, देश पनि अगाडि बढ्दैन र जनताले पनि दुःख पाउँछन्। जुन नेपालमा पनि हुँदै आएको छ। यस्तो चलनको अन्त्य गरौं।

● **करण धामी**

कुन दिन सामूहिक राजीनामा आउन मात्रै बाँकी छ। प्रत्येक वर्ष भर्ना हुनेभन्दा राजीनामा गर्ने बढी हुनुका कारण यिनै त हुन्।

● **नरेशराज खतिवडा**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

दम्भ नत्याग्ने नेताज्यू ?

एमाले अध्यक्ष केपी ओलीको जस्तो दम्भ अन्य नेतामा बिरलै देखिन्छ। पार्टीमा मेरो विकल्प छैन, मबाहेक कोही ठिक छैन, मजत्तिको क्षमतावान् अर्को छैन, मैले जति जानेबुझेको कसैले छैन भन्ने दम्भ केका लागि हो र कसका लागि हो ? घमण्ड विनाशको प्रतीक हो। उनकै घमण्डका कारण देशमा २३ गते त्यति ठुलो युवाले संसद् भवनअगाडि ज्यान गुमाउनुपऱ्यो। उनकै दम्भका कारण २४ गते उनीलगायत नेताले भागेर ज्यान बचाउनुपऱ्यो। उनकै कारण अर्बौंको भौतिक संरचना जलेर नष्ट भए। यति हुँदा पनि उनी गल्ती स्विकार्न तयार देखिन्नन् र अझै दलका युवालाई सरकारको अनुमति नलिई प्रदर्शन गर भनेर उकासिरहेका छन्।

पार्टीका केही नेता र कार्यकर्ताले 'बा' हजुरजस्तो नेता नेपालमा मात्र होइन, संसारमै कोही छैन, हजुर छउन्जेल पद छाड्नुहुन्न, हामी हजुरको साथमा छौं भनेर चाकडी बजाउँदैमा त्यसैमा रमाएर दम्भ प्रदर्शन गर्नु सुहाउँदैन। दुर्योधनको दम्भले कुरुवंशकै नाश भयो। रावणको दम्भले लंका ध्वस्त भयो। हिटलरको दम्भले विश्वयुद्ध भयो। अति दम्भ कसैका लागि पनि फाइदाजनक छैन। त्यसैले दम्भ नत्याग्ने त नेताज्यूहरू ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

अन्तर्राष्ट्रिय कानुनअनुसार तालिबान शासन कति वैध ?

अफगानिस्तान राज्यको प्रतिनिधित्व दाबी गर्ने कुनै अन्य प्रतिस्पर्धी संस्था नभएकाले तालिबानी सरकार कानुनी हैसियतको हो



देश/विदेश

● प्रभास रञ्जन

अफगानिस्तानका विदेशमन्त्री अमिर खान मुत्ताकीको केही दिनअघिको भारत भ्रमणले २०२१ मा एक भयानक विद्रोहमार्फत सत्तामा आएको काबुलको तालिबान सरकारलाई औपचारिक रूपमा मान्यता दिने कि नदिने भन्ने बहस सुरु गरेको छ। भारतले अहिलेसम्म तालिबान सरकारसँग न्यूनतम कूटनीतिक आदानप्रदान गरेको भए पनि तालिबान शासनलाई मान्यता दिएको छैन। मुत्ताकीको भ्रमणपछि भारतले काबुलमा आफ्नो दूतावास पुनः खोलेको छ। वास्तवमा रुसबाहेक अन्य कुनै पनि देशले तालिबान शासनलाई कानुनी रूपमा मान्यता दिएको छैन। अन्तर्राष्ट्रिय सम्बन्धका विद्वान्हरूले भारतलाई आधिकारिक रूपमा तालिबान सरकारलाई मान्यता दिन माग गर्न थालेका छन्। तालिबान सरकारलाई मान्यता दिएमा नयाँदिल्लीलाई रणनीतिक फाइदा हुने उनीहरूले बताउँदै आएका छन्।

यथार्थवादी भूराजनीतिक विचारलाई एकातिर राख्दै भारतको कार्यलाई सूचित गर्ने सरकारी मान्यताम्बन्धी अन्तर्राष्ट्रिय कानुन के हो ? कुनै निकायलाई राज्यका रूपमा मान्यता दिन स्पष्ट मापदण्ड हुन्छन्। सरकारी मान्यताको मुद्दा अन्तर्राष्ट्रिय कानुनमा जटिल छ। एकपटक अन्तर्राष्ट्रिय कानुनअन्तर्गत कुनै संस्थालाई राज्यका रूपमा मान्यता दिइसकेपछि यदि नयाँ सरकार वैध माध्यमबाट गठन भएको छ अर्थात् राजनीतिक शक्ति शान्तिपूर्ण रूपमा परिवर्तन भएको छ भने त्यस्तो सरकारलाई मान्यताको प्रश्न सामान्यतया महत्त्वहीन मानिन्छ। तर, कुनै राज्यमा कु वा अतिरिक्त संवैधानिक माध्यममार्फत नयाँ सरकार अस्तित्वमा आयो भने के हुन्छ ? कुनै विशेष राज्यलाई कसले शासन गर्छ भन्ने कुरा धेरै महत्त्वपूर्ण छ, जस्तै अन्तर्राष्ट्रियस्तरमा त्यो राज्यको प्रतिनिधित्व कसले गर्नेछ, राज्यका जनताको मानव अधिकारको सुरक्षासहित यसको अन्तर्राष्ट्रिय कानुनी दायित्व कसले वहन गर्नेछ र यसको सम्पत्ति कसले नियन्त्रण गर्नेछ ?

अन्तर्राष्ट्रिय कानुनअन्तर्गत राज्यहरूद्वारा मान्यताप्राप्त कुनै संस्था कुनै विशेष राज्यको सरकार हो कि होइन भन्ने कुराले निर्धारण गर्दैन। यद्यपि, सरकारहरूको मान्यता महत्त्वपूर्ण हुन्छ, किनकि यसले अन्तर्राष्ट्रिय समुदायको नजरमा शासनलाई वैधता प्रदान गर्छ। परम्परागत रूपमा सरकारहरूलाई मान्यता दिनका लागि अन्तर्राष्ट्रिय कानुनमा सबैभन्दा महत्त्वपूर्ण विषय प्रभावकारिताको सिद्धान्त हो, जसलाई प्रभावकारी नियन्त्रणको परीक्षण पनि भनिन्छ।

तालिबानले प्रभावकारी रूपमा आफ्नो देश, यसको जनसंख्या र राष्ट्रिय संस्थालाई स्थायी रूपमा नियन्त्रण गर्ने भएकाले र अफगानिस्तान राज्यको प्रतिनिधित्वको दाबी गर्ने कुनै अन्य प्रतिस्पर्धी संस्था नभएकाले यो कानुनी सरकार हो। प्रभावकारिता परीक्षणको एक अंशका रूपमा तालिबान कसरी सत्तामा आयो भन्ने कुरा महत्त्वहीन छ। अन्तर्राष्ट्रिय वकिल बेन साउलले तर्क गरेझैं कुनै पनि संस्थालाई सरकारका रूपमा मान्यता दिन केवल दुइटा पूर्ण बाधा छन्। पहिलो, संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले कुनै मान्यता नहुने अवस्थाको अवैधता घोषणा गरेको अवस्थामा। दोस्रो, कुनै पनि विचलनलाई अनुमति नदिने अन्तर्राष्ट्रिय कानुनको आधारभूत मान्यता, जसको उल्लंघनबाट अस्तित्वमा आएको सरकारलाई



मान्यता दिइनेछैन। यसको उदाहरण विदेशी राज्यद्वारा बलको अवैध प्रयोगको परिणामस्वरूप उत्पन्न हुने सरकार हो। तालिबानको मुद्दा उल्लिखित पहिलो सिद्धान्तअन्तर्गत पर्दैन। यद्यपि, यो दोस्रो श्रेणीअन्तर्गत पर्छ कि पर्दैन भन्नेमा बहस गर्न सकिन्छ। अन्तर्राष्ट्रिय अदालत (आइसिजे) ले प्यालेस्टिनी क्षेत्रमा इजरायलको कब्जाको वैधानिकतामा आफ्नो सल्लाहकार राय प्रस्तुत गर्दै आत्मनिर्णयको अधिकारलाई न्यायपूर्ण मान्यताका रूपमा राखेको ठहर गऱ्यो। यद्यपि, आइसिजेले यसलाई विदेशी कब्जाको सन्दर्भमा राखेको थियो। यदि यो सन्दर्भ अफगानिस्तानमा लागू गरियो भने तालिबान शासन कमजोर मानिन्छ, किनभने यसले निश्चित रूपमा सबै अफगान जनताको इच्छालाई प्रतिनिधित्व गर्दैन।

यदि तालिबान शासन न्यायपूर्ण परीक्षणबाट बच्न सफल भए पनि लोकतान्त्रिक वैधताको सिद्धान्तका आधारमा यसलाई मान्यता दिनुविरुद्ध बलियो तर्क छ। यस सिद्धान्तअनुसार सरकारको मान्यता प्रभावकारिताको सिद्धान्तमा मात्र निर्भर हुँदैन, बरु यो शासन सञ्चालनको दाबी गर्ने जनताको वैध प्रतिनिधि हो कि होइन भन्नेमा पनि निर्भर गर्छ। २०२१ मा तालिबानले सत्ता कब्जा गरेको क्रूरता र यसले आफ्नो मामिला सञ्चालन गर्ने तरिका लोकतान्त्रिक होइन। यसबाहेक, तालिबानको लैंगिक भेदभावको भयानक अभ्यास (जसलाई धेरैले लैंगिक उत्पीडन वा लैंगिक रंगभेद भन्छन्) तालिबान शासनलाई कानुनी मान्यता नदिनुको बलियो कारण हो।

यी चिन्तालाई केवल नैतिकताका रूपमा 'लेबल' गर्नु गम्भीर गल्ती हुनेछ। यी कानुनी चिन्ता हुन्, जसलाई भारतको विदेश नीति प्रतिष्ठानले तालिबान शासनलाई मान्यता दिने विचार गरिरहेको अवस्थामा सामना गर्नुपर्छ। रणनीतिक कारणले गर्दा भारतले तालिबान शासनसँग व्यवहार गर्न आवश्यक छ भन्ने कुरा पूर्ण रूपमा बुझ्न सकिन्छ। यद्यपि, भारतले तालिबानसँग 'डिल' गर्नुपर्छ, किनभने यसले लोकतान्त्रिक वैधता वा कानुनी मान्यता प्राप्त गर्छ भनेर होइन कि बरु यो अफगानिस्तानको सरकार भएर हो। वास्तवमा, भारतले तालिबानलाई मानव अधिकारसहितको अन्तर्राष्ट्रिय कानुनी दायित्वको सम्मान गर्न आग्रह गर्नुपर्छ, किनकि ऊ नयाँदिल्लीको कानुनी मान्यता प्राप्त गर्न चाहन्छ।

(रञ्जन जिन्दल ग्लोबल ल स्कुलका प्राध्यापक र सहायक डिन हुन्)
हिन्दुस्तान टाइम्सबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

बिहारमा राजनीति मात्र चलायमान, अरू सबै कुरा अझै जस्ताको तस्तै

बिहारको उर्वर भूमिमा धेरै क्रान्ति भए, तर त्यही बिहार भारतभरिमै सबैभन्दा पछाडि परेको छ, राजनीतिप्रतिको अति मोह यसको मूल कारण हो

१८औँ विधानसभाका लागि मतदान गरिरहेको बिहारले सधैँ लोकतन्त्र पहिलोपटक उसको भूमिमा जन्मिएको भनेर गर्व गर्ने गर्छ। बिहारको बैसाली जिल्ला हुँदै जाने राजमार्गमा हिँड्दा एउटा साइनबोर्ड देखिन्छ, जसमा सगर्व लेखिएको छ- 'विश्वको पहिलो गणतन्त्रमा स्वागत छ।' यो कुनै मिथक मात्र नभएर बलियो ऐतिहासिक प्रमाण भएको इतिहास हो। असंख्य शिलालेख र अनुसन्धान ग्रन्थले यसलाई पुष्टि गर्छन्।

लोकतन्त्र यस्तो विचार हो, जहाँ प्रत्येक व्यक्तिलाई बोल्ने र छनोट गर्ने स्वतन्त्रता हुन्छ। बिहारमा यो धेरै पहिले नै अभ्यासमा थियो। तर, यसले एउटा प्रश्न उठाउँछ- समकालीन बिहारकै लागि भने लोकतन्त्रले कति राम्रो गरेको छ ? के त्यहाँका जनताले लोकतन्त्रबाट सम्पूर्ण फाइदा उठाउन सकेका छन् ? बिहारको समाज, जनता र यसको आर्थिक अवस्था हेर्दा त्यसले लोकतन्त्रबाट खासै उपलब्धि हासिल गरेको देखाउँदैन।

अहिले पनि बिहार निर्वाहमुखी खेतीभन्दा बाहिर निस्किन सकेको छैन। त्यहाँ कुनै प्रभावशाली उद्योग छैन। उलेख्य कर राजस्व संकलन गर्न सक्ने व्यवस्था फस्टाएको छैन। समग्रमा राज्यमा कुनै आर्थिक गतिविधि छैन। बिहारी जनताको प्रतिव्यक्ति आय भारतभरमै सबैभन्दा कम छ। विकासका हिसाबमा देशकै धनी राज्यसँग बिहारको खाडल घट्नुको साटो झन् बढ्दै गइरहेको छ। यस्तोमा राज्यको सबैभन्दा ठुलो निर्यात 'श्रम' बनेको छ। बिहारी श्रमिक प्रायः सम्पन्न राज्यमा न्यूनतम तलब भएका रोजगार गर्न विवश छन्।

> ■ बिहार निर्वाहमुखी खेतीभन्दा बाहिर निस्किन सकेको छैन। त्यहाँ कुनै प्रभावशाली उद्योग छैन। उल्लेख्य कर राजस्व संकलन गर्न सक्ने व्यवस्था फस्टाएको छैन। बिहारी जनताको प्रतिव्यक्ति आय भारतभरमै सबैभन्दा कम छ। राज्यको सबैभन्दा ठुलो निर्यात 'श्रम' बनेको छ।


आज बिहारका मतदाताका स्वतन्त्र भारतको तेस्रो पुस्ताको बाहुल्य छ। तर, अझै ती जातिवाद, पहिचान, सामाजिक समीकरणप्रति सन्तुष्ट देखिन्छन्, विकासको भर्‍याङमा सबैभन्दा तल्लो तहमा रहँदासमेत। कोही अहिलेको अवस्थाप्रति व्याकुल देखिँदैनन्। सायद बिहार छिमेकी राज्यभन्दा पनि धेरै पछाडि परेर पनि होला, त्यहाँका मतदाताले उनीहरूको वर्तमान अवस्थालाई विगतसँग मात्र तुलना गरेर बसिरहेका छन्। मतदाता आफ्नो अवस्था आफ्नो आमाबाबुसँग तुलना गर्छन्, जुन प्रायः राम्रो बनेको छ। त्यस्तै उनीहरू आफ्ना बालबच्चाको भविष्यबारे सोच्छन्। त्यो पनि प्रायः अहिलेभन्दा सुधारिने देखिन्छ। तर, यत्तिमै सीमित हुने सोचले आकांक्षाको स्तरलाई अत्यन्तै तल नै राखिरहन्छ।

बिहारका मतदाता पुस्तौँदेखि न्यूनतम अपेक्षामै जीवन बाँचिरहेका र संघर्ष गरिरहेका छन्। सामन्ती तथा माथिल्लो जातिको अत्याचारबाट मुक्ति, दिनमा तीनपटकको खाना, आधारभूत कानुन तथा व्यवस्थाको कार्यान्वयन र बिजुलीदेखि सडकमा सहज पहुँच। यही नै हो, तिनको आकांक्षाको क्षितिज। तर, सन् २०२५ को भारतमा पनि यति आधारभूत आकांक्षामै आफूलाई सीमित राख्नु दुःखद हो।

कुनै बेला विभिन्न नामको 'भत्ता'लाई मिठाई (रेवडी) वितरण गरेर भुल्याउने प्रयास भन्ने नरेन्द्र मोदी र नितिशकुमार आफैँ अहिले उस्तै सपना बाँड्न थालेका छन्। नितिशका प्रतिद्वन्द्वीहरूले राज्यका दुई करोड ७६ लाख परिवारका हरेक एक सदस्यलाई सरकारी जागिर दिने वाचा गरिरहेका छन्। तर, चरम बेरोजगारीबिच यो कुनै क्रूर मजाक होइन। नितिशकुमारले निरन्तर २० वर्ष लामो शासन गरेपछिको यो बिहारको चिन्ताजनक वास्तविकता हो।

जुन राज्यको राजनीतिक संस्कृति गहिरो, जीवन्त र साहसपूर्ण छ, त्यो राज्यका लागि यस्तो स्थिति विशेष चिन्ताजनक छ। इतिहास हेरियो भने बिहारविना महात्मा गान्धी हामीले चिन्ने गान्धी हुने थिएनन्। सन् १९१५ मा दक्षिण अफ्रिकाबाट भारत फर्किएपछि गान्धीको पहिलो चर्चित आन्दोलन यही राज्यको चम्पारणमा जबर्जस्ती 'नीरको खेती' गर्ने बेलायती ठेकेदारविरुद्धको सत्याग्रहबाट भएको थियो। यही आन्दोलनमार्फत गान्धीले अन्तर्राष्ट्रिय ध्यान खिचे।





● शेखर गुप्ता

दिग्गज भारतीय पत्रकार गुप्ता हाल 'द प्रिन्ट'का प्रधानसम्पादक हुन्।

तर, दुःखको कुरा अहिले पनि गान्धीले आन्दोलन गरेको क्षेत्र यस देशकै गरिब क्षेत्रको पनि गरिब जिल्ला कायम छ। त्यस भेगको भ्रमण गर्दा अहिले त त्यहाँका मानिस यति विपन्न, उदासीन र अभावको जीवन बाँचिरहेका देखिन्छन् भने सन् १९१५ मा अवस्था झन् कति दयनीय थियो होला। तर, यी सबका बाबजुद तिनले गान्धीलाई अँगाले। गरिब बिहार गान्धीको पहिलो राजनीतिक साझेदार बन्यो।

जयप्रकाश नारायण (जेपी) बिहारी थिए। यदि बिहारका जनतामा राजनीतिक चेतना र साहस नभएको भए उनलाई लोकनायक (जनताको नेता) भनिन्थ्यो त ? उनको आन्दोलनलाई बिहारका जनताले शक्ति दिए, जुन आन्दोलनले पछि गएर सम्पूर्ण भारतलाई नाटकीय रूपमा प्रभाव पारेको थियो। आन्दोलनबाट स्वयं तत्कालीन सर्वशक्तिशाली इन्दिरा गान्धी आत्तिइन्। उनले आपत्काल लागू गर्नुमा यसले पनि काम गरेको थियो, जुन सन् १९७७ को चुनावमा इन्दिराको पराजयको कारण बन्यो।

महात्मा गान्धीपछि जेपी २०औँ शताब्दीको भारतमा सबैभन्दा ठुलो नैतिक शक्तिको रूपमा देखा परे। उनले छोटो समयका लागि राजनीतिक सफलता पनि हासिल गरेका थिए। बिहारले कंग्रेस पार्टीलाई राष्ट्रियस्तरमा पतनको दिशामा धकेल्यो, जसबाट ऊ कहिल्यै उठ्न सकेन। यदि बिहार र यसका जनता महात्मा गान्धी र जयप्रकाश नारायणको उदयको श्रेयका लागि योग्य छन् भने हामीले सन् १९६० को दशकमा उदाएका कर्पुरी ठाकुरलाई पनि बिर्सनुहुँदैन। ठाकुरअघि विहारमा कुनै पूर्वनिर्धारित प्रबन्धजस्तै सधैँ माथिल्लो जातका नेता मात्र मुख्यमन्त्री भइरहेका थिए।

तर, समस्तीपुर क्षेत्रका एक सामान्य नाई (कपाल काट्ने) परिवारबाट आएका कर्पुरी ठाकुरले यस प्रवृत्तिलाई चुनौती दिए र परिवर्तन गरिछाडे। कर्पुरीले ल्याएको परिवर्तन बिहारका लागि मात्र अद्वितीय थिएन। उनले भारतभर तरंग ल्याउने स्तरको तल्लो भनिने जातिको सशक्तीकरणका लागि सामाजिक न्यायको आन्दोलन सुरु गरे, जुन ६ दशकपछि, आजसम्म जारी छ।

कर्पुरी ठाकुरले त्यो सामाजिक समीकरणलाई आकार दिन मुख्य भूमिका खेले, जसले पहिलोपटक सन् १९६७ मा भारतका धेरै राज्यमा कंग्रेसलाई बहुमतबाट वञ्चित गर्‍यो। संयुक्त विधायक दलको सरकारमा ठाकुरले शिक्षा र अन्य मन्त्रालयको जिम्मेवारीसहित उपमुख्यमन्त्रीको रूपमा काम गरे। उसो त सो सरकार लामो समय टिकेन, तर यसले 'मण्डल राजनीति' भनेर चिनिने नयाँ राजनीतिक परिदृश्यको जग बसाल्यो। ठाकुरको दलले नै सन् १९९० को दशकको सुरुमा नरम हिन्दुत्वतर्फ झुक्दै गएको कंग्रेस र भाजपाविरुद्ध एक बलियो धर्मनिरपेक्ष विकल्प प्रदान गर्‍यो।

जबकि, त्यतिन्जेलसम्म भारतीय कंग्रेसलाई सबैलाई समेट्न सक्ने दलका रूपमा देखाइन्थ्यो। हालको भाजपाको पूर्वरूप जनसंघलाई इन्दिरा गान्धी हिन्दुको दल नभएर 'बनियाँ'हरूको पार्टी भनेर मजाक उडाउँथिन्। कर्पुरी ठाकुर र बिहारका जनताले भारतमा पहिलो कंग्रेसविरोधी र अन्ततः भाजपाविरोधी सामाजिक गठबन्धन बनाएर वैकल्पिक राजनीतिक धार बन्न सक्ने देखाएका थिए। भलै, यो अन्ततः विघटन भयो र ती दुई राष्ट्रिय गठबन्धनमध्ये एकमा सामेल भए। आज कर्पुरी ठाकुरको मृत्यु भएको ३७ वर्षपछि पनि कंग्रेस र भाजपा यिनै दुई गठबन्धनमध्ये एकको नेतृत्व गर्ने स्थानमा पुगेका छन्। अर्थात्, उनीहरू पनि ठाकुरबाट विरासतमा प्राप्त गठबन्धनमध्ये एकमा सवार हुन बाध्य छन्। त्यसैले, होला मोदी सरकारले ठाकुरलाई मरणोपरान्त देशको सर्वोच्च मान पदवी 'भारत रत्न'ले सम्मान गरेको छ।

प्राचीन बैसालीमा लिच्छविहरूको लोकतन्त्रदेखि कर्पुरी ठाकुरको सामाजिक न्याय, जेपीको पूर्ण क्रान्ति, तल्लो वर्गको सशस्त्र वामपन्थी (मार्क्सवादी-लेनिनवादी) आन्दोलन र प्रतिक्रियामा सामन्ती उच्च जातको रणवीर सेनासम्म, बिहार भारतमा अन्य कुनै भागभन्दा क्रान्तिका लागि बढी उर्वर भूमि रहेको छ। तैपनि, बिहार किन यति पछाडि परेको छ ? कुन अभिशापले यसलाई सताएको छ ? के क्रान्तिले आफ्नै बच्चालाई निल्यो त ?

बिहारमा राजनीतिक गफ समय कटाउने प्रमुख माध्यम भएको छ। बिहारका जनतामा राजनीतिक जागरुकता, जोस र बहस व्यवसायजस्तो भएको छ। सायद वास्तविक उद्योग-व्यवसायको अभावको क्षतिपूर्ति गर्ने प्रयास होला। म यो हल्का रूपमा भनिरहेको छैन। राजनीतिप्रतिको उग्र मोह नै भारतको अन्य भागको तुलनामा बिहारको पतनको मूल कारण हो। पहिचान राजनीति जहाँसुकै पनि विगततर्फ फर्किन्छ भने बिहारमा यो आफैँलाई विनाश गर्ने मोहको स्तरमा विकसित भएको छ।

अहिले बिहारलाई कसैले पनि गुजरात वा कर्नाटकमा बदल्ने कुरा गर्दैन, सांघाईमा परिणत गर्ने वाचा त झन् परको कुरा हो। हरेकसँग पुस्तागत गुनासा छन्, ती गुनासा सम्बोधन गर्ने वाचा गर्ने नेता पनि पहिले विद्यमान छन्। सबैले एउटै वाचा गरिरहेका ठाउँमा जसले सबैभन्दा धेरै पैसा खर्च गर्न सक्छ, ऊ नै अगाडि आउने सम्भावना रहन्छ। जुन राज्यले विश्वलाई लोकतन्त्र दियो, भारतलाई लोकनायक र सामाजिक न्यायको आन्दोलन दियो, उही राज्य अहिले न्यून अपेक्षाको राजनीतिको अभिशाप भोगिरहेको छ। यो भारतका लागि राष्ट्रिय दुर्भाग्य हो।

- द प्रिन्टबाट

इतिहासमा आज

नोभेम्बर १२



सन् १९४८ : दोस्रो विश्वयुद्ध कालमा जापानका प्रधानमन्त्री रहेका हिडेकी टोजोलाई युद्ध अपराधको आरोपमा मृत्युदण्डको सजाय सुनाइयो। फैसला ४१ दिनपछि डिसेम्बर २३ मा कार्यान्वयन गरिएको थियो।

सन् १८६६ : चीनमा गणतन्त्र स्थापना अभियानको नेतृत्व गरेका सन यातसेन यसै दिन जन्मिएका थिए।

सन् १८९३ : दोस्रो अंग्रेज-अफगान युद्ध अन्त्य गर्ने सम्बन्धमा ब्रिटिस भारत र अफगानिस्तानबिच ड्युरान्ड लाइनलाई दुई देशको सीमा निर्धारण गर्ने सहमति भयो। तथापि, अफगानिस्तानका मूल पस्तुन जाति बसोवास गर्ने भागलाई दुईतिर बाँडेपछि निम्तिएको विवाद अझै जारी छ।

सन् १९१८ : कुनै वेलाको विशाल अस्ट्रिया-हंगेरी साम्राज्यको राजा कार्ल प्रथमले राजगद्दी त्यागेसँगै त्यो भाग गणतन्त्र बन्यो।

सन् १९२७ : अक्टोबर क्रान्तिमा लेनिनपछि महत्त्वपूर्ण भूमिका निभाएका लियोन ट्राटस्की स्टालिनसँगको सत्ता संघर्षका क्रममा सोभियत कम्युनिस्ट पार्टीबाट निष्कासित गरिए।

सन् १९४५ : संयुक्त राष्ट्र संघ निर्माणको प्रक्रियामा महत्त्वपूर्ण भूमिका निभाएको सम्मान अमेरिकाका पूर्वविदेशमन्त्री कोर्डल हललाई नोबेल शान्ति पुरस्कार दिइयो।

सन् १९९० : ब्रिटिस कम्प्युटर वैज्ञानिक टिमोथी नो बरनर्स-लीले औपचारिक रूपमा 'वर्ल्ड वाइड बेव'को स्थापनाको प्रस्ताव गरे।

सन् १९९६ : दिल्लीबाट साउदी अरब उडिरहेको साउदी अरिबियन फ्लाइट ७६३ र कजाखस्तानबाट दिल्ली आउँदै गरेको कजाखस्तान एयरलाइन्स फ्लाइट १९०७ विमान भारतको राजधानीनजिक आकाशमै ठोक्किँदा ३४९ जनाको मृत्यु भयो।

सन् २००३ : सांघाईको म्याग-लेभ रेलले परीक्षणका क्रममा ५०१ किमि प्रतिघण्टाको रेकर्ड कायम गर्‍यो।

सन् २००६ : जर्जियाको स्वशासित क्षेत्र साउथ ओसेटियामा स्वतन्त्र हुने-नहुने प्रश्नमा भएको जनमतसंग्रहमा ९९ प्रतिशतले अलग हुने पक्षमा मत दिए।

पाकिस्तानमा भएको विस्फोटमा १२ जनाको मृत्यु

इस्लामाबाद/ पाकिस्तानको राजधानी इस्लामाबादको सेक्टर जी-११ स्थित डिस्ट्रिक्ट एन्ड सेसेन अदालतबाहिर भएको आत्मघाती आक्रमणमा कम्तीमा १२ जनाको मृत्यु भएको छ। पाकिस्तानका गृहमन्त्री मोहसिन नक्वीले मिडियालाई बताएअनुसार घटनामा १२ जनाको मृत्यु भएको छ भने २७ जना घाइते भएका छन्।

त्यस्तै पाकिस्तानको प्रधानमन्त्री कार्यालयले एक विज्ञप्ति जारी गर्दै घटना भारतले घटाएको आरोप लगाएको छ। यद्यपि, भारतले भने यस सम्बन्धमा कुनै प्रतिक्रिया दिएको छैन। पाकिस्तानका गृहमन्त्री मोहसिन नक्वीले सुरक्षा एजेन्सीले आक्रमणकारीको पहिचान गर्ने प्रयास गरिरहेको बताए।

सबैजसो एक्जिट पोलको बिहारमा सत्तारूढ गठबन्धनले जित्ने भविष्यवाणी

पटना/ मंगलबार बिहारमा विधासभा-२०२५ को दोस्रो तथा अन्तिम चरणको निर्वाचन सम्पन्न भयो। निर्वाचन सकिएपछि साँझ जारी भएका सबैजसो एक्जिट पोलले अहिलेकै गठबन्धनले बहुमत ल्याउने प्रक्षेपण गरेको छ ।

दोस्रो चरणको निर्वाचनमा ३.७ करोड मतदाताले एक हजार ३०२ उम्मेदवारको चुनावी भाग्यको फैसला गर्दै छन्। यसपटकको निर्वाचनमा नितिशकुमार सरकारका धेरै मन्त्रीहरू उठेको निर्वाचन क्षेत्र पनि समावेश रहे। दोस्रो चरणको चुनावमा बिहारमा अहिलेसम्मकै सबैभन्दा बढी ६७.१४ प्रतिशत मतदाताले मत जाहेर गरेको रेकर्ड गरिएको छ। नोभेम्बर ६ मा पहिलो चरणको मतदानमा पनि ६५ प्रतिशतभन्दा बढी मतदान भएको थियो। अब मतगणना नोभेम्बर १४ मा हुनेछ।

नौवटा एक्जिट पोलहरू (म्याट्रिज, जेभिसी, चाणक्य स्ट्रेटेजिज, टिआइएफ रिसर्च, पी-मार्क, पिपुल्स इनसाइट, दैनिक भास्कर, डिभी रिसर्च र पिपुल्स पल्स) सबैले सत्तारुढ एनडिएले जित्ने भविष्यवाणी गरेका छन्। यसपटकको विधानसभा चुनावमा पहिलोपटक भाग लिएको प्रशान्त किशोरको जन-सुराज पार्टीले एउटा पनि सिट जित्न नसक्ने ती एक्जिट पोलको भविष्यवाणी छ। तथापि, एक्जिट पोलहरू सधैँ सही नै हुन्छन् भन्ने छैन। बिहार विधानसभामा २४३ सिट छन्। बहुमतका लागि आधा सिट जित्न आवश्यक छ।

सुहार्तोलाई नायक घोषणा गरिएपछि इन्डोनेसियामा आक्रोश

जकार्ता/ इन्डोनेसियाको सरकारले देशका पूर्वराष्ट्रपति सुहार्तोलाई राष्ट्रिय नायकको उपाधि प्रदान गरेको छ। यस सम्मानलाई सुहार्तोको दशकौँ लामो तानाशाही शासनलाई राम्रो देखाउने प्रयासको रूपमा व्याख्या गरिएको छ। त्यस अवधिमा व्यापक भ्रष्टाचार, सेन्सरसिप र आममानवअधिकार उल्लंघनका घटना घटेको आरोप लाग्ने गर्छ।



लोकतन्त्रवादी अभियन्ता र सुहार्तोको कठोर शासनबाट पीडितले यस कदमप्रति विरोध जनाएका थिए। तर, विरोधका बाबजुद सोमबार बिहान राष्ट्रपति प्रबोवो सुबियान्तोको अध्यक्षतामा आयोजित एक विशेष समारोहमा सुहार्तोलाई राष्ट्रिय सम्मानको उपाधि प्रदान गरिएको थियो। वर्तमान राष्ट्रपति सुबियान्तो नाताले सुहार्तोका ज्वाइँ हुन्। 'मध्य जाभा प्रान्तका एक प्रमुख व्यक्तित्व, देशको स्वतन्त्रताका लागि भएको संघर्षका सेनानी जनरल सुहार्तो इन्डोनेसिया स्वतन्त्र भएदेखि नै अलग देखिन्थे,' प्रबोवोले सुहार्तोकी छोरी र छोरालाई पुरस्कार हस्तान्तरण गर्दै गर्दा समारोहका उद्घोषकले भनेका थिए।

इन्डोनेसियाले सन् १९४५ मा तत्कालीन औपनिवेशिक शक्तिहरू नेदरल्यान्ड्स र जापानबाट स्वतन्त्रता हासिल गर्‍यो। त्यस संघर्षमा सेनाका सदस्यका रूपमा सुहार्तो पनि लडेका थिए। तीन दशकभन्दा लामो समयसम्म इन्डोनेसियामा शासन गरेका सुहार्तो अन्ततः सन् १९९८ को आर्थिक संकटको समयमा उठेको जनविरोध र घातक दंगाका कारण सत्ताबाट हट्न बाध्य भए। पदच्युत भएको आठ वर्षपछि सन् २००६ मा ८६ वर्षको उमेरमा उनको मृत्यु भयो।

सुहार्तोकी छोरी सिती हेदियाती हरियादीसँग विवाह गरेका (जुन सम्बन्ध पछि टुट्यो) प्रबोवोले विगतमा आफ्ना पूर्वससुराको खुलेर प्रशंसा गर्ने गर्थे। प्रबोवो कुनै समय देशको विशेष सैन्य बलका कमान्डर थिए। उनका ससुरा पदच्युत भएकै वर्ष प्रजातन्त्रवादी अभियन्ता बेपत्ता पारेको आरोपमा प्रबोवो पनि सेनाबाट बर्खास्त गरिएका थिए। तथापि, प्रबोवोले भने आफूलाई लागेको आरोप अस्वीकार गर्दै आएका छन्। तथापि, गत वर्ष पदभार ग्रहण गरेदेखि नागरिक जीवनमा सेनाको बढ्दो भूमिकाका लागि प्रबोवोको बढ्दो आलोचना हुने गरेको छ।

तर, सत्तामा आएपछि सुहार्तोले १९६५-६६ मा कम्तीमा पाँच लाख मानिसलाई कम्युनिस्ट भएको आरोपमा मारेका थिए।

- द गार्जियनबाट

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशु प्रजनन कार्यालय
नेपालगञ्ज, गौघाट, बाँके

बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०७/२६

यस कार्यालयबाट तपसिल बमोजिमको खरिद कार्यमा संलग्न हुन इच्छुक फर्म/संस्था/कम्पनीले देहाय बमोजिमका शर्तहरूको अधिनमा रही रीतपूर्वकको विद्युतिय बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	कामको विवरण	खरिदको किसिम	लागत अनुमान (with VAT, Contingency and Provisional Sum)	बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति र समय	बोलपत्र जमानत रु.	बोलपत्र दस्तुर रु.
NLBO-NPJ/ NCB/ WOORKS/ 2082-083/01	गोठ मर्मत तथा संरचना सुधार	विद्युतिय बोलपत्र	२२,४९,८०३।२९	सूचना प्रकाशन मितिले ३१ औ दिनको १२:०० वजेसम्म	सूचना प्रकाशन मितिले ३१ औ दिनको १४:०० वजे	५०,०००।००	३,०००

तपसिल

१. बोलपत्र सम्बन्धी शर्तहरू सम्बन्धित बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुने छ।
२. बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयको (कोड नं. ३१२०२५७०२) रा.बा.बैङ्क नेपालगन्जमा रहेको बैङ्क खाता नं. १०००१००२०००१०००० र राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गर्नुपर्ने छ।
३. बोलपत्र जमानत बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, बाँकेको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, नेपालगञ्ज स्थित धरौटी खाता नं. ४१३०१००१०२०३०००० मा नगद जम्मा गरेको सक्कलै बैङ्क भौचर वा प्रचलित कानून बमोजिम बैङ्क ग्यारेन्टी गर्न इजाजत प्राप्त वाणिज्य बैङ्क/वित्तिय संस्थाबाट बोलपत्र खोलेको मितिबाट कम्तिमा १२० दिन सम्म मान्य अवधि रहेको बैङ्क जमानत (बैङ्क ग्यारेन्टी) संलग्न हुनुपर्ने छ।
४. बोलपत्र सम्बन्धी सम्पूर्ण कार्य विद्युतिय प्रणालिबाट मात्र हुने छ र शर्त राखी वा रीत नपुगी पेश भएका बोलपत्रहरू स्विकार गरिने छैन।
५. यस सम्बन्धी विस्तृत विवरणको लागि www.bolpatra.gov.np.egp वा कार्यालयमा सम्पर्क गर्न सकिने छ।
६. बोलपत्र सम्बन्धी अन्य कुराहरू सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ बमोजिम हुने छ।

ALL NEPAL FOOTBALL ASSOCIATION
ANFA
ALL NEPAL FOOTBALL ASSOCIATION
ANFA Complex, Satdobato, Lalitpur, Nepal
Request for Proposal
Invitation for Bids No: ANFA/RFP/11/082-083
Date of publication: 12th November 2025

1. The **All-Nepal Football Association** invites proposals from eligible bidders for **Marketing, Broadcasting & Digital Rights of SAFF Women's Club Championship 2025.**
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur Ph. no. 01-5201060 Email: procurment@the-anfa.com** through **www.the-anfa.com [more>downloads> general>RFP 11 (SAFF Club Championship 2025)]**
3. Bidders submitting their bids, should deposit the cost of bidding document of **NRs. 1000.00** in the following Rajaswa (revenue) account as specified below:
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Nepal Investment Mega Bank Limited, Durbarmarg**
   Name of the Office : **All Nepal Football Association**
   Office Account No. : **00101010031354**
4. Bids for must be submitted to the office **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur** by hand/courier on or **before 12.00 PM** on **26th November 2025**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14.00 PM** on **26th November 2025** at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur.**
6. **ANFA** reserves the right for proposal/bid selection or rejection without assigning any reason whatsoever.

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार २६ कार्तिक ०८२

■ सुनकोशी-मरिन डाइभर्सन
पटेल-रमणसँग ठेक्का तोडिँदै

५५ महिनामा काम सक्ने जिम्मा लिएको पटेल-रमण जेभीको ३५ महिनामा १० प्रतिशत मात्रै प्रगति



मिलन विश्वकर्मा/नयाँ पत्रिका

राष्ट्रिय गौरवको सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको बाँध, विद्युत्गृहलगायतका सिभिल संरचना र गेटलगायतका हाइड्रोमेकानिकल उपकरण आपूर्ति तथा जडानसम्बन्धी ठेक्का तोडिने भएको छ। सम्झौताअनुसार ६१ प्रतिशत समय सकिँदा १० प्रतिशत मात्रै काम भएपछि सिँचाइ विभागले ठेक्का सम्झौता किन नतोड्ने भन्दै मंगलबार सार्वजनिक सूचना जारी गरेको हो।

विभागले उक्त कार्य गर्न १७ पुस ०७९ मा पटेल-रमण जेभीसँग ठेक्का सम्झौता गरेको थियो, जसको म्याद ५५ महिना अर्थात् १८ असार ०८४ सम्म छ। सोअनुसार ३५ महिना बिन्दा काम भने १० प्रतिशत मात्रै देखिएको छ। त्यसमाथि कम्पनीले प्रगति बढाउन कुनै तदारुकता नदेखाएको र सम्झौताअनुसार कामको सुधार गर्न सूचना जारी गर्दासमेत त्यसतर्फ कुनै चासो नदिएकाले ठेक्का तोड्न प्रक्रिया अघि बढाउनुपरेको विभागको भनाइ छ

यस्तै, आयोजनाले ठेक्का सम्झौता रद्दको प्रक्रियासँगै पटेल-रमण जेभीले कार्यसम्पादन जमानतबापत राखेको दुई अर्ब ४० करोड र अग्रिम भुक्तानीको एक अर्ब २० करोड गरी कुल तीन अर्ब ६० करोड रुपैयाँ बैंक ग्यारेन्टी जफत गर्ने प्रक्रियासमेत अगाडि बढाइएको छ।

सिँचाइ विभागले यो ठेक्का तोड्ने प्रक्रिया यसअघि पनि बढाएको थियो। तर, तत्कालीन सरकार र ऊर्जामन्त्री दीपक खड्काले ठेकेदार कम्पनी संरक्षण गरेका कारण सरकारकै दबाबमा विभागले ठेक्का तोड्न सकेको थिएन।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले आयोजना निर्माणमा अस्वाभाविक ढिलाइ देखिएपछि गत ७ असोजमा मन्त्रालयका सचिव, सिँचाइ विभागका महानिर्देशक, आयोजनाका प्रमुख, परामर्शदाता र निर्माण व्यवसायीसँग छलफल गरेका थिए। सुरुङ निर्माण सम्पन्न भइसकेको, तर बाँध, विद्युत्गृहलगायतका संरचना बनाउन नसक्दा अलपत्र परेका आयोजनालाई नयाँ सिराबाट अगाडि बढाउने विकल्प नरहेको उनले बताएका थिए।

आयोजना निर्माणका लागि पटेल–रमण जेभीसँग १४ अर्ब आठ करोड रुपैयाँ (करसहित)मा ठेक्का सम्झौता भएको थियो। पटेल-रमण जेभीले अनुमानित लागतभन्दा करिब ३२ प्रतिशत कम रकम कबोल गरेको थियो। निर्माण व्यवसायीले माघ ०७९ बाट काम सुरु गरेको थियो। असार ०८४ भित्र निर्माणकार्य सम्पन्न गर्नुपर्ने सम्झौतामा उल्लेख छ। हालसम्म दुई अर्ब १४ करोड (करिब १५ प्रतिशत) रकम भुक्तानी गरिएको छ।

कामका प्रगति नदेखिएपछि आयोजनाले ६ महिनाअघि नै निर्माण कम्पनीलाई 'नोटिस टु करेक्ट' पत्र जारी गरेको थियो। त्यसको जवाफ नआएपछि ५० प्रतिशत पेस्की फिर्ता गर्न पनि पत्राचार गऱ्यो। पत्र प्राप्त भएको एक सातामा पेस्की फिर्ता गर्नुपर्छ। तर, त्यो नभएपछि 'एड्भान्स पेमेन्ट ग्यारेन्टी'बापत ५० प्रतिशत रकम भुक्तानी गर्न जमानी बसेका बैंकहरूलाई पत्राचार गरिएको थियो। ठेकेदारले मोबिलाइजेसन पेस्कीका लागि ठेक्काको १० प्रतिशत अर्थात् एक अर्ब २० करोड १४ लाख पेस्की लगेको थियो। उक्त पेस्कीमा प्रभु, ग्लोबल, माछापुच्छ्रेलगायतका बैंक जमानी बसेका थिए। उनीहरूलाई पैकीको ५० प्रतिशत रकम दिन १२ चैत र १७ वैशाखमा पत्र काटे पनि बुझाएका छैनन्।

आयोजनाको समग्र प्रगति ३७.१५ प्रतिशत

असोज मसान्तसम्म आयोजनाको समष्टिगत भौतिक प्रगति भने ३७.१५ प्रतिशत पुगेको छ। वित्तीय प्रगति भने ३३.६६ प्रतिशत रहेको आयोजना कार्यालयको भनाइ छ। परियोजनाको लागत ४९ अर्ब ४१ करोड ३१ लाख रहेको छ। हालसम्म १६ अर्ब ६३ करोड ४७ लाख रुपैयाँ खर्च भएको कार्यालयको भनाइ छ।

यता आयोजनाको परामर्शदाताले पनि निर्माण कम्पनीले पेस्की रकम आयोजनामा प्रयोग नगरेर अन्यत्रै दुरुपयोग गरेको प्रतिवेदन दिइसकेको थियो। त्यो अवस्थामा पेस्की फिर्ता लिन सकिने व्यवस्था छ। त्यसमाथि फिल्डमा कामसमेत नभएको देखेपछि परियोजनाले सम्बन्धित बैंकहरूलाई जमानतअनुसार पेस्कीको ५० प्रतिशत रकम (६० करोड सात लाख रुपैयाँ) फिर्ता दिन आग्रह गरेको थियो। तर, त्यसमा बैंकहरूले आनाकानी गरेका छन्। निर्माण कम्पनीलाई पेस्कीबाहेक पटक-पटक गरी थप ९३ करोड रुपैयाँ भुक्तानी दिइएको छ।

अदालतले समेत मोबिलाइजेसन पेस्की जफत गर्नुपर्ने भनेको छ। जमानत जफत गर्न लागेपछि निर्माण व्यवसायीले उच्च अदालत पाटनमा २२ चैत ०८१ मा र काठमाडौं जिल्ला अदालतमा १० वैशाख ०८२ मा मोबिलाइजेसन जमानत जफत नगराउनका लागि अन्तरिम आदेश माग गर्दै निवेदन दिएको थियो। त्यसमा उच्चले ४ वैशाख र जिल्लाले २ जेठमा अन्तरिम आदेश जारी गर्नुपर्ने भन्दै आयोजनाको पक्षमा निर्णय दिएको थियो। तर, पेस्की रकम अझै फिर्ता भएको छैन। निर्माणकार्य अलपत्र पारेको पटेल-रमण जेभीले दुई वर्ष समय बाँकी रहँदै थप सात सय एक दिन म्याद गर्न प्रस्ताव गरिसकेको थियो।

सिन्धुली र रामेछापको सिमानामा रहेको सुनकोशी नदीको पानीलाई बाँध बनाएर सुरुङमार्फत मरिन नदीमा खसाली बागमती सिँचाइ आयोजनामा पुऱ्याइनेछ। यसबाट तराईका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाका करिब एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुग्नेछ। सुनकोशीको पानी मरिन नदीमा पथान्तरण गरी ३१.०७ मेगावाटको जलविद्युत् उत्पादन गरिनेछ। परियोजनाको १३ किलोमिटर लामो सुरुङ २६ वैशाख ०८१ मै ब्रेक थ्रु भइसकेको छ।

गुगल, टिकटकलगायतका आइटी कम्पनीले बुझाए अढाई करोड कर

विदेशी कम्पनीले नेपालमा डिजिटल प्रविधिको सेवा सञ्चालन गरेबापत २ प्रतिशत विद्युतीय सेवा कर बुझाउनुपर्छ



● **दिलीप गौतम**, प्रमुख कर प्रशासक, ठुला करदाता कार्यालय

ठुला करदाता कार्यालयमा २० वटा अन्तर्राष्ट्रिय प्रविधि कम्पनी दर्ता भएका छन्। त्यसैले नेपालमा सञ्चालनमा रहेका सबै अन्तर्राष्ट्रिय कम्पनीहरू करमा दर्ता भएको अवस्था छैन। तर, दर्ता भएकाले नियमित कर तिरिरहेका छन्। दर्ता नभएकालाई डिएसटी र भ्याटमा दर्ता गराउन हामीले प्रयास गरिरहेका छौं।

पवन तिमिल्सिना/नयाँ पत्रिका

गुगल, टिकटक, अमेजनलगायतका अन्तर्राष्ट्रिय प्रविधि कम्पनीले चालू आर्थिक वर्षको ७ कात्तिकसम्म नेपालमा सेवा सञ्चालन गरेबापत सरकारलाई दुई करोड ५८ लाख ११ हजार ६ सय ४२ रुपैयाँ विद्युतीय सेवा कर बुझाएका छन्।

गैरनेपाली कम्पनीले नेपालमा डिजिटल प्रविधिको सेवा सञ्चालन गरेबापत २ प्रतिशत विद्युतीय सेवा कर लाग्ने आर्थिक ऐन, ०८२ को दफा १६ मा व्यवस्था छ। सोही व्यवस्थाअनुसार सरकारी निकायमा सूचीकृत नभए पनि कर कार्यालयमा दर्ता भएर सेवा दिइरहेका अन्तर्राष्ट्रिय प्रविधि कम्पनीले ठुला करदाता कार्यालयमार्फत सरकारलाई राजस्व भुक्तानी गरेका हुन्। कार्यालयका अनुसार सबैभन्दा बढी गुगलले एक करोड ४१ लाख ४९ हजार दुई सय ९२ रुपैयाँ कर दाखिला गरेको छ।

त्यस्तै, एनसिएस पियर्सन इन्कर्पोरेटले ३८ लाख ४८ हजार दुई सय ७८ रुपैयाँ विद्युतीय सेवा कर बुझाएको छ। एनसिएस अमेरिकाबाट सञ्चालित प्रविधि कम्पनी हो, जसले शिक्षा, परीक्षण तथ्यांक व्यवस्थापनका लागि सफ्टवेयर विकास गर्ने काम गर्छ। यसैको माउ कम्पनी पियर्सन एजुकेसन लिमिटेडले पनि ११ लाख एक हजार तीन सय २९ रुपैयाँ कर दाखिला गरेको छ।

त्यस्तै, विश्वभर मान्यताप्राप्त लेखा परीक्षण र वित्तसम्बन्धी योग्यता प्रदान गर्दै आएको चार्टर्ड सर्टिफाइड एकाउन्टेन्ट्स संघले २४ लाख ८५ हजार चार सय ८१ रुपैयाँ कर दाखिला गरेको ठुला करदाताको कार्यालयले जनाएको छ। अमेजनले १७ लाख ४५ हजार ११ रुपैयाँ, टिकटकले १६ लाख ९० हजार दुई सय चार रुपैयाँ, एप्पल डिस्ट्रिब्युसनले पाँच लाख ६८ हजार, जोहो कर्पोरेसनले एक लाख २५ हजार र एडोब सिस्टमले ९८ हजार एक सय ५४ रुपैयाँ कर दाखिला गरेको कार्यालयले जनाएको छ। फेसबुक निर्माता मेटा पनि कर तिर्नका लागि सम्पर्कमै रहेको कार्यालयले जनाएको छ।



ठुला करदाता कार्यालयका प्रमुख दिलीप गौतमले कर कार्यालयमा दर्ता भएका २० अन्तर्राष्ट्रिय प्रविधि कम्पनीले नियमित कर बुझाइरहेको बताए। दर्ता नभई सेवा दिइरहेकालाई पनि मूल्य अभिवृद्धि कर (भ्याट) र विद्युतीय सेवा करमा आबद्धता गराउने प्रयास भइरहेको जानकारी दिए। 'ठुला करदाता कार्यालयमा २० वटा मात्रै कम्पनी दर्ता भएका छन्। त्यसैले सबै कम्पनी करमा दर्ता भएका छैनन्। दर्ता भएकाले नियमित कर तिरिरहेका छन्। दर्ता नभएकालाई डिएसटी र भ्याटमा दर्ता गराउन हामीले प्रयास गरिरहेका छौं,' उनले भने।

अघिल्लो सरकारले सूचीकरण गर्न अटेर गर्ने २६ कम्पनीलाई सञ्चालनमा प्रतिबन्ध लगाएको थियो। त्यसैले, अहिले दर्ता भएका २० भन्दा बढी कम्पनी सञ्चालनमा रहेको पुष्टि भएकाले सबैलाई कर प्रयोजनका लागि दर्ता गर्न आह्वान गरिरहेको कार्यालयले जनाएको छ।

कसले कति बुझाए कर ?

- **गुगल** : १ करोड ४१ लाख ४९ हजार २ सय ९२
- **एनसिएस पियर्सन इन्कर्पोरेट** : ३८ लाख ४८ हजार २ सय ७८
- **पियर्सन एजुकेसन लिमिटेड** : ११ लाख १ हजार ३ सय २९
- **चार्टर्ड सर्टिफाइड एकाउन्टेन्ट्स संघ** : २४ लाख ८५ हजार ४८१
- **अमेजन** : १७ लाख ४५ हजार ११
- **टिकटक** : १६ लाख ९० हजार २ सय ४
- **एप्पल डिस्ट्रिब्युसन** : ५ लाख ६८ हजार,
- **जोहो कर्पोरेसन** : १ लाख २५ हजार
- **एडोब सिस्टम** : ९८ हजार १ सय ५४

गत आवमा करिब पाँच करोड कर संकलन

गत आवमा अन्तर्राष्ट्रिय प्रविधि कम्पनीहरूले कुल चार करोड ८९ लाख रुपैयाँ विद्युतीय सेवा कर बुझाएको ठुला करदाता कार्यालयले जनाएको छ। यसमध्ये फेसबुक निर्माता कम्पनी मेटाले सबैभन्दा बढी दुई करोड ९३ लाख ६ हजार पाँच सय ९६ रुपैयाँ दाखिला गरेको थियो।

त्यस्तै, गुगलले ८९ लाख ९१ हजार चार सय, अमेरिकाबाट सञ्चालित शिक्षा, परीक्षण तथा तथ्यांक व्यवस्थापनका लागि सफ्टवेयर विकास गर्ने कम्पनी एनसिएस पियर्सन इन्कर्पोरेटले ४८ लाख २७ हजार चार सय ४०, नेटफ्लिक्सले १८ लाख तीन हजार एक सय सात, अमेजनले १६ लाख २३ हजार आठ सय २०, कामदारको दक्षता परीक्षण गर्ने प्रोमेट्रिक जापान कम्पनी लिमिटेडले १२ लाख १९ हजार सात सय चार, टिकटकले नौ लाख ७१ हजार आठ सय ६२, माइक्रोसफ्टवले दुई लाख १७ हजार र एडोब सिस्टमले ३३ हजार आठ सय २३ रुपैयाँ कर दाखिला गरेको कार्यालयले जनाएको छ।



विद्युत् बक्यौतासम्बन्धी रिटमा सर्वोच्चले दिएन अन्तरिम आदेश

नयाँ पत्रिका

डेडिकेटेड र ट्रंकलाइन प्रयोग गरेबापत तिर्नुपर्ने बिजुलीको बक्यौता विवाद समाधान गर्न उद्योग वाणिज्य महासंघले प्रस्ताव गरेको मध्यमार्गी प्रस्ताविवरुद्ध रिट दायर गरेको अर्घाखाँची सिमेन्ट उद्योगलाई अन्तरिम आदेश दिन सर्वोच्चले अस्वीकार गरेको छ।

सर्वोच्चले अन्तरिम आदेश माग गरेका विषयमा छलफलका लागि ३० कात्तिकमा पेसी तोकेको छ। त्यस्तै, १५ दिनभित्र लिखित जवाफ पेस गर्नसमेत सर्वोच्चले आदेश दिएको छ। प्रधानमन्त्री सुशीला कार्कीको पहलमा बक्यौता विवाद समाधानका लागि भएको छलफलमा उद्योग वाणिज्य महासंघले प्राधिकरणलाई किस्ता बुझाउन उद्योगीले सुरु गर्ने, तर पहिलो किस्तालाई नै पुनरावलोकनमा जाने धरौटीबापत बुझिलिनुपर्ने प्रस्ताव गरेको थियो। उक्त प्रस्तावमा प्रधानमन्त्री कार्की सहमतिनजिक पुगेको आभास गरेपछि हालसम्म १७ उद्योगले किस्ता बुझाएका छन्।

तर, अर्घाखाँची सिमेन्टले सो प्रस्ताव अस्वीकार गर्दै सर्वोच्चमा रिट निवेदन दिएको थियो। मंगलबार उक्त रिट निवेदनको सुनुवाइ गर्दै सर्वोच्चका न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले दुवै पक्षलाई छलफलमा बोलाउने आदेश दिएको हो।

वायुसेवा निगममा महाप्रबन्धक नियुक्ति प्रक्रिया चाँडो थाल्न प्रधानमन्त्री कार्कीको निर्देशन

नयाँ पत्रिका



संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समेत जिम्मेवारी सम्हालिरहेकी प्रधानमन्त्री सुशीला कार्कीले सरकारी स्वामित्वको वायुसेवा निगममा खुला प्रतिस्पर्धाबाट महाप्रबन्धक नियुक्ति प्रक्रिया छिटो थाल्न निर्देशन दिएकी छिन्।

निगममा खुला प्रतिस्पर्धाबाट महाप्रबन्धक नियुक्त गर्ने प्रक्रिया अघि बढाउन १४ कात्तिकमा समिति गठन भएयता कुनै प्रक्रिया अघि नबढेको पाएपछि प्रधानमन्त्री कार्कीले चासो दिएकी थिइन्। उनले पर्यटन सचिव हरि मैनालीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय बोलाएर कार्यप्रगति माग्दा केही पनि प्रक्रिया अघि नबढेको पाएपछि छिटो थाल्न निर्देशन दिएकी हुन्।

निगममा महाप्रबन्धक नियुक्तिका लागि सचिव मैनालीकै संयोजकत्वमा तीन सदस्यीय पदपूर्ति समिति गठन भएको छ। विज्ञ सदस्यमा क्याप्टेन केबी लिम्बू र मन्त्रालयकै योजना तथा प्रशासन महाशाखा प्रमुखलाई सदस्य सचिव तोक्ने व्यवस्था गरिएको छ। सचिव मैनालीले पदपूर्तिका लागि कार्यविधि बनाइसकेको, तर केही समय विदेशमा रहेकाले थप प्रगति हुन नसकेको प्रधानमन्त्री कार्कीलाई जानकारी गराएका थिए। त्यसपछि ढिला नगरी खुला प्रतिस्पर्धाबाट छिटो महाप्रबन्धक नियुक्ति प्रक्रिया अघि बढाउन निर्देश गरेकी थिइन्। यसअघिका कार्यकारी अध्यक्ष युवराज अधिकारी कात्तिक पहिलो साता कार्यकाल सकिएर बिदा भएका थिए।

यसअघि प्रधानमन्त्री कार्कीकै अग्रसरतामा भएको बैठकमा निगमभित्र पहुँचका आधारमा एक हजार ५८ भन्दा बढी कर्मचारीले अस्थायी, करार र ज्यालादरीमा जागिर खाइरहेको विषय बाहिरिएको थियो। त्यसपछि, पहुँचका भरमा नियुक्ति लिएका कर्मचारीलाई हटाउन दिएको निर्देशनसमेत निगमले पालना गरेको छैन।

५२ अर्ब ऋणमा डुबेको वायुसेवा निगमको सञ्चित नोक्सानी २० अर्ब नाघ्ने अनुमान छ। तर, संस्थान सुधारका लागि व्यवस्थापनले चासो नदिएपछि प्रधानमन्त्री कार्कीले बैठक राखेर सुधारको निर्देशन दिइरहेकी छिन्। उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेवा यात्रुमैत्री बनाउन र संस्थागत सुशासनलाई प्राथमिकता दिएर नाफा आर्जन गर्ने गरी काम गर्न निर्देशन दिएकी छिन्।

हाट-बजारको तरकारीमा विषादी भेटिएपछि नष्ट

नवलपरासी/ नवलपुरको कावासोती- २ स्थित कावासोती हाट-बजारमा बिक्रीका लागि राखिएको काउलीमा विषादी अत्यधिक भेटिएपछि जफत गेरेर नष्ट गरिएको छ। कावासोती हाट-बजारमा रहजरका किसान बन्चु मियाले बिक्रीका लागि पठाएको काउलीमा ९८ दशमलव ८५ प्रतिशत विषादी भेटिएको हो। सोमबार हाट-बजारमा बिक्रीका लागि ल्याइएको तरकारीको विषादी चेकजाँचको काउलीमा उपभोक्ताले खानै नमिल्ने गरी विषादी पाइएपछि जफत गरिएको विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइ नवलपुरका नायब प्राविधिक सहायक वीरेन्द्र भण्डारीले बताए। उनले बजारमा पठाएको एक सय ५१ किलो काउली बरामद गरी नष्ट गरिएको हो।

३५ प्रतिशतभन्दा कम विषादी देखिए मात्र उपभोगयोग्य हुने वीरेन्द्र भण्डारीले जानकारी दिए। त्यसैगरी, केही दिनअघि रजहरकै अर्का किसान महमत अन्सुरले बिक्रीका लागि बजार पठाएको काउलीमा पनि विषादी देखिएपछि नष्ट गरिएको थियो। उनले उत्पादन गरेको काउली परीक्षण गर्दा अझै ४१.४१ प्रतिशत विषादी देखिएपछि अझै केही दिन नटिप्न भनिएको उनले बताए।

यसअघि बजारमा बोडी र काँक्रोमा पनि विषादी भेटिएपछि नष्ट गरिएको थियो। कावासोतीमा एक वर्षअघि विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइ स्थापना गरिएपछि बजारमा आएका तरकारीहरू बिहान ६ बजे संकलन गरी आठ बजेभित्र रिपोर्ट आएपछि विषादी देखिएका तरकारीहरू जफत गरी नष्ट गर्ने गरिएको छ।

Invitation for Bids

Patarasi Rural Municipality

Office of The Rural Municipal Executive, Jumla

Karnali Province, Nepal

(Frist Date of publication: 11/11/2025)

1. The Office of The Patarasi Rural Municipality, Jumla invites electronic bids from registered firms for the following works under NCB Single Stage Single Envelope (1S1E) uploadable as shown in table below.

Details of work

SN	Contract Identification No.	Brief Description of Work/Site	Estimated Amount including VAT 13%	Bid Security Amount (Rs)	Deadline for Bid document purchasing date and time	Deadline for Bid submission date and time	Bid Opening Date and Time	Bid document Amount (Rs)
1	NCB/Work/ 2082/083/PRM-01	Chhuma Jiuli Gherabar Thata Sinchai Kulo Nirman, Patarasi Rural Municipality-3, Jumla	6690935.57	195000.00	11/11/2025 12:00 pm To upto submission date & time	11/12/2025 12:00 pm	11/12/2025 14:00 pm	3000.00
2	NCB/Work/ 2082/083/PRM-02	Urthu, Pere, Chotra Sadak Nirman, Patarasi Rural Municipality Jumla	9332202.22	272000.00	11/11/2025 12:00 pm To upto submission date & time	11/12/2025 12:00 pm	11/12/2025 14:00 pm	3000.00


2. Eligible Bidders may obtain further information and inspect the e-bidding documents at the office of the Patarasi Rural Municipality, Jumla , Phone no: 9767866977/9848326857 and from PPMO web portal: www.bolpatra.gov.np/egp.

3. Any provisions which are not mentioned in this notice will be consistent with Public Procurement Act (PPA), 2063 Public Procurement Regulations (PPR), 2064 and other prevailing Nepalese Laws.

Chief Administrative Officer

गोदरेजले ल्यायो इओन रेगालिस वासिङ मेसिन

काठमाडौं/ गोदरेज एप्लायन्सको अधिकृत वितरक सिजी इलेक्ट्रोनिक्सले प्रिमियम इओन रेगालिस फ्रन्ट लोड वासिङ मेसिन नेपाली बजारमा ल्याएको छ। एआई-पावर्ड टर्बिडिटी सेन्सरले सुसज्जित यो नयाँ मोडेल उत्कृष्ट धुलाइ गुणस्तर, राम्रो कपडा हेरचाहका लागि डिजाइन गरिएको कम्पनीले जनाएको छ। इओन रेगालिसले जाडोका लुगा धुलाइलाई सहज बनाउनुका साथै गह्रुँगा तथा मैला, चिसा लुगालाई छिटो सुक्ने गरी निर्माण गरिएको कम्पनीको भनाइ छ।



यस वासिङ मेसिनमा उन्नत अटो टर्बिडिटी सेन्सर र एआई टेकले पानीमा लुगाको मैलो स्तर स्वचालित रूपमा पत्ता लगाउनेछ। र, त्यसैअनुसार धुलाइ प्रक्रिया समायोजन गर्नेछ। त्यस्तै, यसमा जडित हिटर, एनटिसी र टर्बिडिटी प्रणालीले ९५ डिग्रीको धुलाइ तापक्रम प्रदान गर्नेछ, जसले कडा दाग र कीटाणु हटाउन सहयोग गर्नेछ।

इओन रेगालिसले मिक्स फ्याब्रिक, कटन, वाइट्स, जेन्टल वास, बेबी केयर, स्पोर्टस्सु, वुलन्स, बल्की, र क्विक १५ कपडा सहजै धुनेछ। फ्याब्रिसेफ ड्रम डिजाइन र सुपर ड्राइङ फिचरले गर्दा जाडोमा लगाइने स्वेटर, दौराजस्ता गह्रौं लुगा पनि सफा र सुक्खा हुने कम्पनीले जनाएको छ। साथै, ग्राहकले यसको मोटरमा १० वर्ष र सम्पूर्ण उत्पादनमा दुई वर्षको वारेन्टी पाउनेछन्। इओन रेगालिसमा क्विक १५-मिनेट वास, डिले स्टार्ट, चाइल्ड लक, अटो रिस्टार्ट, एड क्लोथ्स र मेमोरी इन्टरअप्सनजस्ता विशेषता रहेका छन्।

सिटिजन लाइफको सिप वृद्धि तथा सम्मान कार्यक्रम



काठमाडौं/ सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले सिप वृद्धि तथा सम्मान (अवार्ड सेरेमोनी एन्ड स्किल इन्हान्समेन्ट) कार्यक्रम गरेको छ। कम्पनीले पूर्व, मध्य-पश्चिम र काठमाडौं उपत्यकाका क्षेत्रीयस्तरमा यो कार्यक्रम सञ्चालन गरेको हो। जसअन्तर्गत २१ भदौमा इटहरी तथा पोखरामा, १४ कात्तिकमा भैरहवामा र २२ कात्तिकमै चाबहिलका लागि कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रमको उद्देश्य सिटिजन लिडरबिच आत्मविश्वास, प्रेरणा र आपसी सहकार्य प्रवर्द्धन गर्नुका साथै बिक्री गर्ने सिपमा अझ व्यावसायिक लिडर तयार पार्नु रहेको थियो।

प्रत्येक कार्यक्रममा दुई सय ५० देखि तीन सय ६० जनासम्म सहभागी रहेको कम्पनीले जनाएको छ।

सोही अवसरमा गत आर्थिक वर्ष ०८१/८२ का 'ब्रोनज क्लब' क्वालिफायरलाई सम्मान गरिनुका साथै विभिन्न दिनमा 'हिरो अफ द डे' उपाधिप्राप्त लिडरलाई पनि पुरस्कार प्रदान गरिएको थियो। तालिम सत्र कम्पनीका ट्रेनिङ विभाग प्रमुख, प्रमुख व्यवसाय अधिकृत, प्रमुख बजार व्यवस्थापन अधिकृत र प्रमुख कार्यकारी अधिकृतले सञ्चालन गरेका थिए। मनोरञ्जनात्मक सत्रमा चर्चित लोकगायक मिलन लामाले पोखरा र काठमाडौंमा प्रस्तुति दिएका थिए।

सानिमा बैंकको सिइओमा आचार्य



काठमाडौं/ सानिमा बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा पवनकुमार आचार्य नियुक्त भएका छन्। सोमबार बसेको बैंकको सञ्चालक समिति बैठकले आचार्यलाई सिइओ नियुक्त गरेको हो। उनको कार्यकाल भने आगामी १२ माघदेखि लागू हुनेछ। नवनियुक्त सिइओ आचार्यसँग बैंकिङ क्षेत्रमा २१ वर्ष लामो अनुभव छ।

हाल उनी यही बैंकका नायब प्रमुख कार्यकारी अधिकृत छन्। कर्जा मूल्यांकन, डिजिटलाइजेसन तथा परियोजना लगानीमा आचार्यको विज्ञता छ। साथै, उनी सानिमा बैंकको सहायक कम्पनी सानिमा क्यापिटलमा सञ्चालक समितिका अध्यक्षसमेत हुन्। आचार्यले अमेरिकाको पिट्सबर्ग स्टेट युनिभर्सिटीबाट स्नातकोत्तर र एमएनआइटी, जयपुरबाट इन्जिनियरिङमा स्नातक गरेका छन्। उनको कार्यकालमा बैंक थप सफलताको उचाइमा पुग्न सफल हुनेछ भन्ने विश्वास बैंकले लिएको छ।

महालक्ष्मी विकास बैंक र ई-कमर्स प्लाटफर्मबिच सम्झौता

काठमाडौं/ महालक्ष्मी विकास बैंक र ई-कमर्स प्लाटफर्म दराजबिच ११:११ अभियानका लागि सम्झौता भएको छ। ११:११ को विश्वव्यापी रूपमा नै मनाइने यस अभियानमार्फत बैंकले प्रदान गर्दै आएको डिजिटल बैंकिङ सुविधालाई अझ विस्तार गर्दै जाने नीतिअनुरूप सहकार्य भएको हो। २५ कात्तिकदेखि ५ मंसिरसम्मका लागि लागू हुने यो अफरमा बैंकका डेबिट कार्ड तथा क्रेडिट कार्डवाहक ग्राहकले उक्त प्लाटफर्ममार्फत सामान खरिद गर्दा विशेष छुट प्राप्त गर्न सक्नेछन्।



जसअनुसार डेबिट कार्डबाट भुक्तानी गर्दा १५ प्रतिशत वा अधिकतम १५ सयसम्म छुट तथा क्रेडिट कार्डबाट भुक्तानी गर्दा २० प्रतिशत वा अधिकतम दुई हजार रुपैयाँसम्म छुट प्राप्त गर्न सकिनेछ। योजना अवधिभर सहभागी हुने ग्राहक पहिलोलाई प्राथमिकतामा राखी छुट प्रदान गरिने बैंकले जनाएको छ। यस प्रकारका समझदारीबाट ग्राहकसँग डिजिटल रूपमा जोडिन, भुक्तानी प्रक्रियालाई सुनिश्चित गर्न तथा डिजिटल नवप्रवर्तनका माध्यमबाट ग्राहक सन्तुष्टिलाई बढावा दिन सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

आइएमईको २५औं साधारणसभा



काठमाडौं/ आइएमई लिमिटेडले २५औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। कम्पनीका संस्थापक तथा अध्यक्ष हेमराज ढकालको अध्यक्षतामा सम्पन्न साधारणसभामा अध्यक्ष ढकालले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

सभाले उक्त प्रतिवेदन सर्वसम्मत रूपले पारित गरेको छ। अध्यक्ष ढकालले रेमिट्यान्स सेवा उद्योग क्षेत्रमा अग्रणी कम्पनीका रूपमा रहेको आइएमई लिमिटेड सर्वाधिक लोकप्रिय ब्रान्ड बनेको बताए। उनले २५औं वर्षमा व्यावसायिक हिस्सा विस्तार गर्दै नयाँ प्रविधि एवं रणनीतिका साथ आगामी दिनमा अघि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गरे। प्रविधिको अधिकतम सदुपयोग गर्दै रेमिट्यान्स सेवाको थप विस्तार तथा विविधीकरण गरी आइएमईलाई कम्प्लिट फाइनान्सियल सोलुसन्सका रूपमा विकास गर्ने उनको भनाइ थियो।

त्यसैगरी, आइएमईका संस्थापक अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले आइएमई थप परिपक्व बन्दै नागरिकको जीवनस्तर सुधार र उद्यमशीलता विकासमा योगदान पुऱ्याउनु गौरवपूर्ण क्षण रहेको उल्लेख गरे।

समृद्धि फाइनान्सले मनायो वार्षिकोत्सव

काठमाडौं/ समृद्धि फाइनान्सले आफ्नो २४औं वार्षिकोत्सव मनाएको छ। कार्यक्रममा फाइनान्सका व्यवस्थापन सदस्य, कर्मचारी र ग्राहकको सहभागिता थियो।

त्यसैगरी, फाइनान्सका सबै शाखाका कर्मचारी र बचतकर्ताको उपस्थितिमा केक काटेर खुसियालीसमेत मनाइएको कम्पनीले जनाएको छ।

मोटरसाइकल हरायो

मिति २०८२/५/२३ दिउँसो का.जि.का.म.न.पा.-७, चावहिल ओरालोमा पार्किङ गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 160 CC TVS Apache मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : हरेराम यादव
मो.सा.नं.: बा.प्र. ०२-०५५ प ०९१९
चेसिस नं.: MD634KE49R2F00874
इन्जिन नं.: DE4FR2800405
सम्पर्क नं.: 9823149925

अपि पावर कम्पनी लिमिटेडको
API POWER COMPANY LIMITED

Trade Tower Nepal, Thapathali, Kathmandu, Nepal

UNAUDITED FINANCIAL STATEMENTS FOR THE FIRST QUARTER
FISCAL YEAR 2082/83 ENDED 31st Ashwin 2082 (17TH OCTOBER 2025)

Particulars	This Quarter Ending Ashwin End 2082	Previous Quarter Ending Asadh End 2082	Corresponding Previous Year Quarter Ending Ashwin end 2081
Assets			
Non Current Assets			
Property, plant and equipment	16,746,213	17,532,292	164,964,066
Right of use assets	10,759,304	10,037,858	10,355,678
Intangible assets	11,078,157,440	11,132,641,536	11,292,382,329
Project work-in-progress	277,800,489	164,985,627	113,118,301
Investment in Subsidiaries and Associates	2,249,469,974	1,845,060,962	1,279,463,962
Other investments	38,906,706	38,906,706	143,541,947
Other non-current assets	2,587,308	2,587,308	2,016,893
Total Non Current Assets	**13,674,427,434**	**13,211,752,290**	**13,005,843,176**
Current Assets			
Trade receivables	360,059,741	310,279,385	360,479,097
Cash and cash equivalents	54,113,479	65,910,607	21,178,287
Other financial assets	285,669,173	99,188,117	865,488,052
Other current assets	126,773,434	327,905,171	106,725,454
Current tax assets (net)	-	-	294,443
Total Current Assets	**826,615,828**	**803,283,283**	**1,354,165,334**
Total Assets	**14,501,043,262**	**14,015,035,572**	**14,360,008,510**
Equity & Liabilities			
Equity			
Equity Share Capital	**6,075,927,807**	**6,075,927,807**	**5,786,597,912**
Other Equity	895,785,040	672,739,263	732,213,294
Total Equity	**6,971,712,847**	**6,748,667,070**	**6,518,811,206**
Liabilities			
Non-Current Liabilities			
Non-Current Borrowings	5,672,338,411	5,760,378,380	6,359,680,512
Deferred tax liabilities (net)	150,279,947	145,503,078	135,868,274
Other non-current liabilities	14,444,561	14,394,508	13,237,518
Provisions	-	4,425,439	7,920,855
Total Non-Current Liabilities	**5,837,062,920**	**5,924,701,405**	**6,516,707,159**
Current Liabilities			
Current Borrowings	1,081,009,135	975,150,161	318,831,799
Other financial liabilities	452,977,237	303,190,252	286,661,072
Other current liabilities	157,138,637	55,108,656	714,101,834
Current tax Liabilities (net)	1,142,491	297,173	-
Provisions	-	7,920,855	4,895,439
Total Current Liabilities	**1,692,267,500**	**1,341,667,097**	**1,324,490,145**
Total Liabilities	**7,529,330,419**	**7,266,368,502**	**7,841,197,304**
Total Equity and Liabilities	**14,501,043,262**	**14,015,035,572**	**14,360,008,510**

Particulars	This Quarter Ending Ashwin End 2082	Previous Quarter Ending Asadh End 2082	Corresponding Previous Year Quarter Ending Ashwin end 2081
Revenue from operations	538,459,207	1,651,212,610	475,228,568
Cost of sales	(59,257,441)	(282,708,596)	(42,696,596)
Gross Profit	**479,201,767**	**1,368,504,013**	**432,531,973**
Other Income	2,000	20,212,389	2,775,700
Administrative Expenses	(8,206,693)	(40,760,395)	(18,432,578)
Depreciation and Amortisation Expense	(105,580,552)	(421,122,689)	(105,671,015)
Fair Value Gain / (Loss) on Investment through FVTPL	25,872,750	122,756,163	83,203,007
Profit from Operation	**391,289,272**	**1,049,589,482**	**394,407,087**
Finance Income	77,963	2,059,936	120,179
Finance Costs	(116,658,940)	(581,679,380)	(186,874,765)
Profit before staff bonus and tax	**274,708,295**	**469,970,038**	**207,652,501**
Staff Bonus	(5,494,166)	(9,399,401)	(4,153,050)
Profit before tax	**269,214,129**	**460,570,637**	**203,499,451**
Current Tax	(19,491)	(2,204,519)	(723,970)
Deferred Tax	(6,439,488)	(30,706,890)	(21,072,086)
Profit/(Loss) For the Period	**262,755,150**	**427,659,228**	**181,703,396**
Other Comprehensive Income			
Items that will not be reclassified to profit or loss			
(a) Remeasurement of defined benefit plans	-	-	-
(b) Equity instruments classified at FVTOCI	-	-	-
Income Tax Relating to Above Items	-	-	-
Other Comprehensive Income (net of tax)	-	-	-
Total Comprehensive Income for the year	**262,755,150**	**427,659,228**	**181,703,396**

Ratios	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Earnings per share (in Rs. Annualized)	17.30	7.04	12.56
Market value per share	270.2	295.92	311.9
Price Earning Ratio	15.62	42.04	24.83
Current Ratio	0.49	0.60	1.02
Return on Assets (Annualized)	7.25%	3.05%	5.06%
Net worth per share (in Rs.)	114.74	111.07	112.65

Notes:
1. The above mentioned figures are subject to change during statutory audit of the books of accounts.
2. Previous period figures have been reclassified / adjusted wherever considered necessary.

FIRST QUARTER DISCLOSURE AS OF 17TH OCTOBER 2025 AS PER SECURITIES REGISTRATION AND ISSUE REGULATIONS, 2073

1. **Financial Statements**
   - The unaudited financial statements for the first quarter and the financial ratios have been published along with this report.
   - Important Financial Ratios: As attached in the unaudited financial statements.
2. **Management's Analysis**
   - The Company is commercially operating the following projects:
   i. 8.5 MW Naugad Gad Small Hydropower
   ii. 8.00 MW Upper Naugadh Gad Hydropower Project
   iii. 4.00 MW Chandranigahpur Solar Project
   iv. 1.00 MW Dhalkebar Solar Project
   v. 1.00 MW Simara Solar Project
   vi. 40.00 MW Mathillo Chameliya Hydropower Project
3. **Legal Proceedings**
   - Lawsuits filed by or against the company: None
4. **Analysis of Shares Transaction**
   - Shares of the company were actively traded during the quarter.
   - Major highlights of share transaction during the quarter are as follows: Maximum Price – NPR 335, Minimum Price – NPR 258.8, Closing Price – NPR 270.2, No of Transaction Days – 51, Total Transactions – 36,729 Total Traded Volume – 1,02,92,426 Total Turnover – NPR 3,14,58,79,225.20
5. **Problems and Challenges**

   Internal Risk
   - Retention of skilled human resources
   - To manage the overhead cost and maintain the operational efficiency

   External Risk
   - Lack of political commitment in development of hydroelectric projects
   - Delay of statutory approvals
6. **Corporate Governance**
   Board of Directors, Audit Committee and Team Management are committed to strengthening the corporate governance within the Company.
7. **Declaration**
   I, the Managing Director of the Company, hereby individually accept responsibility for the accuracy of the information and details contained in this report. Also hereby declare that to the best of my knowledge and belief, the information contained in this report is true, accurate and complete and there are no other matters concealed the omission of which shall adversely affect the informed investment decision by the investors.

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८२/०७/२६

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्नुका साथै सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा मिति वि.सं. २०८१/०२/२५ को "नयाँ पत्रिका" राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने, मिति वि.सं. २०८१/०६/०१ को "कान्तिपुर" राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने र मिति वि.सं. २०८१/०८/१९ को "नयाँ पत्रिका" राष्ट्रिय दैनिक पत्रिकामा पुन १५ (पन्ध्र) दिने सार्वजनिक सूचना जारी गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

(सावित तिनाउ मिसन डेभलपमेन्ट बैंक लि) हाल शाखा कार्यालय : बाँसगढी, रुपन्देही

१. ऋणीको नाम र ठेगाना

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७१/१०/०५ मा नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीको प्रा.फ.र.नं. १०६३/७५२७/०७१ दर्ता नं. कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भैरहवा बाट स्थायी लेखा नं. (PAN) ६०२९४२४४३ प्राप्त गरि महेशपुर गा.वि.स. वडा नं. ७, रमपुरवा, नवलपरासी मा रजिष्टर्ड ठेगाना रहेको श्री **पवित्रा कोल्ड स्टोर**

फर्मको प्रोप्राइटरको नाम र ठेगाना

श्री दुल्ले थारुकी बुहारी, श्री भिम बहादुर थापा मगरकी छोरी, शेर बहादुर थारुकी श्रीमती, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. १, स्थाई ठेगाना भई हाल नवलपरासी जिल्ला पाल्हीनन्दन गा.पा. वडा नं. १, नवलपरासी बस्ने **गंगा थारु** (ना.प्र.नं. ३७-०१-७१-०७६१५ जारी मिति २०७१/०८/२१, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. गोली थारुको नाती, दुल्ले थारुको छोरा, गंगा थारुको पति, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल नवलपरासी जिल्ला पाल्हीनन्दन गा.पा. वडा नं. ०१ बस्ने **शेर बहादुर थारु** (ना.प्र.प.नं. १२३५६, जारी मिति २०५८/०४/२३, जि.प्र.का. रुपन्देही)

२. गोली थारुकी बुहारी, चिनक दगोरियाकी छोरी, दुल्ले थारुकी पत्नी, रुपन्देही जिल्ला साडी गा.वि.स.वडा नं. १ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. १ बस्ने **रिम कुमारी देवी थारु** (ना.प्र.प.नं. ५/५/६०९, जारी मिति २०४६/०१/२२, जि.प्र.का. रुपन्देही)

३. गोली थारुको नाती, दुल्ले थारुको छोरा, पुष्पा थारुको पति, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. ०१ बस्ने **प्रेम बहादुर चौधरी** (ना.प्र.प.नं. ३७१०३९/२८१९९, जारी मिति २०६७/०३/०२, जि.प्र.का. रुपन्देही)

४. गोली थारुको नाती, दुल्ले थारुको छोरा, पति, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. ०१ बस्ने **जीत बहादुर चौधरी थारु** (ना.प्र.प.नं. ३७१०३९/२८२००, जारी मिति २०६७/०३/०२, जि.प्र.का. रुपन्देही)

५. विपत थारुको नाती, राम दुलारे थारुको छोरा, प्रेमशिला थारुको पति, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. ०१ बस्ने **ओम प्रकाश थारु चौधरी** (ना.प्र.प.नं. २७९५, जारी मिति २०५३/०१/१९, जि.प्र.का. रुपन्देही)

६. सर्जु कुर्मीको नाती, शिव मुरत कुर्मीको छोरा, दुर्गावति कुर्मिको पति, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. ०१ बस्ने **राम नरेश कुर्मी** (ना.प्र.प.नं. ७१०८४, जारी मिति २०४०/१०/२२, जि.प्र.का. रुपन्देही)

२. ऋणीको नाम र ठेगाना

गोली थारुको नाती, दुल्ले थारुको छोरा, गंगा थारुको पति, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल नवलपरासी जिल्ला पाल्हीनन्दन गा.पा. वडा नं. ०१ बस्ने **शेर बहादुर थारु** (ना.प्र.प.नं. १२३५६, जारी मिति २०५८/०४/२३, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री दुल्ले थारुकी बुहारी, श्री भिम बहादुर थापा मगरकी छोरी, शेर बहादुर थारुकी श्रीमती, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. १, स्थाई ठेगाना भई हाल नवलपरासी जिल्ला पाल्हीनन्दन गा.पा. वडा नं. १, नवलपरासी बस्ने **गंगा थारु** (ना.प्र.नं. ३७-०१-७१-०७६१५ जारी मिति २०७१/०८/२१, जि.प्र.का. रुपन्देही)

२. गोली थारुकी बुहारी, चिनक दगोरियाकी छोरी, दुल्ले थारुकी पत्नी, रुपन्देही जिल्ला साडी गा.वि.स.वडा नं. १ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. १ बस्ने **रिम कुमारी देवी थारु** (ना.प्र.प.नं. ५/५/६०९, जारी मिति २०४६/०१/२२, जि.प्र.का. रुपन्देही)

३. गोली थारुको नाती, दुल्ले थारुको छोरा, पुष्पा थारुको पति, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. ०१ बस्ने **प्रेम बहादुर चौधरी** (ना.प्र.प.नं. ३७१०३९/२८१९९, जारी मिति २०६७/०३/०२, जि.प्र.का. रुपन्देही)

४. श्री दुल्ले थारुकी बुहारी, श्री भिम बहादुर थापा मगरकी छोरी, शेर बहादुर थारुकी श्रीमती, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. १, स्थाई ठेगाना भई हाल नवलपरासी जिल्ला पाल्हीनन्दन गा.पा. वडा नं. १, नवलपरासी बस्ने **गंगा थारु** (ना.प्र.नं. ३७-०१-७१-०७६१५ जारी मिति २०७१/०८/२१, जि.प्र.का. रुपन्देही)

५. गोली थारुकी बुहारी, भगवानदत्त थारुकी छोरी, जित बहादुर चौधरी थारुकी पत्नी, रुपन्देही जिल्लासाडी गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. १ बस्ने **ममता कुमारी थारु** (ना.प्र.प.नं. ३७-०१-७१-०७६१२ मिति २०७१/०८/२१, जि.प्र.का. रुपन्देही)

६. गोली थारुको नाती, दुल्ले थारुको छोरा, पुष्पा थारुको पति, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. ०१ बस्ने **प्रेम बहादुर चौधरी** (ना.प्र.प.नं. ३७१०३९/२८१९९, जारी मिति २०६७/०३/०२, जि.प्र.का. रुपन्देही)

३. ऋणीको नाम र ठेगाना

गोली थारुको नाती, दुल्ले थारुको छोरा, पुष्पा थारुको पति, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. ०१ बस्ने **प्रेम बहादुर चौधरी** (ना.प्र.प.नं. ३७१०३९/२८१९९, जारी मिति २०६७/०३/०२, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. गोली थारुको नाती, दुल्ले थारुको छोरा, गंगा थारुको पति, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल नवलपरासी जिल्ला पाल्हीनन्दन गा.पा. वडा नं. ०१ बस्ने **शेर बहादुर थारु** (ना.प्र.प.नं. १२३५६, जारी मिति २०५८/०४/२३, जि.प्र.का. रुपन्देही)

२. गोली थारुकी बुहारी, चिनक दगोरियाकी छोरी, दुल्ले थारुकी पत्नी, रुपन्देही जिल्ला साडी गा.वि.स.वडा नं. १ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. १ बस्ने **रिम कुमारी देवी थारु** (ना.प्र.प.नं. ५/५/६०९, जारी मिति २०४६/०१/२२, जि.प्र.का. रुपन्देही)

३. गोली थारुको नाती, दुल्ले थारुको छोरा, पति, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. ०१ बस्ने **जीत बहादुर चौधरी थारु** (ना.प्र.प.नं. ३७१०३९/२८२००, जारी मिति २०६७/०३/०२, जि.प्र.का. रुपन्देही)

४. श्री दुल्ले थारुकी बुहारी, श्री भिम बहादुर थापा मगरकी छोरी, शेर बहादुर थारुकी श्रीमती, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. १, स्थाई ठेगाना भई हाल नवलपरासी जिल्ला पाल्हीनन्दन गा.पा. वडा नं. १, नवलपरासी बस्ने **गंगा थारु** (ना.प्र.नं. ३७-०१-७१-०७६१५ जारी मिति २०७१/०८/२१, जि.प्र.का. रुपन्देही)

५. गोली थारुकी बुहारी, भगवानदत्त थारुकी छोरी, जित बहादुर चौधरी थारुकी पत्नी, रुपन्देही जिल्लासाडी गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. १ बस्ने **ममता कुमारी थारु** (ना.प्र.प.नं. ३७-०१-७१-०७६१२ मिति २०७१/०८/२१, जि.प्र.का. रुपन्देही)

६. गोली थारुको नाती, दुल्ले थारुको छोरा, पुष्पा थारुको पति, रुपन्देही जिल्ला साडी गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला गैंडहवा गा.पा. वडा नं. ०१ बस्ने **प्रेम बहादुर चौधरी** (ना.प्र.प.नं. ३७१०३९/२८१९९, जारी मिति २०६७/०३/०२, जि.प्र.का. रुपन्देही)

शाखा कार्यालय : इमिलिया, कपिलबस्तु

५. ऋणीको नाम र ठेगाना

नाम : सिता एकीकृत कृषि फर्म
रजिष्टर्ड ठेगाना : बुद्धभुमि न.पा.-१, कपिलबस्तु।
उद्योग दर्ता नं. : १२२१५।०७७ (प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, तौलिहवा, कपिलबस्तु।)
पान नं. : ६१४९६५१०६

ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगाना

पुर्णे कामीको बुहारी भोट बहादुर सुनारको छोरी, जित बहादुर वि.क.को श्रीमती, कपिलबस्तु जिल्ला बुद्धभुमि न.पा.वडा नं. ०१ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला बुद्धभुमि न.पा.वडा नं. ०१ बस्ने सीता सुनार (ना.प्र.नं. २६९२९, २०५९/०३/०३, जि.प्र.का. कपिलबस्तु)

जमानीकर्ताको नाम र ठेगाना

खिमे कामीको नाती, पुर्णे कामीको छोरा, कपिलबस्तु जिल्ला बुद्धभुमि न.पा.वडा नं. ०१ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला बुद्धभुमि न.पा.वडा नं. ०१ बस्ने जित बहादुर वि.क. (ना.प्र.न ४०२७०, २०५८/१२/०७, जि.प्र.का. कपिलबस्तु)

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

THE BANKER BANK OF THE YEAR 2024 NEPAL

'ए' डिभिजन लिग फागुन अन्तिम साता गर्ने एन्फाको प्रतिबद्धता

खेलकुदमन्त्री बब्लु गुप्ताको उपस्थितिमा मंगलबार भएको छलफलमा खेलाडीसमक्ष एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईको फागुनभित्रै लिग गराउने प्रतिबद्धता

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले आगामी फागुनको अन्तिम साता सहिद स्मारक 'ए' डिभिजन लिग आयोजनाको प्रस्ताव राखेको छ। खेलकुदमन्त्री बब्लु गुप्ताको संयोजनमा एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईले खेलाडीहरूसँग प्रस्तावित महिनामै लिग गराउने प्रतिबद्धता गरेका हुन्।

यसअघि एन्फाले आगामी ९ पुसदेखि 'ए' डिभिजन लिग गर्ने घोषणा गरेको थियो। 'हामीले 'ए' डिभिजन लिग आउने फागुनको अन्तिम साता गर्ने प्रस्ताव राख्यौँ। यसमा सबै सकारात्मक देखिएका छन,' एन्फाका अध्यक्ष नेम्वाङले भने, 'लिग आयोजना गर्न हामीलाई सबै पक्षबाट सहयोग चाहिन्छ।' नेम्वाङले लिग आयोजना वेला बजेट अभाव हुन नदिन सरकारले सहयोग गर्नुपर्ने आग्रह गरेका छन्। 'समयमै लिग गराउन सरकारले लगानी गर्नुपर्छ। एएफसी र फिफाको बजेटले मात्र लिग आयोजना गर्न सकिँदैन त्यसैले सरकारको पनि यसमा लगानी हुनुपर्छ,' नेम्वाङले भने।

मन्त्री गुप्ताले भने तत्काल मन्त्रालयबाट बजेट उपलब्ध गराउन नसकिने एन्फाका अध्यक्ष र महासचिवलाई स्पष्ट पारेका छन्। 'अहिले बजेटका लागि मन्त्रालयबाट केही गर्न सकिँदैन, हामीले केवल समन्वय मात्र गर्ने हो, तर लिग गराउन क्लबहरूलाई कर्पोरेट हाउससँग सहकार्यका लागि मन्त्रालय तयार छ,' उनले भने। खेलाडी संघका अध्यक्ष विक्रम लामाले एन्फासँग समय र बजेट अभाव भएको हास्यास्पद रहेको छलफलमा बताएका थिए।

'अहिले लिग आयोजना गर्न समय अभाव भएको सुने। पुसमा लिग गर्ने घोषणा गर्ने एन्फासँग अहिले कसरी छैन,' लामाले भने। गत साता एन्फा र लिगमा आबद्ध १४ क्लबका पदाधिकारीले 'ए' डिभिजनको सट्टा राष्ट्रिय लिग गर्ने सहमति गरेका थिए। राष्ट्रिय लिगमा अघिल्लो संस्करणका शीर्ष ६ क्लब र जारी एन्फा प्रेसिडेन्ट लिगका शीर्ष चार टोली गरी १० टोलीबिच प्रतिस्पर्धा गराउने तयारी थियो। 'ए' डिभिजन लिग यस वर्ष पनि नहुने निश्चित भएपछि खेलाडी संघ, राष्ट्रिय खेलाडी, पूर्वखेलाडी तथा राष्ट्रियस्तरका प्रशिक्षकहरूले एन्फा र क्लबबिचको सहमतिको चर्को विरोध गरेका थिए। गत बिहीबार खेलाडी संघले सातदोबाटोस्थित एन्फा मुख्यालयको गेटमा विभिन्न पदक झुन्ड्याएर सांकेतिक विरोध जनाउँदै सात दिनभित्र निर्णय लिन चेतावनी दिएको थियो। एन्फाले सोमबार सडक आन्दोलनमा गरिरहेका खेलाडीहरूसँग छलफलको आह्वान गरेको थियो।

तर, खेलाडीहरूले सबै गतिविधि लाइभ हुँदा मात्र आफू छलफलमा बस्ने अडान राखे। एन्फाले भने छलफलको लाइभ गर्न नसकिने बताएपछि खेलाडीहरूले वार्ता नै बहिष्कार गरेका थिए। त्यसपछि खेलकुदमन्त्री बब्लु गुप्ताले विवाद समाधान गर्न मंगलबार मन्त्रालयमै एन्फा, क्लब र खेलाडीहरूलाई वार्तामा डाकेका हुन्। खेलकुद मन्त्रालयको समन्वयमा भएको छलफलबाट एक सय २० दिनभित्र 'ए' डिभिजन लिग गर्न तयार रहेको एन्फाले जनाएको हो। तर, यो अवधिमा राष्ट्रिय लिग भने गर्न नसक्ने जनाएको छ। छलफलमा मच्छिन्द्र फुटबल क्लबका अध्यक्ष अनिल श्रेष्ठले लिगको तयारीका लागि तीन महिना समय मागेका थिए। 'होम एन्ड अवेमा जाने हो भने हामीलाई दुईदेखि तीन महिना समय दिनुपर्छ,' उनले छलफलमा भने।

क्लबहरूसँग आज छलफल

एन्फाले प्रस्ताव गरेको महिनामा 'ए' डिभिजन लिग निश्चित गराउन प्रतियोगितामा सहभागी १४ क्लबका पदाधिकारीसँग मन्त्रालयले बुधबार छुट्टै छलफल राखेको छ। मन्त्री गुप्ताले छलफलबाट निस्केको निष्कर्षअनुसार एक सय २० दिनभित्र लिग गराउन क्लबलाई बोलाएको बताए। यदि एन्फाले लिग गर्न नसके बैठकको माइन्युट उठाएर फिफा र एएफसीमा पठाउने गुप्ताले चेतावनी दिएका छन्। एन्फाको प्रस्तावअनुसार यो सिजन राबल राउन्डअनुसार 'ए' डिभिजन लिग हुनेछ। मन्त्री गुप्ताले १४ क्लबहरूसँग तत्काल वार्ता गर्न एन्फाका पदाधिकारीलाई निर्देशनसमेत दिएका छन्।



मन्त्रालयले समन्वय मात्र गर्ने हो

● **बब्लु गुप्ता**, खेलकुदमन्त्री



लिग आयोजना गराउन अहिले मन्त्रालयबाट बजेटका लागि केही गर्न सकिँदैन। हामीले केवल समन्वय गर्न सक्ने हो। लिग गराउन क्लबहरूलाई कर्पोरेट हाउससँग सहकार्यका लागि मन्त्रालय तयार छ। एन्फा अभिभावकीय संघ भएकाले यो मितिमा 'ए' डिभिजन लिगको गराउन सक्नुपर्छ।

निरन्तर खेल्ने वातावरण हुनुपर्‍यो


● **विक्रम लामा**, अध्यक्ष, खेलाडी संघ



खेलकुद मन्त्रालयले आउने पुस्ताको मध्यनजर गरी खेलाडीलाई निरन्तर खेल्न पाउने वातावरण आग्रह रहेको छ। यसअघि नै तोकिएको ९ पुसमा लिग गराउनका लागि अहिले कसरी समय कम भयो भन्ने प्रश्न छ। अर्को वर्ष लिग गर्ने भनेर हामीलाई थप १४ महिना लम्ब्याउन खोजेको देखियो।

लिगमा सरकारले लगानी गर्नुपर्छ


● **पंकजविक्रम नेम्वाङ**, अध्यक्ष, एन्फा



ए डिभिजन लिग गराउँदा एउटा क्लबको कम्तीमा दुईदेखि तीन करोड रुपैयाँ खर्च हुन्छ। त्यसमा एन्फाको समेत जोड्दा कम्तीमा ५० करोड रुपैयाँ खर्च लाग्छ। बजेट व्यवस्थापनका लागि सरकारले लगानी गर्नुपर्छ। एएफसी र फिफाको बजेटले मात्र सकिँदैन सरकारले पनि गर्नुपर्छ।

क्लबले लिग नखेल्ने कहिल्यै भनेको छैन

● **अनिल श्रेष्ठ**, अध्यक्ष, मच्छिन्द्र



हामीले दुई वर्षदेखि लिग हुनुपर्छ भन्ने माग गरिरहेका थियौँ। क्लबहरूले कहिल्यै पनि 'ए' डिभिजन लिग नखेल्ने भनेका छैनन्। सुरुमा एन्फा तयार हुनुपर्छ। एन्फा नै लिग गराउने तयारी अवस्थामा छैन। लिगमा सहभागी हुन कम्तीमा पनि आठदेखि १२ महिनाको तयारी आवश्यक पर्छ। त्यसमा पनि आर्थिक पक्ष समेटिएको हुन्छ।

■ दोस्रो नेपाल प्रिमियर लिग

चन्द्रपाउलको आगमनले जनकपुर उत्साहित



वेस्ट इन्डिजको टेस्ट टोलीबाट ११ हजारमाथि रन बटुलेका शिवनारायण चन्द्रपाउलको प्रशिक्षणमा ड्रेसिङ रुम थप बलियो हुने साविक विजेता जनकपुर बोल्ट्सको अपेक्षा

नयाँ पत्रिका

दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल) मा नाम चलेका विदेशी ब्याट्सम्यान र बलरले त्रिवि क्रिकेट मैदानमा आफ्नो अनुभव प्रस्तुत गर्नेछन्। त्यही नै वेस्ट इन्डिजका पूर्वदिग्गज ब्याट्सम्यान शिवनारायण चन्द्रपाउल भने फरक भूमिकामा बाउन्ड्री लाइनमा देखिनेछन्। कुनै वेला वेस्ट इन्डिजको एकदिवसीय र टेस्ट फर्म्याटका प्रमुख ब्याट्सम्यान रहिसकेका चन्द्रपाउल अहिले एनपिएलको साविक विजेता जनकपुर बोल्ट्ससँग मुख्य प्रशिक्षकको भूमिकामा जोडिएका छन्।

चन्द्रपाउलले वेस्ट इन्डिजको टेस्ट टोलीबाट ३० शतक तथा ६६ अर्धशतकको सहयोगमा ११ हजार आठ सय ६७ रन तथा एकदिवसीय खेलमा ११ शतक र ५९ अर्धशतकीय इनिङ्सको मद्दतमा आठ हजार सात सय ७८ रन बनाएका छन्। अन्तर्राष्ट्रिय क्रिकेटका अनुभवी खेलाडी चन्द्रपाउलले प्रशिक्षकका रूपमा जनकपुरका खेलाडीसँग अनुभव सेयर गर्नेछन्। जनकपुरले चन्द्रपाउलको आगमनसँगै टोलीको रणनीति बलियो हुने विश्वास राखेको छ।

जनकपुरका महाप्रबन्धक निरोज खतिवडाले एजेन्टको माध्यमबाट चन्द्रपाउलसँग सम्झौता गर्न सजिलो भएको बताए। 'हामीले सहजै वेस्ट इन्डिजका पूर्वखेलाडी चन्द्रपाउलसँग सम्झौता गरेका छौँ,' खतिवडाले भने, 'उहाँको आगमनले हाम्रो ड्रेसिङ रुम बलियो भएको महसुस गरेको छु।' गत वर्ष जनकपुरले नेपाली राष्ट्रिय टोलीका पूर्वप्रशिक्षक पुबुदु दासानायकेको प्रशिक्षणमा उपाधि जितेको थियो। अहिले पुबुदु अर्को एनपिएल फ्रेन्चाइज टोली विराटनगर किंग्समा पुगेका छन्।

चन्द्रपाउलले यसै महिना सारजहाँमा भएको नेपाल र वेस्ट इन्डिजबिचको तीनवटा टी-२० आई सिरिज नजिकबाट नियालेको स्मरण गरे। उनले टी-२० फर्म्याटकै बलियो राष्ट्र वेस्ट इन्डिजलाई हराउनु नेपालको ऐतिहासिक प्रदर्शन भएको बताए।

'मैले वेस्ट इन्डिजविरुद्ध नेपालले सारजहाँमा खेलेको टी-२० खेल हेरेको थिएँ। त्यो सिरिज जित्नु नेपालको ठुलो सफलता हो,' उनले भने, 'नेपालको एकदिवसीय खेल पनि हेरेको छु।' बायाँहाते ब्याट्सम्यान चन्द्रपाउलले वेस्ट इन्डिजबाट एक सय ६४ टेस्ट र दुई सय ६८ एकदिवसीय अन्तर्राष्ट्रिय खेलेका छन्। दुई दशकको अन्तर्राष्ट्रिय करिअरमा उनले क्यारेबियन प्रिमियर लिग भाइटालिटी ब्लास्ट, बंगलादेश प्रिमियर लिग, च्याम्पियन्स लिग टी-२० र इन्डियन प्रिमियर लिगमा खेलेका थिए।

सुदूरपश्चिमसँग जोडियो एम्पायर एजुकेसन

एम्पायर इन्टरनेसनल एजुकेसन एन्ड भिसा सर्भिसले सुदूरपश्चिम रोयल्ससँग स्टडी अब्रोड पार्टनरका रूपमा सम्झौता गरेको छ। एम्पायरकी अप्रेसन हेड आकृति केसी र सुदूरपश्चिमका प्रमुख कार्यकारी अधिकृत (सिइओ) प्रकाश खड्काले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्। सुदूरपश्चिमका सिइओ खड्काले एम्पायर इमा जोडिन पाउँदा खुसी लागेको बताए। अस्ट्रेलिया, क्यानडा, अमेरिका, बेलायतजस्ता प्रमुख गन्तव्यमा उच्च शिक्षा र भिसा आवेदन प्रक्रियामा सघाउने एम्पायर एजुकेसन एक परामर्शदाता कम्पनी हो। साविक उपविजेता सुदूरपश्चिमले मार्की दीपेन्द्रसिंह ऐरीसहित विनोद भण्डारी, आरिफ शेख, अविनाश बोहरा, इशान पाण्डे र नरेन साउदलाई रिटेन गरेको छ। यसैगरी, हिक्मत महरालाई आइकोनिक खेलाडीका रूपमा सुदूरपश्चिमले छनोट गरेको छ।

सौगत चितवनका आइकोनिक खेलाडी

एनपिएलको फ्रेन्चाइज टोली चितवन राइनोजले दायाँहाते लेग स्पिनर सौगात ढकाललाई आइकोनिक खेलाडीका रूपमा चयन गरेको छ। चितवनले ट्यालेन्ट हन्टअन्तर्गत हेटौँडा, टाँडी र भरतपुरमा क्याम्प राखेको थियो। टोलीले अन्तिम छनोट भने गौतम बुद्ध रंगशालास्थित नमुना क्रिकेट मैदानमा गरेको हो। ट्यालेन्ट हन्टले नेपालका विभिन्न स्थानबाट उदाउँदा प्रतिभालाई पहिचान र प्रोत्साहन गर्ने उद्देश्य बोकेको चितवनले जनाएको छ। यसैगरी, दायाँहाते फास्ट बलर सत्रिया कार्की र नरेश प्रधानलाई डेभलपमेन्ट स्क्वाड खेलाडीका रूपमा चयन गरिएको छ।

लुम्बिनीले यादवको स्थानमा सुमितलाई भित्र्यायो

लुम्बिनी लायन्सले मंगलबार ब्याट्सम्यान सुमित महर्जनलाई अनुबन्ध गरेको छ। यसअघि अक्सनमार्फत भित्रिएका विवेककुमार यादव घाइते भएपछि लुम्बिनीले सुमितलाई स्थान दिएको हो।

सुमितले पहिलो संस्करणमा काठमाडौं गोर्खाजबाट खेलेका थिए। दोस्रो एनपिएलमा लुम्बिनीले आफ्नो पहिलो खेल ४ मंसिरमा चितवन राइनोजविरुद्ध खेल्नेछ। राष्ट्रिय टोलीका कप्तान रोहित पौडेल मार्की खेलाडी रहेको लुम्बिनीले सोमबारै मात्र अफगानिस्तानका गुल्वदिन नैवलाई भित्र्याएको थियो।

प्रेसिडेन्ट लिगमा लालीगुराँसको दोस्रो जित

मकवानपुर/ एन्फा प्रेसिडेन्ट लिगमा मंगलबार कास्कीको लालीगुराँस क्लबले लगातार दोस्रो जित दर्ता गरेको छ। अर्को खेलमा कैलालीको विजय स्पोर्टस् क्लब र बर्दियाको जनजागृति युवा क्लबले बराबरी खेलेका छन्। लालीगुराँसले काठमाडौंको चित्लाङ एफसीलाई ३-० ले हराउँदै लिगमा दोस्रो जित निकालेको हो। लालीगुराँसका लागि लछु थापा, आशिष गुरुङ र सुलेमन थापामगरले समान एक गोल गरेका थिए। लालीगुराँसले तीन खेलमा दुई जित र एक खेलमा बराबरी खेलेको छ।

लालीगुराँसले पहिलो खेलमा विजय स्पोर्टस्सँग गोलरहित बराबरी र दोस्रो खेलमा जनजागृतिलाई ४-० गोलले हराएको थियो। विजय स्पोर्टस् र जनजागृति युवाले १-१ को बराबरी खेलेका हुन्। विजयका लागि अरोन थापाले ४१औँ मिनेटमा १-० को अग्रता गोल गरे। जनजागृतिका हरिहर बुढामगरले ९४औँ मिनेटमा बराबरी गोल फर्काए।

विजय स्पोर्टस् चार खेलमा अपराजित छ। उसले एक जित र तीन खेल बराबरी नतिजा निकालेको छ। लिगकम नकआउट प्रणालीअनुसार चलिरहेको एन्फा प्रेसिडेन्ट लिगमा १० टोली सहभागी छन्। २ मंसिरसम्म चल्ने प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख रुपैयाँ प्राप्त गर्नेछन्।

यल्लो फिभर खोप नलगाएपछि अर्जेन्टिनाका तीन खेलाडी बाहिरिए

एजेन्सी



यल्लो फिभर नामको भ्याक्सिन नलिएका कारण अर्जेन्टिनाका जुलियन आल्भारेज, नाहुएल मालिना र जियोलियानो सिमियोनाले एंगोलाविरुद्धको मैत्रीपूर्ण खेल गुमाउने भएका छन्। अर्जेन्टिनाले यस वर्षको अन्तिम मैत्रीपूर्ण खेल अफ्रिकी महादेशमा १४ नोभेम्बरमा खेल्दै छ। विश्व स्वास्थ्य संस्थाले अफ्रिकी महादेशमा जानुअघि यल्लो फिभर नामको खोप लिनुपर्ने अनिवार्य गरेको छ। तर, अर्जेन्टिनाका तीन खेलाडीले भने खोप लिएका छैनन्।

अर्जेन्टिनी फुटबल महासंघले खोप नलिएका खेलाडीलाई मैत्रीपूर्ण खेलबाट बाहिर राखेको जनाएको हो। गत साता महासंघले खेलाडीको नाम घोषणा गर्दा आल्भारेज, मालिना र सिमियोनाले स्थान पक्का गरेका थिए। 'यल्लो फिभरको खोप नलिएका कारण उनीहरूलाई टोलीबाट हटाइएको हो,' महासंघले मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ। एंगोला प्रस्थान गर्नुअघि तीनजना प्रमुख खेलाडी बाहिरिएपछि महासंघले अन्तिम समयमै खेलाडी फेरबदल गरेको छ। अर्जेन्टिनाका मुख्य प्रशिक्षक स्कोलानीले खेलाडीलाई जानकारी हुँदा पनि हेलचेक्र्याइँ गरेको बताए। 'हामी विश्वकपको तयारीमा छौँ। जिम्मेवार खेलाडीले भ्याक्सिन लिनुपर्ने थाहा छ। तर, उनीहरूले लिएनन्,' स्कोलानीले भने, 'मैत्रीपूर्ण खेलसँगै विश्वकपको तयारीमा केही असर नगरे पनि टोलीको संरचना बिग्रन सक्छ।'

भरपर्दा खेलाडी चोटग्रस्त

मुख्य प्रशिक्षक स्कोलानीले एंगोलाविरुद्धको प्रतिस्पर्धामा नियमित खेलाडीलाई मैदानमा उतार्न सक्ने अवस्था छैन। चेल्सीका मिडफिल्डर एन्जो फर्नान्डेज पनि घुँडाको चोटका कारण टोलीबाट बाहिरिएका छन्। यसैगरी, मार्कोस अकुना पनि पहेँलो कार्डका कारण टोलीबाट बाहिर छन्। फर्नान्डेजको स्थानमा केभिन म्याक एलिस्टरले स्थान लिनेछन्। एलिस्टरले पहिलोपटक राष्ट्रिय टोलीमा स्थान बनाएका हुन्। बेल्जियमको युनियन सेन्टमा व्यावसायिक फुटबल खेलिरहेका डिफेन्सिभ मिडफिल्डर एलिस्टरले पहिलोपटक राष्ट्रिय जर्सीमा देखिन पाउँदा आश्चर्य व्यक्त गरेका छन्। 'एकैपटक राष्ट्रिय टोलीमा समावेश भएको फोन आयो,' एलिस्टरले भने, 'अर्जेन्टिनाको जर्सीमा प्रतिस्पर्धा गर्नु सपना हो। यस किसिमले मेरो नाम समावेश हुन्छ भन्ने कल्पना थिएन।' स्कोलानीले इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडका डिफेन्डर लिसान्द्रो मार्टिनेजलाई टोलीमा समावेश गरेका छन्।

विश्वकपको तयारी

अर्को वर्ष अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा विश्वकप आयोजना गर्दै छन्। अर्जेन्टिना विश्वकपको साविक विजेता हो। अर्जेन्टिनाले उपाधि रक्षा गर्ने हेतु नियमित प्रशिक्षण तथा मैत्रीपूर्ण खेलमा खेलाडीलाई प्राथमिकतामा राखेको छ। यसपटक अर्जेन्टिनाले दोस्रो विकल्पमा अफ्रिकी राष्ट्र छनोट गरेको हो। अहिले अर्जेन्टिनाले स्पेनमा प्रशिक्षण गरिरहेको छ। प्रशिक्षक स्कोलानीले मैत्रीपूर्ण खेल महत्त्वपूर्ण हुने जनाए।

खेल संक्षेप

टाइब्रेकरमा कामपा वडा ६ विजयी

काठमाडौं/ प्रयागराज सिंह सुवाल स्मृति अन्तरवडा फुटसल प्रतियोगितामा मंगलबार काठमाडौं महानगर पालिकाअन्तर्गतका वडा ६ र वडा १३ ले सहज जित निकालेका छन्। वडा ६ ले टाइब्रेकरमा वडा २० लाई हराएको हो। लैनचौर फुटसल मैदानमा भएको पहिलो खेलमा वडा १३ ले आयोजक वडा २३ लाई ७-० को फराकिलो गोलअन्तरले हरायो। वडा १३ का लागि विकेस शाहीले ह्याट्रिक गरे। अर्को खेलमा वडा २४ ले वडा १९ माथि १-० को कठिन जित निकाल्यो। तेस्रो खेलमा वडा १४ ले वडा २५ लाई ८-० ले हरायो। अन्तिम खेलमा वडा ६ ले वडा २० लाई टाइब्रेकरमा ५-४ ले निराश बनायो।

ज्ञान निकेतन प्रिक्वार्टरफाइनलमा

काठमाडौं/ कन्स्टिलेसन र ज्ञान निकेतन १७औँ टिआइए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषतर्फ मंगलबार प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन्। टिआइएको कोर्टमा भइरहेको प्रतियोगितामा कन्स्टिलेसनले हेम्सलाई ५३-५० ले पराजित गर्‍यो। कन्स्टिलेसनको जितमा सो दिन तामाङले २२ स्कोरको योगदान गरे। ज्ञान निकेतनले जोनडेवीलाई ३०-१७ ले हरायो। अर्को खेलमा एलआरआईले काठमाडौं युरोलाई ३३-२० ले पाखा लगाउँदै प्रिक्वार्टरफाइनलमा स्थान सुरक्षित गर्‍यो। एलआरआईका आश्रित थापाले १० स्कोर गरे। पुरुषतर्फ स्किब्स, विल्सन एकेडेमी, बिएमसिए, अपी स्कुल, भ्याली पब्लिक र युरो स्कुल पनि प्रिक्वार्टरफाइनलमा पुगेका छन्।

सूचना

यस ईशान बाल तथा महिला अस्पतालको ओपिडी सेवा वर्षभरि हप्ताको सातै दिन वरिष्ठ विशेषज्ञहरूद्वारा बिहान ७:०० बजेदेखि बेलुका ८:०० बजेसम्म सञ्चालनमा रहेको जानकारी सम्पूर्ण महानुभावहरूलाई गराउदछौं।



हरेक दिन सबै प्रकारका निजी खोप र सरकारी खोप (सोमबार र बिहीबार) लगाईन्छ।

२४ सै घण्टा नवजात तथा बाल रोग, नवजात तथा बाल शल्य, स्त्री तथा प्रसुति, हाडजोर्नी तथा अन्य विशेषज्ञहरूबाट सम्बन्धित विषयको सेवाहरू उप्लब्ध रहेको सहर्ष जानकारी पनि गराउदछौं।

विस्तृत जानकारीका लागि
०१-४९५९५६०/९८४६९९१६६९ मा सम्पर्क गर्नुहोला

SERVICES AVAILABLE
- Neonatal, Pediatric & Adolescent Surgery
- Pediatric Urology
- Pediatric Laparoscopic Surgery
- Gastro Surgery
- Obstetrics & Gynecology
- Orthopedic Surgery
- IVF (Infertility Clinic)
- ENT Surgery
- Dental Surgery
- Ophthalmology Surgery
- ICU (NICU,PICU) & HDU
- Neonatal, Pediatric & Adolescent Medicine
- Pediatric Hematology-Oncology
- Pediatric Gastroenterology
- Pediatric Pulmonology
- Pediatric Nephrology
- Pediatric Cardiology
- Pediatric Neurology
- Pediatric Neurodevelopment
- Pediatric & Adolescent Psychiatry
- Dermatology & Venerology
- Physiotherapy & Rehabilitation
- Ambulance

ईशान बाल तथा महिला अस्पताल प्रा. लि.
ISHAN CHILDREN AND WOMEN'S HOSPITAL PVT. LTD.
Tokha-5, Basundhara, KTM, **Website:** www.ishanhospital.com.np
ISO 9001:2015

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धि १५ दिने गोप्य शिलवन्दी बोलपत्र आब्हान गरिएको सूचना

मिति : २०८२/०७/२६

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरूले ऋण कर्जा लिदाको बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य लेना रकम आदी चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले देहाए अनुसार ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीले कर्जाको साँवा, ब्याज तथा अन्य लेना रकम भुक्तान नगरेको हुँदा ऋण कर्जा उपभोग गरे वापत संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरू जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलवन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी संस्थाको लेना रकम अशुल उपर गरी लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पती खरिद गर्न इच्छुक व्यक्ती तथा संस्थाले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रहि गोप्य शिलवन्दी वोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तीको लिलाम बिक्री हुन नसकेको खण्डमा संस्थाले धितो सकार गर्न सक्ने छ। वित्तीय संस्थाको नाममा दा.खा. भइ आए पश्चात बिक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता अशुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानीकर्ताहरूको घर घरानावाट अशुल उपर गर्न अशुली प्रक्रीया अगाडी वढाइने व्यहोरा समेत यसै सूचना वाट जानकारी गराइन्छ। साथै ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने माहानुभावहरूलाई समेत कालोसूचिमा समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानेर ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनु हुने व्यक्तिहरूले लिलाम बिक्री हुने दिन अगावै वित्तीय संस्थामा उपस्थित भएर बाकी बक्यौता रकम चुक्ता भुक्तान गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण

१) **ऋणीको नाम : कालीमाटी सेकुवा कर्नर एण्ड भोजनालय**
दर्ता नं. : १०५५९
दर्ता मिति : २०७७/०९/०७
(घरेलु तथा साना उधोग कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं)
ठेगाना : काठमाण्डौ म.न.पा.१३, काठमाण्डौ
स्थायी लेखा नं. : ६०६४५२७६८
स्थायी लेखा दर्ता मिति : २०७४/०५/०८
कर्जा शिर्षक : व्यापारिक कर्जा
शाखा कार्यालय : जीतपुर शाखा, बारा

प्रोपराइटर/जमानतकर्ताको विवरण जमानतकर्ताको विवरण

नाम : कुलदीप श्रेष्ठ
बाबु : यम बहादुर श्रेष्ठ
बाजे : खडक प्रसाद श्रेष्ठ
पत्नि : नानु श्रेष्ठ
ठेगाना : प्रगतिनगर-०४, नवलपरासी
हाल : काठमाण्डौ-१३, काठमाण्डौ
ना.प्र.नं : २६९८
जारी मिति/जिल्ला : २०५१/१२/०५, नवलपरासी

क) नाम : नेहा श्रेष्ठ
बाबु : हरि बहादुर श्रेष्ठ
बाजे : पदम बहादुर श्रेष्ठ
ठेगाना : गढीमाई-०२, बारा
हाल : काठमाण्डौ-१३, काठमाण्डौ
ना.प्र.नं. : ३३२१०१/४६०४५
जारी मिति/जिल्ला : २०७३/०३/०५, बारा

धितो सुरक्षणमा राखिएको सम्पतिको विवरण : घरजग्गा
धितो दिने/जग्गाधनीको नाम : कुलदीप श्रेष्ठ

जिल्ला	गा.वि.स/न.पा	वडा नं/नक्सा सिट न	कित्ता नं.	क्षेत्रफल (वि.क.धु.क)	कैफीयत
बारा	पिप्रासिमरा	२/२	१३५९ १३६०	०-०-७० (११८.५१ व.मि) ०-०-३० (५०.७९ व.मि)	सो जग्गामा निर्माण भएका तथा भविष्यमा निर्माण हुने सम्पुर्ण संरचनाहरू तथा उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

३५ दिने सार्वजनिक सूचना मिति : २०८१/०७/०८ (कारोबार राष्ट्रिय दैनिक पत्रिका)
१५ दिने लिलाम सम्बन्धि प्रथम पटक सूचना प्रकाशित मिती : २०८१/०९/२५ (कारोबार राष्ट्रिय दैनिक पत्रिका)
१५ दिने लिलाम सम्बन्धि दोश्रो पटक सूचना प्रकाशित मिती : २०८१/११/११ (नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिका)

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु
१. बोलपत्र आवेदन फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, तथा सम्बधित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (अक्षरुपी : एक हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी जम्मा गरी प्राप्त गर्न सकिने छ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लेखित धितो सुरक्षणहरू सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्र साथ आफूले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस वित्तीय संस्थाको धरौटी खातामा नगद जम्मा गरेको भौचरको प्रति वा यस वित्तीय संस्थाको नाममा खिचिएको गुड फर पेमेन्ट चेक/ड्राफ्ट समेत गोप्य शिलवन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शीलवन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तीको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, स्थाई लेखा नम्बर दर्ता प्रमाण पत्र, कर चुक्ता/दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपी पेश गर्नुपर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र धरौटी रकम बाहेक बाँकी बोलकबोल रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भै धरौटी रकम स्वतः जफत हुनेछ।
८. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ती बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
१०. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
११. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ।
१२. अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र खोलिने मिती र स्थान
बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०८/१०

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको 'ग' वर्गको वित्तीय संस्था
गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.
प्रधान कार्यालयः गुहेश्वरी भवन, हरिहरभवन, पुल्चोक, ललितपुर
फोनः ०१-५४५०४०६, ५४३७४०७, E-mail: gmbf@gmbf.com.np/web: www.gmbf.com.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com